परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक भैरवनाथ रिमालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यका कविता, गीत, निबन्ध, नाटक विधामा सृजनात्मक योगदान दिएका रिमालको जन्म वि. सं. १९९३ माघ २ गते सोमवारका दिन काठमाडौं, ठमेल गल्कोपाखामा भएको हो । उनका बुबाको नाम गोपीनाथ रिमाल र आमाको नाम यमुनादेवी रिमाल हो । हाल उनका आमा-बुबाको देहान्त भइसकेको छ । वर्तमान समयमा उनी र उनको परिवार काठमाडौंको चावहिलमा बसोबास गरिरहेका छन् । सामान्य शिक्षा हासिल गरेका भए पनि २०१६ सालदेखि श्री ५ को सरकारको रक्षा, शिक्षा, सूचना, मुद्रण आदि कार्यलयमा एकपछि अर्को गर्दै ३३ वर्षसम्म जागिरे जीवन बिताएका थिए । २५ वटा रचनात्मक कृतिहरू प्रकाशित गराइसकेका छन् भने रेडियो नेपालमा ६२५ वटा गीत रेकर्डिङ् गराएका छन् । यस्ता साहित्यिक साधना गरिसकेका ‘कदम’ले आफूलाई विभिन्न गीत तथा कविता प्रतियोगितामा पुरस्कृत पनि गराएका छन् । उनले आफ्नो जीवनकालमा गो.द.बा. लगायत विभिन्न मान तथा पदकहरू प्राप्त गरिसकेका छन् । यसरी आफ्नो जीवनमा कवि, नाटककार, गीतकार, समालोचक र कर्मचारी जीवन विताइसकेका ‘कदम’ हाल वि.सं. २०१० को दुर्घटनाका कारण श्रवण शक्तिविहीन जीवन छोरा अभिषेकको संरक्षणमा विताइरहेका छन् ।

## १.४ शोधसमस्या

लेपाली साहित्यका क्षेत्रमा कविता विधाका साथै निबन्ध र नाटक विधामा पनि कलम चलाइसकेका साधकका रूपमा भैरवनाथ रिमाल देखा पर्दछन् । नेपाली साहित्यका क्षेत्रमा उनले गरेको योगदानको त्यति चर्चा पाइन्दैन र उनको जीवनी, व्यक्तित्व र कृतित्व पक्षको समग्र रूपमा अध्ययन पनि भएको देखिन्दैन । अतः रिमालका जीवनी, व्यत्तित्व र कृतित्वको अध्ययनमा निम्न लिखित शोध समस्याहरू रहेका छन् –

क. भैरवनाथ रिमालको जीवनी के-कस्तो छ ?

ख. भैरवनाथ रिमालको व्यक्तित्व के-कस्तो छ ?

ग. भैरवनाथ रिमालको कृतिहरूको कसरी अध्ययन गर्न सकिन्छ ?

घ. भैरवनाथ रिमालले नेपाली साहित्यमा कस्तो योगदान पुर्‍याएका छन् ?

१.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् –

क. भैरवनाथ रिमालको जीवनीको अध्ययन गर्नु ।

ख. भैरवनाथ रिमालको व्यक्तित्वको अध्ययन गर्नु ।

ग. भैरवनाथ रिमालका कृतिहरूको अध्ययन गर्नु ।

घ. भैरवनाथ रिमालले नेपाली साहित्यमा पुर्‍याएका योगदानको अध्ययन गर्नु ।

१.६ अध्ययनको औचित्य, महत्त्व तथा उपयोगिता

लामो समयदेखि नेपाली साहित्यको कविता क्षेत्रका साथै निबन्ध र नाटक विधामा पनि निरन्तर सेवा र साधना गर्दै आएका भैरवनाथ रिमालको साहित्यिक सृजनाका बारेमा अध्ययन अनुसन्धान नभएको सन्दर्भमा यो शोधकार्य हुनु औचित्यपूर्ण देखिन्छ । नेपाली साहित्यका क्षेत्रमा रिमालका प्रकाशित कृतिले पुर्‍याएको योगदानको अध्ययन तथा विश्लेषण हुनुले यस शोधकार्यको महत्त्व समेत पुष्टि गर्दछ । रिमालको व्यक्तित्व र कृतित्वको व्यापक अध्ययन गर्दा रिमाल र उनका कृतिका बारेमा अध्ययन गर्न चाहने अध्येता तथा जिज्ञासु पाठकलाई यस शोधकार्यले आवश्यक सहयोग गर्ने अपेक्षा राखिएको छ । उक्त कारणहरूले गर्दा यसको औचित्य, महत्त्व तथा उपयोगिता पनि सिद्ध हुन्छ ।

१.७ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका क्षेत्रमा योगदान पुर्‍याउने भैरवनाथ रिमाल तथा उनका कृतिका बारेमा भएका कार्यहरूलाई निम्नानुसार देखाउन सकिन्छ –

सूर्य विक्रम ज्ञवालीले भैरवनाथ रिमाल ‘कदम’को झझल्को (२०२५) राष्ट्रिय रचना सङ्ग्रहको भूमिका खण्डमा ‘कदम’लाई बहिपत्र मिलाउने काम गर्ने व्यक्ति भएर पनि कविता देवीको आराधना गरेकोमा धन्यवाद दिएका छन् । ठूला-ठूला मान्य कविहरूसँग उठबस छ त्यसकारण उहाँले कविताको मर्म बुझेर सरल र चित्ताकर्षक भाषामा कविता लेख्नुहुन्छ भनी कदमको कवि गुणको प्रशंसा गरेका छन् ।

भीमनिधि तिवारीले 'कदम'को ढुङ्गाको मूर्ति (२०२५) राष्ट्रिय कविता सङ्ग्रहको मन्तव्यमा ढुङ्गाको मूर्ति गीतसङ्ग्रहलाई राष्ट्रिय भावना फागुन मासमा गुराँसझैँ मनोहर भएको छ भनी उक्त सङ्ग्रहको कालान्तरसम्म मानिसको कण्ठमा बसिरहनेछन् भनी टिप्पणी गरेकाछन् । भैरव अर्यालले कदमको ढुङ्गाको मूर्ति (२०२५) राष्ट्रिय गीतसङ्ग्रहको भूमिका खण्डमा देशको प्राकृतिक गरिमा, ऐतिहासिक महिमा र जातीय वैशिष्ट्यहरूप्रति भमरा र आस्थाका सुसेली हाल्नुभएको कुरा व्यक्त गरेका छन् । यसैक्रममा धर्मराज थापाले पनि नेपालको अलौकिक सौन्दर्य र सत्यको वर्णन हो ढुङ्गाको मूर्ति भनेका छन् ।

प्रेममान डंगोल (डंगोल, २०२६)ले कदमका रचनाहरू बारे बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, सूर्यविक्रम ज्ञवाली आदि विद्वान साहित्यकारहरूको दृष्टिकोणहरू सङ्कलन गरी आफ्नो पनि तर्क प्रस्तुत गरेका छन् । जसमा बालकृष्ण समले कदमलाई राष्ट्रिय भावका कविता, गीत लेख्ने, लोकलयको साधना गर्ने र माधव घिमिरेले सानै उमेरदेखि कविता साधनामा लागेर विविध छन्दमा राष्ट्रिय भावका कविता लेख्ने भनी टिप्पणी गरेका छन् । सिद्धिचरण श्रेष्ठले कदमको राष्ट्रिय सवाई काव्य(२०३१)को भूमिका खण्डमा नेपाली समाजमा भिजेको सवाई छन्दको प्रयोग आफ्ना कवितामा गरेकाले कदमलाई धन्यवाद दिएका छन् । साथै नेपालका गौरवहरू झल्काउँदै यसका डाँडा काँडा वन गौचर र खोला नालाहरूको राम्रो वर्णन भएको कुरा व्यक्त गरेका छन् ।

नारायण गोपालले कदमको कृति हरेक प्रहर अनेक लहर(२०३५) कविता सङ्ग्रहको भूमिका खण्डमा कदमलाई जनमानसमा राष्ट्रिय भाव उत्पन्न गराउने कवि, लेखक, कलाकारका रूपमा चिनाएको देखिन्छ ।

लैनसिंह वाङ्देलले कदमको कृति शून्य शिला (२०३१) कविता सङ्ग्रहको मन्तव्य लेखमा प्रस्तुत कृति राष्ट्रिय तथा आधुनिक कविता सङ्ग्रह भएको टिप्पणी गरेका छन् । साथै उक्त खण्डमा सम र ज्ञवालीको शुभकामना पनि रहेको छ जसमा कदमलाई आधुनिक कविको रूपमा चिनाइएको छ ।

मङ्गलदेव परियारले 'कदम'को कृति नेमुनिको सपना(२०३३) कवितासङ्ग्रहको भूमिकामा कदमलाई टि.एस. इलियटको मार्गमा हिंडेको कवि भनी उल्लेख गरेका छन्।

क्षेत्रप्रताप अधिकारीले कदमको कृति जीन्दगीका पानाभरि (२०४६) कविता सङ्ग्रहको भूमिका खण्डमा कदमले रचेका ३९१ वटा रचनाहरू रेडियो नेपालबाट प्रसारित भइसकेको र प्रस्तुत कृति राष्ट्रिय सेवाका लागि तयार भएको कुरा व्यक्त गरेका छन् ।

कालीप्रसाद रिजालले कदमको कृति कहाँ छैन आँसु कविता सङ्ग्रह (२०५५) को भूमिकामा कदमलाई जनमानसको अवस्थाको पीर मार्काको गीत लेख्ने कविका रूपमा चित्रण गरेका छन् ।

डा. खगेन्द्रप्रसाद लुइँटेलले कविता सिद्धान्त र नेपाली कविताको इतिहास (२०६०) पुस्तकमा कदमलाई स्वच्छन्दतावादी कविहरूको कित्तामा राखी उनका काव्यकृतिको सूचना पनि दिएका छन् ।

कैलाश भण्डारीले साहित्यकार भैरवनाथ रिमाल 'कदम' (२०६५) नामक जीवनीमा कदमका सम्पूर्ण जीवनी, साहित्यिक यात्रा, गीतियात्रा, विचार/दृष्टिकोण आदिको बारेमा वर्णन गरेका छन् ।

कैलाश भण्डारीले स्रष्टाहरूको दृष्टिमा भैरवनाथ रिमाल (२०६३) कृतिको लेखन सम्पादन गरी विभिन्न लेखकहरूले के-कसरी कदमलाई चिनेका थिए; त्यसको बारेमा जानकारी गराएका छन् ।

उपर्युक्त विद्वान तथा समालोचकहरूले भैरवनाथ रिमाल 'कदम' र उनका कृतिहरूको परिचयका क्रममा जे- जति भनाइहरू उल्लेख गरेका छन्; तिनले कवि तथा लेखक कदमको सम्पूर्ण जीवनी, व्यक्तित्व र कृतित्व पक्षलाई समेट्न अक्षम देखिएका छन् । अतः उनको सम्पूर्ण जीवनी, व्यक्तित्व र कृतिको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

## १.८ शोधकार्यको सीमा

प्रस्तुत शोधपत्रको क्षेत्र भैरवनाथ रिमाल 'कदम'को जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन हो । तसर्थ उनको जीवनी तथा व्यक्तित्वका साथै वि.सं. २०६१ सम्म प्रकाशित कृतिहरूको मात्र अध्ययन तथा विश्लेषण गरिएको छ ।

## १.९ सामाग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यलाई विश्वसनीय तथा पूर्ण प्रामाणिक बनाउन प्राथमिक तथ्याङ्कका रूपमा शोधनायकसँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता लिइएको छ । भैरवनाथ रिमाल र उनको परिवारका अन्य सदस्यसँग सम्पर्क राखी आवश्यक जानकारी लिइएको छ भने द्वितीय तथ्याङ्कका रूपमा उनका बारेमा लेखिएका लेख तथा विभिन्न पुस्तकाकार कृतिहरू- बाट पनि आवश्यक सामाग्री सङ्कलन गरिएको छ । शोधविधिका रूपमा भने वर्णनात्मक र विश्लेषणात्मक विधिलाई प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई जम्मा ६ परिच्छेदमा विभाजन गरिएको छ र प्रत्येक परिच्छेदमा मूल शीर्षक राखी आवश्यकता अनुरूप उपशीर्षक राखेर विस्तृत अध्ययन गरिएको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : भैरवनाथ रिमाल 'कदम'को जीवनीको अध्ययन

परिच्छेद तीन : भैरवनाथ रिमाल 'कदम'को व्यक्तित्वको अध्ययन

परिच्छेद चार : भैरवनाथ रिमाल 'कदम'का कृतिहरूको अध्ययन

परिच्छेद पाँच : नेपाली साहित्यमा भैरवनाथ रिमाल 'कदम'को योगदानको विवेचना

परिच्छेद छ : उपसंहार

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

## परिच्छेद दुई

# भैरवनाथ रिमाल 'कदम'को जीवनी

### २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवनभोगाइ के-कस्तो छ भन्ने कुराको अध्ययन गर्न उसको जीवनयात्राका क्रममा घटेका घटनाहरू तथा आरोह र अवरोहहरू बुझ्न आवश्यक हुन्छ । जीवनका आरोह, अवरोह तथा विभिन्न समय र प्रकारका घटनासन्दर्भहरूले व्यक्तिको जीवनी बुझ्न सहयोग गरिरहेको हुन्छ । सबै मानिसको जीवनमा घटेका घटनाहरूले कुनै न कुनै महत्त्वपूर्ण स्थान लिइरहेकै हुन्छन् । फरक यत्ति हो, कसैको जीवनीलाई धेरैले बुझ्न खोज्छन् र कसैको चाहिँ निरर्थक जीवन व्यतीत हुन्छ । व्यक्तिको जीवनभोगाइ बुझ्ने क्रममा उसको पारिवारिक स्थिति, सामाजिक स्थिति, आर्थिक स्थिति आदिको अध्ययन गर्नु आवश्यक हुन्छ । त्यसैले यहाँ नेपाली साहित्यका क्षेत्रमा लागेका भैरवनाथ रिमाल 'कदम'को जीवनी बुझ्नका लागि जन्मदेखि अहिलेसम्म भए-गरेका कामहरू तथा घटनाहरूका साथै सामाजिक, आर्थिक, पारिवारिक स्थिति आदिको अध्ययन गरिएको छ ।

### २.२ जन्म र जन्मस्थान

नेपालको मध्यमाञ्चल विकासक्षेत्रमा रहेको वागमती अञ्चल अन्तर्गत काठमाडौं जिल्लाको ठमेल, गल्कोपाखामा वि.सं. १९९३ माघ २ गतेका दिन पिता गोपीनाथ रिमाल र माता यमुनादेवी रिमालका कोखबाट भैरवनाथ रिमालको जन्म भएको हो ।[ञ] तत्कालीन समयमा उनका हजुरबा पण्डित कृष्णप्रसाद रिमाल संस्कृत साहित्यका विद्वान् थिए भने पिता गोपीनाथ रिमाल केशरमहलमा सुब्बा थिए ।[ट]

हाल उनीभन्दा माथिका पुस्ताको देहान्त भइसकेको छ अथवा हजुरबा र हजुरआमा लगायत बुबा-आमाको मृत्यु भइसकेको छ ।[ठ]

### २.३ बाल्यकाल

भैरवनाथ रिमाल 'कदम' को बाल्यकाल सुखसँग नै बितेको थियो, तर उनको यौवनावस्थाको प्रवेशसँगै उनका बुबा गोपीनाथ रिमालले अर्की श्रीमती ल्याएपछि उनका दुःखका दिन सुरु भएको पाइन्छ ।[ड] भर्खरै उत्तर बाल्यावस्था पार गरेर १०/११ वर्षको यौवनावस्थामा प्रवेश गर्दा नगर्दै उनका बुबा गोपीनाथ रिमालकी कान्छी श्रीमती तथा उनकी

[ञ] शोधनायक बाट प्राप्त जानकारीअनुसार
[ट] ऐजन
[ठ] ऐजन
[ड] ऐजन

सौतेनी आमा उमादेवी रिमालले उनलाई ज्यादै दुःख दिन थालिन् र यति सानै उमेरमा आफूले पाएको दुःखले उनी साह्रै चिन्तित र मर्माहत भएका थिए ।[छ]

एकदिन भैरवनाथ रिमाल आफ्नी सौतेनी आमाको पीडालाई सहन नसकी विद्यालय जान्छु भनी घरबाट निस्के । उनलाई सौतेनी आमाको पीडाले ज्वरो आएको थियो । आफूलाई ज्वरोले बेस्सरी सताएपनि घरमा गएपछिको पीडा र दुःख सम्झेर उनी घर फर्केनन् । घरमा नगई उनी साथीकोमा गए । उनको पीडालाई उनका साथीले बुझेर आफ्नो सामर्थ्यअनुसार औषधी-उपचार गरे ।[ट]

छोरो घर नफर्केकोले आफ्नी आमा यमुनादेवी रिमाल ज्यादै चिन्तित भइन् तर भैरवनाथ रिमालका बुबा र सौतेनी आमाले कुनै चासो देखाएनन् । त्यसपछि उनकी आमा यमुनादेवी आफ्नो छोरो खोज्न यताउता लागिन्, तर छोरालाई कतै नपाएपछि झन चिन्तित भएर बहिनी मनदेवी र ज्वाइँ लक्ष्मीप्रसाद देवकोटाकहाँ पुगिन् ।[ठ] यमुनादेवीको कुराले देवकोटाको परिवारलाई पनि चिन्तित पाऱ्यो, तर विडम्बना आफ्नै पतिलाई भने छोरो हराएकोमा केही चिन्ता लागेन ।

यमुनादेवीले भैरवनाथ हराएको खबर लक्ष्मीप्रसाद देवकोटा र मनदेवी देवकोटालाई सुनाएपछि लक्ष्मीप्रसाद देवकोटा पनि भैरवनाथ रिमालको खोजी गर्न थाले । जति खोजी गरे पनि उनको केही अत्तोपत्तो थिएन । यता भैरवनाथ भने आफ्नो साथीको घरमा ज्वरोले थलिएक ा थिए । औषधीले पनि ज्वरो नियन्त्रणमा नआएपछि उनका साथीले स्कुल गएर प्रधानाध्यापकलाई सारा वृत्तान्त सुनाए । त्यसपछि प्रधानाध्यापकले लक्ष्मीप्रसाद देवकोटालाई खबर गरेर उनको स्थिति बताएपछि देवकोटाले त्यहाँ गएर रिमाललाई आफ्नै घरमा ल्याएर राखे । भैरवनाथ रिमालका आमाछोरालाई लक्ष्मीप्रसाद देवकोटाले आफ्नो घरमा राखेर भैरवनाथको उपचार गर्न थाले । रिमाललाई ज्वरोले इन्तु न चिन्तु पारेको बेला निस्वार्थ भावनाले सेवा गर्ने साथीको नाम आजका चर्चित वामपन्थी नेता मोहनविक्रम सिंह हो ।[ड]

### २.४ शिक्षा-दिक्षा

भैरवनाथ रिमाल 'कदम'का बाजे पण्डित कृष्णप्रसाद रिमाल संस्कृत साहित्यका विद्वान् भएकाले सर्वप्रथम उनले आफ्नै बाजेबाट शिक्षा पाएका थिए ।[ढ] त्यसपछि उनले बाजेका भानिज पण्डितराज सोमनाथ सिग्द्यालबाट पनि ९/१० वर्षको उमेर अथवा उत्तर वाल्यावस्थासम्म शिक्षा पाएका थिए । पछि उनी काठमाडौंको रानीपोखरीको छेउमा

[छ] ऐजन
[ट] ऐजन
[ठ] ऐजन
[ड] ऐजन
[ढ] ऐजन

रहेको दरवार स्कुलमा भर्ना भए ।[ज्ञण] आफ्ना बुबा गोपीनाथ र सौतेनी आमा उमादेवीको आफूप्रतिको असहयोगी व्यवहारले गर्दा उनले विद्यालयमा धेरै समय अध्ययन गर्न पाएनन् । उनका हजुरबा कृष्णप्रसाद र हजुरबाका भानिज सोमनाथ सिग्द्यालबाट पाएको शिक्षा नै उनको जीवनको मुख्य शिक्षा तथा दीक्षा भएको पाइन्छ । त्यसपछि उनी महाकवि लक्ष्मीप्रसाद देवकोटाको घरमा बस्न थालेपछि देवकोटा तथा अन्य विद्वान् व्यक्तित्वहरूको संसर्ग तथा सान्निध्यले गर्दा उनले थप शिक्षा-दीक्षा पाउने अवसरहरू प्राप्त गर्दै गएको पाइन्छ ।[ज्ञज्ञ]

### २.५ दाम्पत्य जीवन र पारिवारिक स्थिति

भैरवनाथ रिमाल 'कदम'को वि.सं. २००७ सालमा चौध वर्षको उमेरमा खिलकुमारी- सँग धार्मिक विधिविधानअनुरूप वैवाहिक सम्बन्ध गाँसियो ।[ज्ञद्द] उनका चार छोरीहरू मीरा, शोभना, रेखा, अम्बिका र एक छोरा अभिषेक गरी पाँच सन्तान छन् ।[ज्ञघ] वि.सं. २०३२ सालमा श्रीमती र परिवारको सहयोगबाट उनले चावहिल वडा नं. ७ को बुलबुलेमा आफ्नै घर बनाएर बस्दै आएका छन् ।[ज्ञढ] त्यसपछि भने उनको जीवन सामान्य रूपमा व्यतीत हुँदै गयो ।[ज्ञछ] यसरी आनन्दसँग बस्दै जाँदा वि.सं. २०६० साल असार २ गते भैरवनाथ रिमालकी श्रीमती खिलकुमारीको मृत्युले उनलाई ज्यादै मर्माहत तुल्यायो । त्यसपछि उनी आफ्नो छोरो अभिषेकसँग बसिरहेका छन् ।[ज्ञट]

भैरवनाथ रिमाल 'कदम'ले आफ्ना बुबाबाट माया पाएनन् । यसैक्रममा केही समयपछि २०१२ सालमा आमा यमुनादेवीको मृत्यु भएपछि आमाको मायाबाट पनि सदाका लागि वञ्चित भए । आमाको मायाबाट वञ्चित हुँदा वा आमालाई गुमाउँदा उनी साह्रै दुःखी भए । आफूले रचेका कृतिहरू वा आफ्नो साहित्यिक प्रगति आफ्नी आमालाई सुनाउन वा देखाउन नपाएकोमा ज्यादै मर्माहत पनि भए ।[ज्ञठ] त्यसको पाँच वर्षपछि वि.सं. २०१७ सालमा बुबा गोपीनाथ रिमालको मृत्यु भयो । त्यसमा उनी दुःखी त भए, तर उनलाई बुबाबाट कुनै पनि किसिमको सदाशयता प्राप्त भएको थिएन ।[ज्ञड]

### २.६ आजीविका

भैरवनाथ रिमाल 'कदम'ले उनका सानोबुबा महाकवि लक्ष्मीप्रसाद देवकोटाको सहयोग र सद्भावले ट्युसन पढाउने काम गर्न थाले ।[ज्ञढ] ट्युशन पढएर आफ्नै खुट्टामा उभिन

---

[ज्ञण] ऐजन
[ज्ञज्ञ] ऐजन
[ज्ञद्द] ऐजन
[ज्ञघ] ऐजन
[ज्ञढ] ऐजन
[ज्ञछ] ऐजन
[ज्ञट] ऐजन
[ज्ञठ] ऐजन
[ज्ञड] ऐजन
[ज्ञढ] ऐजन

सक्ने भएपछि हाँडीगाउँ, विशालनगरमा डेरा गरी बस्न थाले ।[60] उनले २०१६ सालदेखि हालको ‘लोकसेवा’ तथा तत्कालीन ‘निजामती’ पास गरेर सरकारी जागिर पनि खाए । जागिरको क्रममा उनले रक्षा, शिक्षा, सूचना, मुद्रण आदि विभाग तथा कार्यालयहरूमा गरी जम्मा ३३ वर्ष लेखापालको काम गरे ।[61] जागिरको अवकाशपछि केही वर्ष ‘अडिटर’को काम गरेर पनि आफ्नो जीविका चलाए ।[62] हाल पेन्सनलगायत आम्दानीका अन्य स्रोतबाट आएको रकमले घरखर्च चलिरहेको छ ।[63]

### २.७ रुचि

प्रत्येक व्यक्तिको आ-आफ्नै किसिमको रुचि हुन्छ । त्यसैगरी भैरवनाथ रिमाल ‘कदम’को पनि आफ्नै किसिमका रुचि छन् । उनी बाल्यकालदेखि नै गीत, कविता लेख्नमा विशेष रुचि राख्थे र लेख्ने पनि गर्थे ।[64] सबैप्रति समान दृष्टि राख्नुपर्छ भन्ने रिमाल सबैसँग मिलेर बस्न रुचाउँथे । ठूला मानिसको वरिपरि बसेर ज्ञानगुनका कुरा सुन्नु पनि उनको रुचि नै थियो । त्यसैले लक्ष्मीप्रसाद देवकोटाको घरमा बस्दा त्यहाँ आएका बौद्धिक व्यक्तित्वहरूका कुरा सुनेर अनेक प्रकारका ज्ञान लिन्थे । खाने कुरामा उनलाई दाल, भात, तरकारी, अचार तथा चमसुर र पालुङ्गोको साग विशेष मन पर्छ ।[65] उनलाई वासन्ती रङ्गको कमिज-सुरुवाललगायत खद्दरका कपडा मन पर्छ ।[66]

### २.८ स्वभाव

कुनै पनि मानिसको रुचिअनुसारको स्वभाव हुन्छ । भैरवनाथ रिमालको पनि रुचिअनुसारकै स्वभाव पाइन्छ । उनी सबैसँग मिलेर बस्न रुचाउँथे र उनको स्वभाव पनि अति मिलनसार, गम्भीर, अरूप्रति जहिले पनि सकारात्मक भावना राख्ने, सहयोगी र सरल छ ।[67] उनी सीधा-सादा, सरल निश्छल, निष्कपट र धार्मिक व्यक्ति हुन् । उनी बिहान सबेरै उठ्छन् । बिहान चारै बजे उठेर स्नानादि नित्यकर्म पछि भजनमाला भगवत् आदि ग्रन्थको पाठ गर्छन् । आफ्ना आत्मीय मित्रसँग प्रसन्न भएर कुरा गर्नुका साथै आफूभन्दा ठूलालाई आदर, मान-सम्मान र आफूभन्दा सानालाई माया गर्छन् ।[68] आफू कहाँ आउने मित्रहरूलाई खुल्ला दिलले केही न केही उपहार दिएर पठाउने उनको बानी छ । आफ्ना बारेमा लेखिएका लेख, पुस्तक, पत्रिका, पाण्डुलिपि आदि जे-जे भेट्छन् तिनलाई सुरक्षित साथ

---

[60] ऐजन
[61] ऐजन
[62] ऐजन
[63] ऐजन
[64] ऐजन
[65] ऐजन
[66] ऐजन
[67] ऐजन
[68] ऐजन

फाइलिङ्ग गरेर राख्ने गर्छन् ।[द्दढ] उनी साहित्यकार तथा राजनीतिज्ञ विश्वेश्वरप्रसाद कोइराला, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाट्यसम्राट बालकृष्ण सम, भारतीय चलचित्र अभिनेता देवानन्द आदि व्यक्तिहरूसँग हस्ताक्षर मागेर जतनसाथ राख्दै नजिकका साथीलाई देखाएर प्रसन्न हुने गर्दछन् ।[घण]

## २.९ प्रेरणा र प्रभाव

भैरवनाथ रिमाल 'कदम' सानो छँदा ज्यादै मिहिनेती थिए । उनी १०/११ वर्षको हुँदा उनको घरमा सौतेनी आमाको प्रवेश भयो । त्यसपछि सौतेनी आमा लगायत आफ्नै बुबाले पनि उनलाई पीडा तथा यातना दिन थाले ।[घज्ञ] उनका बुबा तथा सौतेनी आमाको कटु व्यवहारले गर्दा यिनीहरूको अगाडि केही गरेर देखाउनुपर्छ भन्ने भवना जागृत भयो र उनले यसलाई प्रेरणाको स्रोत मानेर लेखनकार्य सुरु गरे । उनका बुबा र सौतेनी आमाको आफ्नो सन्तानप्रतिको घृणित व्यवहार नै उनका लागि पहिलो प्रेरणाको स्रोत बन्यो ।[घद्द]

आफ्नो घरमा बस्ने उचित वातावरण नभएपछि भैरवनाथ रिमाल आमाका साथ सानोबुबा (आफ्नी आमाका बहिनी-ज्वाइँ) लक्ष्मीप्रसाद देवकोटाका घरमा बस्न थाले । उनका सानोबुबा लक्ष्मीप्रसाद आफैँ नेपाली वाङ्मयका महान् हस्ति भएकाले उनका घरमा धेरै बौद्धिक व्यक्तित्वको जमघट हुन्थ्यो । यस्ता व्यक्तित्वहरूले पनि भैरवनाथलाई केही गर्नुपर्छ भनेर हौस्याउँथे ।[घघ] उनी प्रत्यक्षतः आफ्नै सानोबुबा महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट प्रेरित र प्रभावित छन् । त्यसपछि देशका ठूला राजनीतिज्ञ तथा साहित्यकार विश्वेश्वरप्रसाद कोइराला, महान नाटककार वा नाट्यसम्राट बालकृष्ण सम आदिबाट पनि उनी प्रेरित र प्रभावित छन् । उनले आफ्नी आमालाई पनि ठूलो प्रेरणाको स्रोतको रूपमा लिएका छन् ।[घद्ध]

## २.१० दुर्घटना

अनेक व्यवधानहरू झेल्दै, सङ्घर्ष गर्दै र उकाली तथा ओराली गर्दै अगाडि बढिरहेका भैरवनाथ रिमालको जीवनमा एउटा दुर्घटना भएको पाइन्छ । त्यस घटनाले गर्दा उनको श्रवणशक्ति घट्यो, तर उनी निराश नभई अगाडि बढिरहे, जीवन यात्रामा लम्किरहे ।[घछ]

---

[द्दढ] ऐजन
[घण] ऐजन
[घज्ञ] ऐजन
[घद्द] ऐजन
[घघ] ऐजन
[घद्ध] ऐजन
[घछ] ऐजन

वि.सं. २०१० सालतिर भैरवनाथ रिमाल एकदिन काठमाडौंको महाराजगञ्जमा साइकलबाट कतै जाँदै थिए । यस्तैमा तीनवटा सवारी साधन, दाउरा बोकेर हिँडेको एकजना यात्रु र उनको साइकल एक-आपसमा जुधे । दाउराको भारी र अरु बाहनमुनि उनी थिचिए । साइकलको ब्रेक चाहिँ उनको कानमा पस्यो र उनी गम्भीर घाइते भए ।[घट] उपचारपछि उनी स्वस्थ त भए, तर उनको कानको सुन्ने शक्ति क्षीण हुँदै गयो । केहीवर्ष अघिसम्म उनी अलि-अलि सुन्थे, तर हाल कान नसुन्ने भई बाँचिरहेका छन् ।[घठ] आफू कान नसुन्ने भएपनि उनले अन्य कार्य गर्न भने छोडेका छैनन् । उनीसँग कसैले कुरा गर्नुपर्दा लेखेर दिनुपर्छ र त्यसको उत्तर उनी दिन्छन् । रेडियो सुन्दा भने ठूलो आवाज बनाएर कानैमा टाँसेर सुन्छन् ।[घड]

मान्छेले राम्रो स्वभाव भएकासँग सङ्गत गऱ्यो भने राम्रै हुन्छ र नराम्रो स्वभाव भएका मान्छेसँग सङ्गत गऱ्यो भने नराम्रै हुन्छ भन्ने उदाहरण भैरवनाथ रिमाल 'कदम'को जीवनमा चरितार्थ भएको छ । देवकोटा राम्रो वा नराम्रो दुवै प्रवृत्ति भएका मानिस थिए । उनको राम्रो पक्ष भनेको कवित्वको अपार प्रतिभा र गुण हो । उनले नेपाली वाङ्मयलाई ठूलो गुण लगाएका छन् । उनको नराम्रो पक्ष भनेको उनी असाधारण तरिकाले चुरोट पिउनु हो । भैरवनाथ रिमाल ११ वर्षदेखि केही समयसम्म देवकोटाको घरमा बसेका थिए । लक्ष्मीप्रसादलाई धेरै चुरोट खाइरहनु पर्ने र त्यसबेला आजभोलिको जस्तो सलाई, लाइटर आदि चुरोट सल्काउन मिल्ने वस्तु बोक्ने चलन थिएन । त्यसकारण देवकोटाले सधैं भैरवनाथलाई चुरोट सल्काएर ल्याउन लगाउँथे । यसरी चुरोट सल्काउँदा सल्काउँदै भैरवनाथमा पनि चुरोट खाने बानी बस्यो र देवकोटालाई पनि जित्नेगरी एकै दिनमा १०/१५ बट्टासम्म चुरोट खान थाले । त्यसको असरले उनी निकै विरामी परे । अपरेशन गरेर हेर्दा उनको आन्द्रा कुहेको पाइयो र त्यो भागको भण्डै एक वित्ता लामो अर्को आन्द्रा जोड्नुपऱ्यो ।[घढ]

यसप्रकार भैरवनाथ रिमालको जीवनीमा ठूलो दुर्घटना भएको पाइन्छ । यति हुँदाहुँदै पनि उनको साधना भने अझसम्म पनि कम भएको छैन । उनी आफ्नो काममा अल्छी नमानी निरन्तर रूपमा लागिरहन्छन् । केही कुराको अनुसन्धान गर्नु परेमा सामग्री सङ्कलनका क्रममा जस्तोसुकै अप्ठ्यारो परिस्थिति भएको ठाउँमा पनि पुग्न पछि पर्दैनन् । यस्ता खालका काममा उनलाई छोराछोरीले सघाउने गरेका छन् । उनकी श्रीमती खिलकुमारी नपढेकी भएपनि आफ्ना पतिको लेखपढ गर्ने कार्यमा दिलोज्यान दिएर लाग्थिन् ।[ढण] यसरी

---

[घट] ऐजन
[घठ] ऐजन
[घड] ऐजन
[घढ] ऐजन
[ढण] ऐजन

यस्तो प्रकारको पारिवारिक सहयोगले गर्दा पनि उनी निरन्तर लेखन साधनामा समर्पित हुन सकेका हुन् ।

## २.११ सम्मान तथा पुरस्कार

कुनै व्यक्तिको कार्यको मूल्याङ्कन गरी उत्कृष्टताका आधारमा उसलाई थप बल, प्रोत्साहन, साहस तथा प्रेरणा मिलोस् भन्ने उद्देश्यले दिइने भौतिक तथा भावनात्मक उपहारलाई नै पुरस्कार भनिन्छ ।[द्धज्ञ] भैरवनाथ रिमालले नेपाली साहित्यको क्षेत्रमा गरेको सिर्जनात्मक कार्य निश्चयनै सम्मान योग्य छ । उनले आफ्नो जीवनकालमा धेरै पुरस्कारहरू पाएका छन् र अभै पनि पाउँदै छन् । उनले हालसम्म प्राप्त गरेका सम्मान तथा पुरस्कारहरूको विवरण यसप्रकार छ :

२०२६ मा नेराप्रप्रद्वारा आयोजित 'कविता महोत्सव'मा तृतीय स्थान प्राप्त गरी पुरस्कृत ।

२०३२ सालमा रेडियो नेपालद्वारा आयोजित 'राष्ट्रिय गीत सम्मेलन'मा भैरवनाथ रिमाल 'कदम' प्रथम स्थान प्राप्त गरी पुरस्कृत ।

२०३७ सालमा रेडियो नेपालद्वारा आयोजित 'आधुनिक गीत सम्मेलन'मा रिमाल प्रथम स्थान प्राप्त गरी पुरस्कृत ।

२०४१ सालमा रत्न रेकर्डिङ्ग संस्थानद्वारा आयोजित 'बृहत् आधुनिक गीत सम्मेलन'मा द्वितीय स्थान प्रप्त गरी पुरस्कृत ।

२०४१ सालमा रत्न रेकर्डिङ्ग संस्थानद्वारा आयोजित 'राष्ट्रिय गीत प्रतिभा खोजी'मा सान्त्वना पुरस्कारद्वारा पुरस्कृत ।

२०४२ सालमा राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित 'अल नेपाल सङ्गीत प्रतियोगिता'मा प्रथम स्थान प्राप्त गरी पुरस्कृत ।

२०४३ सालमा रेडियो नेपालद्वारा आयोजित 'आधुनिक गीत सम्मेलन'मा सर्वश्रेष्ठ पुरस्कारद्वारा पुरस्कृत ।

२०४४ सालमा रत्न रेकर्डिङ्ग संस्थानद्वारा आयोजित 'सङ्गीत प्रतियोगिता'मा सर्वोत्कृष्ट गीत पुरस्कारद्वारा पुरस्कृत ।

२०५२ सालमा छिन्नलता गीत पुरस्कारद्वारा पुरस्कृत ।

२०५४ सालमा रेडियो नेपालको सम्मानित श्रेणीको गीतकारमा स्थापित ।

---

[द्धज्ञ] बुद्धिनाथ अधिकारी, **रमेश गोर्खालीको जीवनी व्यक्तित्व एवम् कृतित्वको विश्लेषण र मूल्याङ्कयान** त्रि.वि अप्रकाशित शोधपत्र,२०५६, पृ १६ ।

२०५५ सालमा  डिजिटल सिम्फोनिक रेकर्डिङ्गद्वारा सम्मानित ।

त्रिशक्ति पट्ट (पाँचौं), गोरखा दक्षिणबाहु (पाँचौं), गद्दी आरोहण पदक, दीर्घ सेवा पदक, जनसेवा पदक, वीरेन्द्र स्वर्ण पदक, ऐश्वर्य स्वर्ण पदक (द्वितिय)-२ आदिद्वारा विभूषित ।[द्धद्द]

२.१२  'कदम' उपनामको सन्दर्भ

आफ्नी सौतेनी आमा र आफ्नै बुबाबाट अपहेलित भैरवनाथ रिमाल एघार वर्षको उमेरदेखि सानोबुबा लक्ष्मीप्रसाद देवकोटाको घरमा बस्न थाले । यसैक्रममा उनले देवकोटाको सान्निध्यमार्फत् आफ्नो कवित्वमा निखार ल्याउने अवसर पाए । यसैगरी नाट्यसम्राट बालकृष्ण समसँग पनि उनको सम्पर्क बढ्दै जान थाल्यो । यस्तै महान् साहित्यकारहरूको सत्सङ्गमा रहेर उनले साहित्यको उत्थानमा आफूलाई स्थापित गराए । त्यसैको फलस्वरूप आफ्ना आदरणीय व्यक्तित्वप्रति सम्मान प्रकट गर्दै कवि शिरोमणि लेखनाथ, नाट्यसम्राट बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाको नामको एउटा-एउटा अक्षर लिएर उनले आफ्नो उपनाम 'कदम' राखेका थिए ।[द्धघ] त्यसमा कविशिरोमणिबाट 'क', लक्ष्मीप्रसाद देवकोटाबाट 'द', र बालकृष्ण समबाट 'म' लिएर उनले आफ्नो उपनाम राखेका हुन् ।[द्धद्ध] यस विषयमा अझ गहिरिएर सोध्दा ती महान् व्यक्तित्वहरूले उनलाई सल्लाह, सुझाव, प्रेरणा दिनुका साथै करुणा, ममता, दया गर्थे । आफू प्रतिको उनीहरूको यस्तो स्नेह र सद्भावले उनी ज्यादै प्रभावित भएका कारण आफ्नो नामका पछाडि तीनै जना व्यक्तित्वको नामको अक्षर मिलाएर 'कदम' शब्द बनाएका हुन् र त्यही 'कदम' ( करुणा+दया+ममता= कदम)  लाई श्रद्धापूर्वक आफ्नो नामको पछाडि जोड्दै आएका हुन् ।[द्धछ]

---

[द्धद्द] कैलाश भण्डारी, **स्रष्टाहरूको दष्टिमा भैरवनाथ रिमाल**, काठमाडौं : सुगन्ध प्रकाशन, २०५६, पृ.५८-५९ ।
[द्धघ] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
[द्धद्ध] ऐजन
[द्धछ] ऐजन

## परिच्छेद तीन

# भैरवनाथ रिमाल‘कदम’को व्यक्तित्व

### ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जीवनमा आउने घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, र जीवनभोगाइबाट अरुलाई प्रभाव पार्न सक्ने आन्तरिक तथा बाह्य निजीपनलाई व्यक्तित्व भनिन्छ । आन्तरिक व्यक्तित्वमा उसको वंशपरम्पराले प्रभाव पारेको हुन्छ । व्यक्तित्व निर्माणमा उसको पारिवारिक, आर्थिक पृष्ठभूमि, सामाजिक सांस्कृतिक अवस्था, विविध परिवेश, उसका साथीसङ्गी र उसको रहनसहन, रुचि, पेसा, सिङ्गो जीवन र जीवनप्रतिको दृष्टिकोण जस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।[द्धट]

उपर्युक्त आधारमा भैरवनाथ रिमाल ‘कदम’को समष्टि व्यक्तित्वलाई केलाउन खोज्दा उनी मूलतः कवि र गीतकार हुन् । उनका व्यक्तित्वका अनेक पाटालाई विभिन्न उपशीर्षकमा राखेर निम्नानुसार अध्ययन गरिएको छ :

### ३.२ बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्व भनेको मानिसको शारीरिक व्यक्तित्व हो । भैरवनाथ रिमाल ‘कदम’को शारीरिक व्यक्तित्व मझौलो आकारको छ । उनको उचाइ पाँच फिट दुई इञ्च र शरीरको वजन ५२ किलो छ । ठूल्ठूला आँखा, ठूलो निधार, फूलेको केश, मिलेको नाक, गोलो-गोलो परेको आकर्षक अनुहार छ । उनी सधैँ प्रशन्न, उज्याला र हँसिला देखिन्छन् । सधैँ दाह्री काटेर चिटिक्क परेर हिड्दा चाहिँ कमिज सुरुवाल लगायत दौरा-सुरुवाल र सर्ट-पाइन्ट पनि लगाउँछन् ।

### ३.३ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भनेको मानिसको अन्तरपक्षसँग सम्बन्धित व्यक्तित्व हो । यसले व्यक्तिको आन्तरिक गुणसँग सम्बन्ध राख्दछ । भैरवनाथ रिमालको स्वभाव अत्यन्त सरल र मिलनसार छ । उनमा मृदुभाषी र सबैसँग उचित व्यवहार गर्ने खालको बानी तथा प्रवृत्ति छ ।[द्धठ] उनको जीवनशैली अत्यन्त सामान्य छ, तर विचार भने उच्च छ । उनी कुनै पनि कुरा आफूसँग लुकाएर राख्न सक्दैनन् । आफ्नो ह्दय उनी सबैसामु खुलाएर देखाउछन् । उनी पारिवारिक रूपमा पनि अत्यन्त सन्तुष्ट देखिन्छन् । उनमा सत्यतथ्य बोल्ने, रोमान्टिक, सधैँ हाँसेर जिउने र कल्पनामा रमाउने प्रवृत्ति पनि पाइन्छ । उनका छोरासँगको सम्पर्कबाट

[द्धट] प्रकाश धिमिरे, **केदार सत्यालको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रियविभाग त्रि.वि. कीर्तिपुर २०६६, पृ १३ ।

[द्धठ] शोधनायकको छोरा अभिषेकबाट प्राप्त जानकारी

पनि यस्तै किसिमको अभिव्यक्ति पाइन्छ । देशभक्तिको भावना, देश निर्माणको धारणा, जातीय गौरव, मिहिनेत र परिश्रमबाट भाग्यको निर्माण, सुन्दरताप्रति आकर्षण आदि उनका चरित्रगत विशेषता भएकाले उनको आन्तरिक व्यक्तित्व उच्च तथा प्रबल रहेको छ । उनको आन्तरिक व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । त्यसैले उनका व्यक्तित्वका पाटाहरूलाई साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई भागमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

अधिकांश साहित्यकारहरूले आफ्नो लेखन यात्रा कविताबाट थालनी गरेको पाइन्छ । त्यसैगरी भैरवनाथ रिमाल ‘कदम’ले पनि आफ्नो साहित्यिक यात्रा अथवा लेखनारम्भ कविताबाट नै गरेको देखिन्छ । यसका साथै उनले गीत, नाटक आदि पनि लेखेको पाइन्छ । उनको साहित्यिक व्यक्तित्वलाई निम्नानुसार अध्ययन गरिएको छ :

#### ३.३.१.१ कवि व्यक्तित्व

भैरवनाथ रिमाल ‘कदम’ले साहित्यिक यात्राको थालनी कविताबाट गरेका हुन् । उनले वि.सं. २००५/०६ सालदेखि लेखनकार्य थालेका भएपनि २००८ साल फागुन ७ गतेको गोरखापत्र *‘राष्ट्रिय दिवस आज’* शीर्षकको कविता प्रकाशित गरेपछि भने औपचारिक रूपमा कविता यात्राको सुरुवात गरेका हुन् । कविता लेख्ने क्रममा उनले फुटकरदेखि खण्डकाव्यसम्म लेखेका छन् । उनका कवितामा २००७ सालको वरिपरिको देशको परिस्थिति, जनताहरूले भोग्नु परेका पीडा, अत्याचारी र अन्यायीबीच खनिएका क्रान्तिकारी भावहरू पाइन्छन् । आफ्ना कविताका सम्बन्धमा उनको दृष्टिकोण यस्तो छ– “मेरा कवितामा मुलुक र मुलुकवासीका समग्र उत्थानका निमित्त सबैलाई जागृत गराउने र सबैलाई उद्यमशील तुल्याउने किसिमका अभिव्यक्तिहरू व्यक्त भएका छन् । यस्ता भावनाहरू मेरा राष्ट्रियताप्रधान सबैजसो कवितासङ्ग्रहमा आएका छन् ।” उनी धेरैजसो झ्याउरे छन्दमा कविता लेख्ने कवि हुन्, तर अन्य छन्दमा कविता लेख्न पनि उनले छुटाएका छैनन् । उनी विभिन्न प्रतियोगिता तथा सम्मेलनमा भाग लिएर कविता वाचन गर्थे । उनका कवितालाई गोरखापत्र लगायत त्यसबेला निस्कने विभिन्न पत्रपत्रिकाले छाप्थे । उनका कवितालाई गोरखापत्र, आयुर्वेदीय, प्रतिभा, पुकार, कोसेली, सुनगाभा, हालखबर, सोभियतभूमि, हिमानी, शिखर, भानु, महिला बोल्छिन्, सिपाही आदि पत्रिकाले विशेष रूपमा छाप्ने गर्थे ।[ढड] उनको कवि व्यक्तित्व उच्च छ ।

#### ३.३.१.२ गीतकार व्यक्तित्व

[ढड] कैलाश भण्डारी, **साहित्यकार भैरवनाथ रिमाल**, काठमाडौं : सुगन्ध प्रकाशन, २०५६, पृ.१२ ।

नेपाली साहित्यका साधक भैरवनाथ रिमाल 'कदम'ले कविताका साथै गीत पनि लेखेका छन् । उनले लेखेको प्रथम गीत २००९ सालमा रेडियो नेपालबाट प्रसारण भएको थियो । त्यसपछि उनी कवि रिमाल मात्रै नभएर गीतकार रिमालका रूपमा पनि चिनिए । उनको प्रथम गीतलाई गोविन्दलाल नेपालीले सङ्गीत दिएका थिए भने किशोरीदेवीले स्वर दिएकी थिइन् । उनको उक्त गीतको सानो अंश यसप्रकार छ :

रुन्छु म राती एक्लो दिलको चिता बनाई
सुनसान यो जगमा राँको ठूलो जगाई
बग्दै थियो नि आँसु ती आँखा दुबै रसाई
गाला र च्यापू धोइ बाटो कतै नपाई ।[ढ्ढ]

उपर्युक्त गीत रेडियोबाट प्रसारित भएपछि उनको गीतियात्रा पनि सुरु भयो । उनको गीतमा जीवन प्रतिको निराश भावनाको कारुणिक कथा-व्यथा पाइन्छ । गीतियात्राका क्रममा उनले लोकगीत तथा आधुनिक गीतहरू पनि लेखेका छन् । उनका गीतलाई नेपालका वरिष्ठ गायक तथा सङ्गीतकारका रूपमा गनिने कलाकारहरू नारायण गोपाल, दीप श्रेष्ठ, शुभबहादुर मोक्तान, अरुण थापा, प्रवेशमान शाक्य, आमविक्रम विष्ट, शर्मिला बर्देवा, नातीकाजी, फत्तेमान, गणेश रत्न, नरेन्द्र प्यासी आदिले स्वर तथा सङ्गीत भरेका छन् । यसप्रकार उनको गीति व्यक्तित्व पनि उच्च भएको परिलक्ष्यित हुन्छ ।

३.३.१.३ नाटककार व्यक्तित्व

भैरवनाथ रिमाल 'कदम'ले नेपाली साहित्यको कविता, गीत आदि क्षेत्रमा मात्र नभई नाटकको क्षेत्रमा पनि हात हालेका छन् । उनको विधिको विधान (२०२७) नामक नाटक बाट यो कुरा प्रष्टिन्छ । उक्त नाटकमा सोझाहरूमाथि जाली-फटाहाले गरेको कुकृत्यलाई नाटकीय ढङ्गमा देखाइएको छ । साथै, सत्यको अगाडि झुठो कहिल्यै टिक्दैन भन्ने भाव पनि उक्त नाटकमा छ । यसप्रकार उनलाई नाटककार व्यक्तित्वको रूपमा पनि चिनिन्छ ।

३.३.१.४ निबन्धकार व्यक्तित्व

भैरवनाथ रिमाल 'कदम'लाई निबन्धकार व्यक्तित्वका रूपमा पनि चिनिन्छ । उनले २०४५ सालमा भक्ति र समर्पण नामक निबन्धसङ्ग्रह प्रकाशित गरेका छन् ।[छण] उक्त लेखमा उनले पौराणिक कालका कुरादेखि शाहवंशीय राजाहरूको गुणगान गाएका छन् ।[छज्ञ] यसै लेखका आधारमा उनलाई निबन्धकार व्यक्तित्वका रूपमा चिनिन्छ ।

---

[ढ्ढ] पूर्ववत् पृ.४१ ।
[छण] शोधनायकबाट प्राप्त जानकारी ।
[छज्ञ] ऐजन ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

साहित्यको साधना गर्नुका अलावा भैरवनाथ रिमाल समाजसेवा गर्छन् । आफ्नो वरिपरि कसैलाई केही साह्रोगारो तथा अप्ठ्यारो परेको छ भने उनी खुला ह्दयले तिनीहरूलाई आफूले सकेको सहयोग गर्छन् । [छद्] उनी आफूले पीडा भोगेका कारण अरुलाई पीडा तथा दु:ख पर्दा कस्तो हुन्छ र त्यो पीडामा कसरी अरुको सहयोगको याचना तथा अपेक्षा गरिन्छ भन्ने कुरा राम्ररी बुझेको बताउँदै अरुको दु:खलाई पनि आफ्नै दु:ख सम्झेर खुला ह्दयले सहयोग गर्छन् । साहित्येतर व्यक्तित्वमा उनलाई विशेषगरी धार्मिक व्यक्तित्वका रूपमा यसरी चिनाउन सकिन्छ :

#### ३.३.२.१ धार्मिक व्यक्तित्व

भैरवनाथ रिमाल ‘कदम’की आमा यमुनादेवी सधैँ साँझबिहान भजन गाउने गर्थिन् । उनलाई ईश्वरप्रति अगाध भक्ति तथा विश्वास थियो । त्यसैले गर्दा भैरवनाथमा पनि आफ्नी आमाको जस्तो ईश्वरप्रतिको भक्तिभाव बढ्दै जान थाल्यो । आफ्नी आमाले गाएको भजन उनी ध्यान दिएर सुन्ने गर्थे । यसबाट उनलाई भजनप्रति मोह जाग्दै गयो र भजन पनि लेख्नुपर्ने रहेछ भन्ने कुराको प्रेरणा मिल्यो । फलस्वरूप उनले भजनहरू लेखे । उनका ५१ वटा भजनहरू ‘भगवान, ढोका खोली देऊ !’ शीर्षकमा कृतिको रूपमा प्रकाशित छ । उक्त कृति कैलाश भण्डारीको सम्पादकत्वमा सुगन्ध प्रकाशनले प्रकाशित गरिदिएको हो । यस सङ्ग्रहभित्र स्वामी, कन्फ्यूसियस, हितोपदेश आदिका सुगन्धित विचार पनि समेटिएका छन् । यसरी हेर्दा उनको धार्मिक व्यक्तित्व पनि परिलक्षित हुन्छ ।

### ३.४ भैरवनाथ रिमाल ‘कदम’को समग्र व्यक्तित्वको विवरण :

| | |
|---|---|
| नाम : | भैरवनाथ रिमाल |
| उपनाम: | ‘कदम’ |
| जन्म : | वि.सं. १९९३ माघ २ गते सोमबार |
| जन्मस्थान: | काठमाडौं, ठमेल,गल्कोपाखा |
| परिवार : | श्रीमती, चार छोरी, र एक छोरा |
| पेसा: | नेपाल सरकार (तत्कालीन श्री ५ को सरकार)को सञ्चार मन्त्रालयअन्तर्गत मुद्रण तथा प्रकाशन विभाग (हाल सेवानिवृत्त) |

लेखन आरम्भः २००५/०६ सालदेखि

मुख्य व्यक्तित्वः कवि, गीतकार

विशेष रुचिः कविता तथा गीत लेखन

पुरस्कारः २०२६ सालमा ने.रा.प्र.प्र.द्वारा आयोजित कविता महोत्सवमा तृतीय पुरस्कार । २०३२ सालमा रेडियो नेपालद्वारा आयोजित राष्ट्रिय गीत सम्मेलनमा प्रथम पुरस्कार र २०३७ सालमा आयोजित आधुनिक गीत सम्मेलनमा प्रथम पुरस्कार । २०४१ सालमा रत्न रेकर्डिङ्ग संस्थानद्वारा आयोजित बृहन् आधुनिक गीत सम्मेलनमा द्वितीय पुरस्कार र राष्ट्रिय आयोजित अल नेपाल सङ्गीत प्रतियोगितामा प्रथम पुरस्कार । २०४३ सालमा रेडियो नेपालद्वारा आयोजित आधुनिक गीत सम्मेलनमा सर्वश्रेष्ठ पुरस्कार । २०४४ सालमा रत्न रेकर्डिङ्ग संस्थानद्वार आयोजित सङ्गीत प्रतियोगितामा सर्वोत्कृष्ट गीत पुरस्कार । २०५२ सालमा छिन्नलता गीत पुरस्कार ।

सम्मान : २०५४ सालमा रेडियो नेपालको सम्मानित श्रेणीका गीतकारमा स्थापित । २०५५ सालमा सिम्फोनिक रेकर्डिङ्गद्वारा सम्मानित । त्रिशक्ति पट्ट (पाँचौं), गोरखा दक्षिणबाहु (पाँचौं), गद्दी आरोहण पदक, दीर्घ सेवा पदक, जनसेवा पदक, वीरेन्द्र वर्ण पदक, ऐश्वर्य स्वर्ण पदक (द्वितीय) आदि । प्रथम

प्रकाशित

कविता : *राष्ट्रिय दिवस आज* (२००८) प्रथम प्रसारित

गीतः *रुन्छु म राती एक्लो* (२००९)

प्रथम पुस्तकाकार कृति : भैंचम्पा (खण्डकाव्य, २०११)

रेकर्डिङ्ग भएको प्रथम गीतः *करोडौं हामी नेपाली* (२०२३)

प्रकाशित पुस्तककार कृतिः विभिन्न विधाका गरी २५ वटा ।

रेकर्डिङ्ग भएका गीत सङ्ख्याः रेडियो नेपाल र अन्यत्र गरी जम्मा ७३७ वटा

छायाङ्कन भएका गीत सङ्ख्याः २७ वटा

---

[छद्द] शोधनायकको छोरा अभिषेकबाट प्राप्त जानकारी ।

| | |
|---|---|
| श्रव्य क्यासेट तथा सीडीः | हालसम्म २१ वटा |
| भ्रमणः | २०११ सालमा दार्जिलिङ्ग र भुटान |
| स्थायी ठेगानाः | चाबहिल, बुलबुले काठमाडौं महानगरपालिका वडा नं ७, काठमाडौं |
| सम्प्रतिः | घरमै बसेर अवकाशप्राप्त जीवन व्यतीत । |

यसप्रकार भैरवनाथ रिमाल 'कदम'लाई उनको व्यक्तिगत जीवनको अनवरत यात्रामा धेरै व्यक्तित्वले चिनाएको छ । उनी नाटककार, समालोचक, धार्मिक आदि व्याक्तित्वबाट भन्दापनि बढी कवि र गीतकार व्यक्तित्वका रूपमा चिनिएका छन् । नेपालका जति पनि प्रसिद्ध कवि तथा गीतकारहरू छन्, त्यसको श्रृङ्खलामा पर्ने कवि तथा गीतकारको माझमा उनलाई पनि अग्रपङ्क्तिमा नै उभ्याउन सकिन्छ ।

## परिच्छेद चार

## भैरवनाथ रिमाल 'कदम'को कृतित्वको अध्ययन

### ४.१ भैरवनाथ रिमालको साहित्यिक यात्रा र चरण विभाजन

भैरवनाथ रिमालको साहित्यप्रति आकर्षण सानै उमेरदेखि भएको पाइन्छ र २००८ साल फागुन ७ गतेको गोरखापत्रमा *राष्ट्रिय दिवस आज* शीर्षकको कविता प्रकाशित गरी विधिवत् रूपमा आफ्नो साहित्यिक यात्राको थालनी गरेको पाइन्छ । हुन त उनले २००७ सालमा नै तीन धारामा आयोजित एउटा कवि सम्मेलनमा क्रान्तिकारी कविता *'अत्याचारी सामन्ती खम्बा'* शीर्षकको कविता पाठ गरेका थिए । यसैगरी २००९ सालमा सानो टुँडिखेलमा आयोजित कवि सम्मेलनमा उनले *कालो झण्डाको उदय* शीर्षकको कविता वाचन गरेका थिए । यसरी विभिन्न सम्मेलनहरूमा रिमाल भाग लिने गर्थे । **गोरखापत्र** लगायत त्यसबेला निस्कने प्रायः सबै पत्रपत्रिकामा उनका कविता प्रकाशित हुन्थे । त्यस बेलाका सबैजसो कविता उनले झ्याउरे लयमा लेखेका थिए । यसरी नै कविता लेख्दै कहिले सम्मेलनतिर गएर वाचन गर्ने तथा कहिले पत्रिकामा प्रकाशनका लागि दिने गर्दागर्दै उनले २०११ सालमा **भैँचम्पा** नामक खण्डकाव्य प्रकाशन गरे । उनले अठार वर्षको उमेरमै खण्डकाव्य प्रकाशन गरेर साहित्यिक यात्रालाई पुस्तकाकार कृतिका माध्यमबाट पनि अगाडि बढाएका थिए । उनले २००८/११ देखि हालसम्म आइपुग्दा पाँच दशक लामो अवधि पार गरिसक्दा विभिन्न पुस्तकाकार कृति, फुटकर रचना आदि प्रकाशित गरेका छन् । यसका साथै उनका गीतहरू छायाङ्कन पनि भएका छन् ।

भैरवनाथ रिमालको साहित्यिक यात्राको पाँच दशकको अवधिलाई विधागत केन्द्रीयता, लेखन प्रवृत्ति, कृतिगत स्तरीयता आदिका आधारमा मुख्यतः दुई चरणमा विभाजन गर्नु पर्ने देखिन्छ ।

प्रथम चरण : आरम्भ (२००८) देखि २०३१ सम्म

द्वितीय चरण : २०३१ देखि हालसम्म ।

भैरवनाथ रिमाल 'कदम'को पाँच दशक लामो साहित्यसाधनाका क्रममा प्रकाशित कृतिहरूलाई प्रकाशन वर्षको आधारमा निम्नानुसार क्रमबद्ध गरिएको छ, जुन कृतिका माध्यमले उनको साहित्यको यात्रापथमा चरण विभाजन गरी अध्ययन गर्न सघाएकाछन् :

| कृतिकोनाम | विधा | प्रकाशनवर्ष | प्रकाशक |
|---|---|---|---|
| भैँचम्पा | खण्डकाव्य | २०११ | भैरवनाथ रिमाल |
| वन बगर | लोकगीतसङ्ग्रह | २०१९ | गणेशबहादुर श्रेष्ठ |
| झझल्को | राष्ट्रिय रचना सङ्ग्रह | २०२५ | बालकृष्ण सम |

| | | | |
|---|---|---|---|
| ढुङ्गाको मूर्ति | राष्ट्रिय कवितासङ्ग्रह | २०२६ | बालकृष्ण सम |
| हिमालको भर्ना | राष्ट्रिय कवितासङ्ग्रह | २०२६ | कनकदीप साहित्य |
| विधिको विधान | नाटक | २०२७ | कल्याण मासिक |
| माटो रम्छ | राष्ट्रिय कवितासङ्ग्रह | २०२८ | श्रीराम ढुङ्गाना |
| शैलजा | राष्ट्रिय कवितसङ्ग्रह | २०२८ | राजेन्द्र बि. केसी |
| पत्थर ह्दय | आधुनिक कवितासङ्ग्रह | २०२८ | प्रेममान डङ्गोल |
| गिरिजा | राष्ट्रिय भावनात्मक काव्य | २०२८ | सुश्री नलिनी शाक्य |
| विन्दु | खण्डकाव्य | २०२९ | मङ्गलदेब परियार |
| भुइँको धुलो | कविता सङ्ग्रह | २०२९ | प्रेमराज डङ्गोल |
| लोली | राष्ट्रिय गीतिकवितासङ्ग्रह | २०३१ | भुवन थापा |
| राष्ट्रिय सवाइ काव्य | ऐतिहासिक काव्यसङ्ग्रह | २०३१ | भुवन थापा |
| शून्य शिला | आधुनिक तथा राष्ट्रिय कविता | २०३१ | शकुन्तला गुरुङ्ग |
| मेरो देश अनि म | राष्ट्रिय भावनात्मक काव्य | २०३१ | भुवन थापा |
| दर्शन | कवितासङ्ग्रह | २०३१ | भारती उपाध्याय |
| सङ्लल्प | राष्ट्रिय गीतिकवितासङ्ग्रह | २०३२ | भारती उपाध्याय |
| नेमुनिको सपना | राष्ट्रिय गीतिकवितासङ्ग्रह | २०३३ | मङ्गलदेव परियार |
| हरेक प्रहर अनेक लहर | कवितासङ्ग्रह | २०३५ | नारायण गोपाल |
| भक्ति र समर्पण | लेखसङ्ग्रह | २०४५ | सूचना विभाग |
| जिन्दगीका पानाभरि | आधुनिक गीतिकवितासङ्ग्रह | २०४६ | हिम्मतनारायण महर्जन |
| जिन्दगकि धुजाहरू | आधुनिक गीतिकविता सङ्ग्रह | २०५२ | रमेशबाबु वाग्ले |
| कहाँ छैन आँसु | आधुनिक गीतिकवितासङ्ग्रह | २०५५ | वाणी प्रकाशन |
| भगवन्, ढोका खोली देऊ ! | भजनसङ्ग्रह | २०६१ | सुगन्ध मासिक |

**४.१.१ प्रथम चरण (आरम्भ २००८ देखि २०३१ सम्म)**

भैरवनाथ रिमालको लेखनको प्रथम चरण आभ्यसिक चरण हो । यस समयका रचनामा निखारको कमी भएजस्तो, स्तरीयता नभएजस्तो, भन्न खोजेको कुरा प्रष्ट नखुलेजस्तो देखिन्छ । उनको यस चरणको सुरुको लेखनयात्राले निरन्तरता पाएको देखिँदैन । उनले यस चरणमा खण्डकाव्यदेखि लोकगीत र कविता सङ्ग्रह तथा नाटकसमेत लेख्न

भ्याएका छन् । यसरी हेर्दा उनको यो चरणमा विधागत विविधता पाइन्छ । यस चरणको उत्तरार्द्धतिर उनले पूर्वार्द्धको तुलनामा युद्धस्तरमा पुस्तकाकार कृतिको रचना तथा प्रकाशन गरेको देखिन्छ । उनका यस चरणका रचनाहरूको प्रमुख विशेषता भनेको क्रान्तिकारी चेत हो । उनको प्रकाशित कविता *'राष्ट्रिय दिवस आज'* नै क्रान्तिकारी चेत बोकेको कविता थियो । उनले उक्त कवितामा क्रान्तिद्वारा अशान्ति हटाउनुपर्छ र शान्ति ल्याउनुपर्छ, सबै एकजुट भई अघि बढ्नाले नै सबैको भलाइ हुन्छ भन्ने भाव व्यक्त गरेका छन् । उनको प्रथम प्रकाशित कवितामात्र नभई प्रथम वाचित कविता *'अत्याचारी सामन्ती खम्बा'* पनि क्रान्तिकारी चेत बोकेको कविता थियो । उनको वाचित र प्रकासितमध्ये वाचित कविता नै पहिलो हो र लेखनको सुरुवात् नै क्रान्तिकारी चेत बोकेको कविता भएकाले यस चरणलाई क्रान्तिकारी चरण मान्न सकिन्छ । उनका यस चरणका मुख्य विशेषताहरू निम्न छन् :

क) 'कदम'को लेखनमा आभ्यासिक लेखनको छाप देखापर्दछ ।

ख) 'कदम'को लेखनमा क्रान्तिकारी चेत पाइन्छ ।

ग) 'कदम'को लेखनमा विधागत विविधता पाइन्छ ।

घ) 'कदम'ले साहित्यको क्षेत्रमा सङ्ख्यात्मक योगदान गरेका छन् ।

ङ) 'कदम'ले आफ्ना रचनामा राष्ट्रियभावको अभिव्यक्तिमा जोड दिएका छन् ।

### ४.१.२ **द्वितीय चरण (२०३१ देखि हालसम्म)**

भैरवनाथ रिमालको साहित्यिक यात्राको दोस्रो चरण उनको साहित्य यात्राकै महत्त्वपूर्ण कृति **राष्ट्रिय सवाई काव्य**बाट सुरु हुन्छ । यो उनको चौधौँ कृति हो । यो कृति तयार पार्दा उनले नेपालको धर्म, संस्कृति, इतिहास, प्रकृति, भूगोल, पुरातत्त्व आदिको बडो मिहिनेतसाथ अध्ययन गरेका थिए । त्यसैले यस कृतिले उनको लेखन यात्राको चरण विभाजन गरेको छ । यसभन्दा अघिका कुनै कृति लेख्दा पनि उनले यति धेरै विषय (नेपालको धर्म, संस्कृति, भूगोल, इतिहास आदि) को अध्ययन गरेका थिएनन् । यो काव्य उनको ऐतिहासिक काव्य हो । यस चरणमा उनले कविता भन्दा गीतमा अथवा गीतिकवितामा बढी जोड दिएका छन् । यस चरणमा उनले खण्डकाव्य तथा लामो कविताका अलावा छोटा खालका गीतिकविता लेखेका छन् । यस चरणमा उनी कवि तथा गीतकार मात्र नभएर अरुका कृतिलाई विश्लेषण तथा समालोचना गर्ने समालोचक पनि भएका छन् । उनको **भक्ति र समर्पण** नामक लेख सङ्ग्रह यसै चरणमा प्रकाशित भएको छ । यस चरणमा उनमा धार्मिक प्रवृत्ति पनि देखिएको छ । उनले **भगवान ! ढोका खाली देऊ** शीर्षकको भजन सङ्ग्रह प्रकाशित गरेर त्यो तथ्य प्रमाणित गरेका छन् । यसप्रकार उनका यस चरणका मुख्य प्रवृत्ति तथा विशेषताहरू निम्न छन् :

क. यस चरणमा 'कदम'को लेखन खारिएको पाइन्छ ।

ख. 'कदम'को लेखनमा समालोचकीय तथा धार्मिक चेत देखिन्छ ।

ग. संख्यात्मकता भन्दा गुणात्मकतामा जोड दिएको देखिन्छ ।

घ. यस चरणमा 'कदम'ले आधुनिकतामा बढी जोड दिएको पाइन्छ ।

यसरी भैरवनाथ रिमाल 'कदम'को साहित्यिक यात्रालाई उपर्युक्त दुई चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । ती दुई चरणका प्रवृत्तिलाई प्रकाशित कृतिहरूका आधारमा छुट्याइएको छ ।

## ४.२ 'राष्ट्रिय सवाई काव्य' ऐतिहासिक काव्यसङ्ग्रहको अध्ययन

### ४.२.१ कृतिपरिचय

कवि भैरवनाथ रिमालको **राष्ट्रिय सवाई काव्य** ऐतिहासिक काव्यसङ्ग्रह हो । वि.सं. २०३१ सालमा भुवन थापाले प्रकाशित गरेको यो कृति भैरवनाथ रिमालका प्रकाशित कृतिमध्येको १४ औं कृति हो । यसको संरचना आवरण पृष्ठ, भूमिका खण्ड र मूलपाठ गरी जम्मा १०८ पृष्ठमा संरचित छ भने मूलपाठ मात्रै चाहिँ ८८पृष्ठमा संरचित छ । यस काव्यमा सङ्गृहीत प्रत्येक सवाईलाई 'गुराँस' शीर्षक दिएर कुनैकुनै मा उपशीर्षक अथवा त्यसको विषयवस्तुका बारेमा जानकारी गराएका छन् । जस्तै– *'गुराँस-५६'* को सवाईमा नेपालको बारेमा वर्णन गरेका छन् जसलाई कोष्ठमा *'हाम्रो नेपाल'* उपशीर्षक दिएका छन् । यसैगरी *'गुराँस-११५'* मा *'हाम्रो भाषा'* शीर्षक दिएर भाषाको चिनारी र गुणगान गाएका छन् । बीचबीचका कुनै गुराँसमा भने त्यसमा वर्णित विषयवस्तुलाई लिएर शीर्षकीकरण गरेका छैनन् । **राष्ट्रिय सवाई काव्य** भित्र घटीमा दुई हरफदेखि बढीमा १०८ हरफसङ्ख्या भएका जम्मा १३६ वटा सवाई कविताहरू सङ्गृहीत छन् । यस कवितासङ्ग्रहका कविताहरू निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

| क. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | परिचय | ५ | २० | १ |
| २ | गुराँस–१ | ११ | २४ | २ |
| ३ | गुराँस–२ | ६ | २२ | ४ |
| ४ | गुराँस–३ | ३ | १० | ५ |
| ५ | गुराँस–४ | ३ | १२ | ५ |
| ६ | गुराँस–५ | ५ | २२ | ६ |
| ७ | गुराँस–६ | २ | ८ | ७ |
| ८ | गुराँस–७ | ३ | १२ | ७ |

| | | | | |
|---|---|---|---|---|
| ९ | गुराँस–८ | २ | ४ | ८ |
| १० | गुराँस–९ | – | २ | ८ |
| ११ | गुराँस–१० | – | २ | ८ |
| १२ | गुराँस–११ | – | १० | ८ |
| १३ | गुराँस–१२ | – | ६ | ९ |
| १४ | गुराँस–१३ | – | ४ | ९ |
| १५ | गुराँस–१४ | – | २ | ९ |
| १६ | गुराँस–१५ | – | २ | ९ |
| १७ | गुराँस–१६ | – | २ | १० |
| १८ | गुराँस–१७ | – | २ | १० |
| १९ | गुराँस–१८ | २ | १० | १० |
| २० | गुराँस–१९ | – | १० | ११ |
| २१ | गुराँस–२० | ३ | १२ | ११ |
| २२ | गुराँस–२१ | ३ | १२ | ११ |
| २३ | गुराँस–२२ | – | १० | १२ |
| २४ | गुराँस–२३ | २ | ८ | १२ |
| २५ | गुराँस–२४ | – | ८ | १३ |
| २६ | गुराँस–२५ | – | २२ | १३ |
| २७ | गुराँस–२६ | – | १० | १४ |
| २८ | गुराँस–२७ | – | १० | १५ |
| २९ | गुराँस–२८ | – | १० | १५ |
| ३० | गुराँस–२९ | – | १० | १६ |
| ३१ | गुराँस–३० | – | २४ | १६ |
| ३२ | गुराँस–३१ | – | १० | १७ |
| ३३ | गुराँस–३२ | – | १२ | १८ |
| ३४ | गुराँस–३३ | – | २२ | १८ |
| ३५ | गुराँस–३४ | – | १० | १९ |
| ३६ | गुराँस–३५ | – | १२ | २० |
| ३७ | गुराँस–३६ | – | १० | २० |
| ३८ | गुराँस–३७ | – | १० | २१ |
| ३९ | गुराँस–३८ | – | १२ | २१ |
| ४० | गुराँस–३९ | – | २० | २२ |

| | | | | |
|---|---|---|---|---|
| ४१ | गुराँस–४० | – | १२ | २२ |
| ४२ | गुराँस–४१ | – | १० | २३ |
| ४३ | गुराँस–४२ | – | १० | २३ |
| ४४ | गुराँस–४३ | – | १२ | २४ |
| ४५ | गुराँस–४४ | – | १६ | २५ |
| ४६ | गुराँस–४५ | – | १० | २६ |
| ४७ | गुराँस–४६ | – | २२ | २६ |
| ४८ | गुराँस–४७ | – | १०८ | २७ |
| ४९ | गुराँस–४८ | – | २२ | ३२ |
| ५० | गुराँस–४९ | – | २२ | ३३ |
| ५१ | गुराँस–५० | – | २२ | ३४ |
| ५२ | गुराँस–५१ | – | १० | ३५ |
| ५३ | गुराँस–५२ | – | १० | ३६ |
| ५४ | गुराँस–५३ | – | २० | ३६ |
| ५५ | गुराँस–५४ | – | ८६ | ३७ |
| ५६ | गुराँस–५५ | – | २२ | ४१ |
| ५७ | गुराँस–५६ | – | ३२ | ४२ |
| ५८ | गुराँस–५७ | – | १० | ४४ |
| ५९ | गुराँस–५८ | – | २० | ४४ |
| ६० | गुराँस–५९ | – | ४२ | ४५ |
| ६१ | गुराँस–६० | – | २० | ४७ |
| ६२ | गुराँस–६१ | – | १० | ४८ |
| ६३ | गुराँस–६२ | – | ८ | ४८ |
| ६४ | गुराँस–६३ | – | १० | ४९ |
| ६५ | गुराँस–६४ | – | ३४ | ४९ |
| ६६ | गुराँस–६५ | – | १२ | ५१ |
| ६७ | गुराँस–६६ | – | २२ | ५१ |
| ६८ | गुराँस–६७ | – | २० | ५२ |
| ६९ | गुराँस–६८ | – | १० | ५३ |
| ७० | गुराँस–६९ | – | ३० | ५४ |
| ७१ | गुराँस–७० | – | २४ | ५५ |
| ७२ | गुराँस–७१ | – | २० | ५६ |

| | | | | |
|---|---|---|---|---|
| ७३ | गुराँस–७२ | – | २० | ५७ |
| ७४ | गुराँस–७३ | – | २२ | ५७ |
| ७५ | गुराँस–७४ | – | १० | ५८ |
| ७६ | गुराँस–७५ | – | १२ | ५९ |
| ७७ | गुराँस–७६ | – | १० | ५९ |
| ७८ | गुराँस–७७ | – | १० | ६० |
| ७९ | गुराँस–७८ | – | १० | ६० |
| ८० | गुराँस–७९ | – | १० | ६० |
| ८१ | गुराँस–८० | – | १० | ६१ |
| ८२ | गुराँस–८१ | – | १० | ६१ |
| ८३ | गुराँस–८२ | – | १० | ६१ |
| ८४ | गुराँस–८३ | – | १२ | ६२ |
| ८५ | गुराँस–८४ | – | १० | ६२ |
| ८६ | गुराँस–८५ | – | १० | ६३ |
| ८७ | गुराँस–८६ | – | १२ | ६३ |
| ८८ | गुराँस–८७ | – | २२ | ६४ |
| ८९ | गुराँस–८८ | – | १४ | ६५ |
| ९० | गुराँस–८९ | – | १० | ६५ |
| ९१ | गुराँस–९९ | – | २२ | ६६ |
| ९२ | गुराँस–१०० | – | २२ | ६७ |
| ९३ | गुराँस–१०१ | – | १० | ६८ |
| ९४ | गुराँस–१०२ | – | १० | ६८ |
| ९५ | गुराँस–१०३ | – | १० | ६९ |
| ९६ | गुराँस–१०४ | – | १० | ६९ |
| ९७ | गुराँस–१०५ | – | १० | ७० |
| ९८ | गुराँस–१०६ | – | १० | ७० |
| ९९ | गुराँस–१०७ | – | १० | ७० |
| १०० | गुराँस–१०८ | – | १० | ७१ |
| १०१ | गुराँस–१०९ | – | २२ | ७१ |
| १०२ | गुराँस–११० | – | २२ | ७२ |
| १०३ | गुराँस–१११ | – | २२ | ७३ |
| १०४ | गुराँस–११२ | – | २२ | ७४ |

| | | | | |
|---|---|---|---|---|
| १०५ | गुराँस–११३ | – | ८ | ७५ |
| १०६ | गुराँस–११४ | – | ६ | ७५ |
| १०७ | गुराँस–११५ | – | ६ | ७६ |
| १०८ | गुराँस–११६ | – | २० | ७६ |
| १०९ | गुराँस–११७ | – | १० | ७७ |
| ११० | गुराँस–११८ | – | १२ | ७७ |
| १११ | गुराँस–११९ | – | ६ | ७८ |
| ११२ | गुराँस–१२० | – | १४ | ७८ |
| ११३ | गुराँस–१२१ | – | २८ | ७९ |
| ११४ | गुराँस–१२२ | – | २४ | ८० |
| ११५ | गुराँस–१२३ | – | १४ | ८२ |
| ११६ | गुराँस–१२४ | – | १४ | ८२ |
| ११७ | गुराँस–१२५ | – | १० | ८२ |
| ११८ | गुराँस–१२६ | – | १८ | ८३ |
| ११९ | गुराँस–१२७ | – | ८ | ८३ |
| १२० | गुराँस–१२८ | – | ८ | ८४ |
| १२१ | गुराँस–१२९ | – | ८ | ८४ |
| १२२ | गुराँस–१३० | – | २० | ८५ |
| १२३ | गुराँस–१३१ | – | ८ | ८५ |
| १२४ | गुराँस–१३२ | – | १० | ८६ |
| १२५ | गुराँस–१३३ | – | १६ | ८६ |
| १२६ | गुराँस–१३४ | – | १० | ८७ |
| १२७ | गुराँस–१३५ | – | १२ | ८७ |
| १२८ | गुराँस–१३६ | – | १२ | ८८ |

### ४.२.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल 'कदम'ले यस **राष्ट्रिय सवाई काव्य**मा विभिन्न विषयवस्तुलाई समेटेर भावलाई उत्कर्षमा पुऱ्याएका छन् । उनले यस काव्यमा नेपालको धर्म, संस्कृति, इतिहास, भूगोल, दर्शन, मन्दिर, गुम्बा, परम्परा, प्रकृति, साहित्य, जडिबुटी आदिलाई विषयवस्तु बनाएका छन् । उनको यस काव्यमा राष्ट्रिय र राष्ट्रभक्तिको स्वर प्रखर भएर व्यापक अर्थमा आएको पाइन्छ । उनले हरेक विषयका सवाईमा गुराँस शीर्षक दिएर क्रम मिलाएर राखेका छन् । उनले सत्य, त्रेता, द्वापर, कलि युगको, सत्य र कामको, द्वापर र

कालको, भैरवको देवी, घाट, भगवती, नारायण, नाथ, उत्पत्ति आदि विषयमा पनि सवाई बनाएर प्रस्तुत गरेका छन्, जस्तैः

यलम्बर नाम हुने किराँतीका वीरले

जितेर नै किराँत राज्य खडा गरे यिनले (गुराँस-२०,पृ.११)

भैरवनाथ रिमालले यस काव्यमा भूमि, पानी, जङ्गल, जनावर, चरा आदिलाई पनि विषयवस्तु बनाएका छन् । यसका साथै नेपालको इतिहासका हस्तीहरू–पृथ्वीनारायण शाह, भीमसेन थापा, अमरसिंह, बलभद्र आदिलाई पनि उनले यस काव्यको विषयवस्तु बनाएका छन् । तत्कालीन राणाशासनको क्रुर प्रवृत्तिलाई उनी सवाईको विषयवस्तुमा यसरी मिसाउँछन् :

अमूल्य त्यो जनताको जीवनलाई फाली

सोझा सीधा जनतालाई गर्थे सधैँ गाली

दुनियाँलाई खाँचो पारी आफू अघि बढ्थे

आफ्नै कुरा माथि पारी जनतालाई थिच्थे (गुराँस-४४, पृ. २५)

भैरवनाथ रिमालले काठमाडौं, भक्तपुर, ललितपुर लगायतका ठाउँहरूलाई पनि आफ्नो सवाईको विषयवस्तु बनाएका छन् । नेपालका प्रख्यात नदी र तालहरूलाई पनि उनले आफ्नो सवाईको विषयवस्तु बनाउन छुटाएका छैनन्, जस्तै :

पश्चिम पर्ने गोसाइँकुण्ड पूर्व दूधकुण्ड

यी तालले शोभा गर्ने स्वदेशको कुञ्ज ।

दह पनि केही छन् यहाँ कुण्ड ताल भाको

धर्तीको यो प्यारो वन नेपाल माताको ।

सेती, मादी, काली, बूढी, दरौँदी, मर्स्याङ्दी

नारायणी, कृष्ण सबै हाम्रा यी गण्डकी (गुराँस-५८,पृ. ४४-४५)

यसरी हेर्दा भैरवनाथ रिमाल 'कदम'ले विविध विषयवस्तु अँगालेर यो काव्य तयार गरेका छन् ।

भैरवनाथ रिमाल 'कदम'को यो काव्य विषयवस्तुका दृष्टिले जति प्रवल र सशक्त छ, त्यति नै भावका दृष्टिले पनि उच्च छ । उनले यस कृतिको शीर्षक **नै राष्ट्रिय सवाई काव्य** राखेका हुनाले पनि यो कृति राष्ट्रिय भावनाले ओतप्रोत छ भन्ने प्रष्ट हुन्छ । वास्तवमै उनले यस कृतिमा राष्ट्रियता, देशप्रेम, तत्कालीन राणाशासनप्रतिको घृणा आदि जस्ता भाव यस

कृतिमा झल्किएका छन् । प्रजा बलिया भए भने देश बलियो हुन्छ भन्ने पृथ्वीनारायण शाहको भनाइलाई अनुसरण गर्दै गयौं भने कल्पनै गर्न नसकिने जति विकास हुन्छ भन्ने भाव पनि व्यक्त गरेका छन् । यसको उदाहरण यसप्रकार छ :

प्रजा आफ्नो सधैँ भए सरकार बलियो हुन्छ

पृथ्वीको यस्तो कुरा सुन्दा मन बुझ्छ(गुराँस-३०, पृ. १७)

हाम्रो देश नेपालमा शान्तिका प्रतिक गौतमबुद्ध, हिन्दूहरूका आराध्यदेव शिव, हिमालयकी पुत्री पार्वती आदिको जन्म भएको हो । साथै यिनै शिव-शङ्कर र पार्वतीको कृपाले हाम्रो देशको सिर्जना भएको हो र यिनीहरू सदैव यही देशमा बसेर हाँस्ने, खेल्ने तथा नाच्ने गरेका हुनाले यो देशको रक्षा भएको थियो, भइरहेको छ र हुनेछ भन्ने धार्मिक तथा राष्ट्रियताको भाव उनले यस कृतिमा व्यक्त गरेका छन् । रामकृष्ण, वीरभद्र आदिजस्ता वीर योद्धाको बहादुरीले यो देशको रक्षा भएको हो । यस्ता कुशल रक्षक नभएको भए आजको नेपाल नेपाल रहने थिएन भन्ने भाव पनि उनको सवाईमा पाइन्छ । यसको उदाहरण यसप्रकार छ :

वीरभद्रका बाजे यी हुन् रामकृष्ण कुवँर

नारायणका प्रसिद्ध हुन् सेनापति बुजकर ।

मीरकासिम र सिन्धुलीको लडाइँमा यिनले

वीरताका बहादुरी देखाएथे यिनले ।

हातमा थियो नेपालको रक्षा गर्ने नीति

यस्ता वीरले लडी भाको नेपालको रीति (गुराँस-२५, पृ.१४)

यसरी भैरवनाथ रिमाल 'कदम'ले विभिन्न विषयवस्तुका माध्यमबाट राष्ट्रियता, प्रकृतिप्रेम, सामाजिकता आदि भाव भएका सवाईहरूलाई यस **राष्ट्रिय सवाई** काव्य'मा समेटेका छन् ।

### ४.२.३ भाषाशैली

भैरवनाथ रिमाल 'कदम'को यो कृति **राष्ट्रिय सवाई काव्य**मा विशेषगरी सरल भाषाको प्रयोग गरिएको छ । उनको यो काव्य पढ्दा कतै नअड्की सर्र पढ्न सकिन्छ । उनले तत्सम, तद्भव, आगन्तुक शब्दको उचित मात्रामा प्रयोग गरेका छन् । सवाईमा मिठास ल्याउन कतै शव्द तथा वाक्यहरूमा विचलन ल्याएका छन् । उनले सबै ठाउँमा एकै किसिमको लय प्रयोग गर्ने प्रयास गरेका छन् । यस्तो प्रयास गर्ने क्रममा उनी कतै कतै चुकेका छन् । यसको उदाहरण यसप्रकार छ :

माना पाथि तराजु र ढक मुरीको चलन

सयकडाको दश व्याज लिने दिने चलन ।

गौचरन र प्रथा मोही भन्ने चलन

यस्तो सुधार गर्ने राजा रामशाह रेछन्  (गुराँस-३०, पृ. १६)

उपर्युक्त पङ्क्तिहरूमध्येको तेस्रो हरफमा 'गौचरन र प्रथा मोही भन्ने चलन'मा माथिका पङ्क्तिको जस्तो लय मिलेको छैन । यसमा शब्द तथा वाक्यमा विचलन पनि पाइन्छ । यस्तो शैलीले पाठकलाई एक छिन अलमल्याउँछ ।

भैरवनाथ रिमाल 'कदम'को यो काव्यको भाषा सरल हुँदाहुँदै अर्थ भने प्रतीकात्मक पनि छ । सोझो तथा निर्धाले गरेको कामलाई ठूला तथा शक्तिशाली भनाउँदाहरूले झत्काइदिने तथा बिगारिदिने प्रतीकात्मक अर्थ उनको निम्न सवाइले दिएको छ :

कोकले र चुइँया त्यो लाटोकोसेरो

काकाकुल, सारस अनि माटोकाटेरो ।

कन्याङकुरुङ वकुल्ला हलेसा र चाँचर

पन्छिका ती घरहरू भत्काउने बाँदर  (गुराँस-६८, पृ. ५३)

जसरी नेपालमा विभिन्न थरीका जनावर तथा चराचुरुङ्गीहरू छन्, त्यसरी नै कारखाना पनि हुन्छन् र नेपालीको रोजगारी बढ्छ भन्ने कुरालाई पनि भैरवनाथ रिमालले प्रतीकात्मक रूपमा आफ्नो सवाईमा उल्लेख गरेका छन्, जस्तै :

जनावर नेपालको कम्ति छैन सुन

बाघ, भालु, हात्ती, गैँडा, मृग आदि जुन ।

व्यवसाय, पेशा हाम्रो यिनै थरी हुन्छन्

गलैँचा र राडी पाखी पहाडमा बुन्छन् ।

++  ++  ++

यसैबाट मजदुरको रोजगार चल्छ

कारखाना हाम्रो देशमा अब बन्दैछ  (गुराँस-६५, पृ. ५१)

भैरवनाथ रिमालले यसरी प्रतीकात्मक अर्थका केही सवाई लेखे पनि धेरैजसो सवाई सरल र सामान्य अर्थमा लेखेका छन् । यसरी सामान्य अर्थमा लेखेका हुनाले उनको यो

सवाई काव्य लोकप्रिय भएको छ । सरल तथा सामान्य अर्थ भएको सवाईको नमुना यस प्रकार छ :

बज्र वाराही नेपालको चापा गाउँ निर

धुँमवाराही हाँडी-गाउँको मेरो डेरा निर ।

धनतले बाराही छ शंख मूलै निर

नील बाराही पर्छ उही ठिमी शहर तिर (गुराँस-१३, पृ.९)

भैरवनाथ रिमालको यस काव्यमा सरल भाषाको प्रयोग गरिएको छ । ठाउँ र परिस्थिति अनुसार उनले तत्सम, तद्भव तथा आगन्तुक शब्दको पनि प्रयोग गरेका छन् । यस्ता खालका धेरै शब्द नेपाली भाषामा पहिलेदेखि नै प्रचलनमा आएका हुनाले सरल र सामान्य जस्ता लाग्छन् ।

भैरवनाथ रिमालले यस काव्यमा विभिन्न बिम्ब तथा प्रतीकको प्रयोग गरेका छन् । विशेषगरी शिव, शङ्कर, गौरी, मैतीदेवी, मनदेवी आदि मिथकीय बिम्बको प्रयोग गरेका छन् ।

यसैगरी देवी तथा काली जस्ता मिथकीय बिम्बलाई देशको रक्षकको प्रतीकको रूपमा पनि प्रयोग गरेका छन्, जस्तै :

यिनै देवी कालीबाट नेपाल रक्षा गर्थे

देव देवता सारा हुँदा इन्द्र अमृत छर्थे ।

ईश्वरको आराधना पूजा गर्ने नेपाल

ईश्वरलाई छाया दिने विशाल त्यो हिमाल (गुराँस-११, पृ. ८)

भैरवनाथ रिमालले काव्यका धेरैजसो ठाउँमा अनुप्रास अलङ्कारको प्रयोग गरेका छन् । अनुप्रासमा पनि अन्त्यानुप्रासको प्रयोग बढी गरेका छन् । यसको उदाहरण यसप्रकार छ :

दौरा सुरुवाल पटुका लाउँथे हाम्रा जाति

अहिले आयो नौलो चलन अनेक नाना भाँती (गुराँस-७५, पृ. ५९)

उपर्युक्त पङ्क्ति पुञ्जको अन्त्यमा 'जाति' र 'भाँती' आएकाले अन्त्यनुप्रास अलङ्कार भेटीएको छ ।

समग्रमा भैरवनाथ रिमालले यस काव्यमा नेपालीका गौरवहरू झल्काउँदै वन, गौचरन र खोला-नालाहरूको राम्रो परिचय दिएका छन् । नेपाली जीवनको तरिका बुझाउने तथा हाम्रा पुर्खाहरूले हासिल गरेका ज्ञान र अनुभवका टुक्रामा नेपाली उखानलाई पनि

सवाईका रूपमा ढालेर उनले हामीलाई देशको गौरव परिचय दिएका छन् । साथै, देशनिर्माणको आह्वान गर्दै सबैले मिलिजुली काम गर्ने आह्वान पनि गरेका छन् ।

## ४.३ **'शून्य शिला' कवितासङ्ग्रहको अध्ययन**

### ४.३.१ **कृति परिचय**

भैरवनाथ रिमालद्वारा लेखिएको र सुश्री सकुन्तला गुरुङ्गद्वारा वि.सं. २०३१ सालमा प्रकाशित गरिएको **शून्य शिला** कवितासङ्ग्रह आवरण पृष्ठ, भूमिका खण्ड तथा मूलपाठ गरी जम्मा ७४ पृष्ठमा संरचित छ । यस कृतिको मूल पाठ चाहिँ ५६ पृष्ठमा मात्र संरचित छ ।

यस कवितासङ्ग्रहमा घटीमा सात हरफ देखि बढीमा ३६ हरफ सम्मका गरी जम्मा ५७ वटा कविताहरू सङ्गृहीत छन् । सबभन्दा सानो सात हरफको कविता *'हाम्रै शक्ति छैन भने'* (पृ. २९) हो भने सबैभन्दा लामो ३६ हरफसङ्ख्या भएको कविता चाहिँ *'लोप हुन नदेऊ'* (पृ. ३४) हो ।

यस कवितासङ्ग्रहका कविताहरू निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

| क्र. सं. | विषय शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | देउ | – | १९ | १ |
| २ | लज्जावती | – | २२ | २ |
| ३ | तिमी बाँच | – | १६ | ३ |
| ४ | यही जमाना सृष्टि भो | – | १७ | ४ |
| ५ | गुन | – | १६ | ५ |
| ६ | ओभ्रेल | – | २१ | ६ |
| ७ | पिण्ड | – | २१ | ७ |
| ८ | बगाई | – | १४ | ८ |
| ९ | ती कविको कोठ | – | १९ | ९ |
| १० | जीवनमा | – | २२ | १० |
| ११ | भो मलाई नभन | – | २४ | ११ |
| १२ | माटो प्रति | – | १६ | १२ |
| १३ | तिमी एउटै कवुल गर | – | १२ | १३ |
| १४ | मंगल बन्दना | – | १४ | १४ |
| १५ | गंगासँग | – | १४ | १५ |
| १६ | गीत | ३ | ९ | १६ |

| | | | | |
|---|---|---|---|---|
| १७ | माया नमार बरै | ५ | १६ | १७ |
| १८ | पहिले आफूलाई चिन | – | १३ | १८ |
| १९ | मेलामा पाको | ९ | १८ | १९ |
| २० | द्वारा | – | १६ | २० |
| २१ | थोपा | – | १६ | २५ |
| २२ | तगारो | – | १७ | २६ |
| २३ | जोड | ५ | १८ | २७ |
| २४ | उही स्नेह पाइरहेछ | – | ९ | २८ |
| २५ | संगीत सरिता | – | ८ | २८ |
| २६ | तिम्रो हृदय स्थलमा | – | ९ | २९ |
| २७ | हाम्रै शक्ति छैन भने | – | ७ | २९ |
| २८ | मलाई ज्ञान छैन | – | १७ | ३० |
| २९ | फल मिलेझैं | – | १३ | ३१ |
| ३० | मलाई निराश छ | – | १३ | ३२ |
| ३१ | चिठ्ठी | – | १४ | ३३ |
| ३२ | लोप हुन नदेऊ | – | ३६ | ३४ |
| ३३ | दर्शन दिन सक | – | २१ | ३६ |
| ३४ | खोज्दिन | – | १६ | ३७ |
| ३५ | पोखूँ जस्तो | – | १६ | ३८ |
| ३६ | खेल | – | २१ | ३९ |
| ३७ | कोरि दिन्छु | ३ | १२ | ४० |
| ३८ | रवि शशीले | – | १६ | ४१ |
| ३९ | शुभ विजया | – | १८ | ४२ |
| ४० | हाम्रो महान राष्ट्रिय पर्व | – | २१ | ४३ |
| ४१ | अखण्ड शुभ कामना | – | १४ | ४४ |
| ४२ | लालीको | ४ | १६ | ४५ |
| ४३ | भक्ति र भावना | – | १६ | ४६ |
| ४४ | दीर्घायु कामना | – | ९ | ४७ |
| ४५ | भोलिका बालक | ५ | १७ | ४८ |
| ४६ | एउटा आँखा हिमाल एउटा आँखा नेपाल | – | २० | ४९ |
| ४७ | भानुभक्त प्रति | – | २१ | ५० |

| | | | | |
|---|---|---|---|---|
| ४८ | नसुक्याउ | – | २२ | ५१ |
| ४९ | नरिसाउ | – | २१ | ५२ |
| ५० | रिसको पोको छु | – | २२ | ५३ |
| ५१ | देवकोटा प्रति | ६ | १२ | ५४ |
| ५२ | सँभि नरुनु होला | – | १६ | ५५ |
| ५३ | शून्य शिला | – | १९ | ५६ |

### ४.३.२ विषयवस्तु र भाव

भैरवनाथ रिमालद्वारा लेखिएको यो **शून्य शिला** कवितासङ्ग्रहमा भएका सबै कविताहरू छुट्टाछुट्टै विषयवस्तुमा आधारित छन् । छुट्टाछुट्टै विषयवस्तुमा आधारित यी कविताले भाव पनि छुट्टाछुट्टै नै बोकेका छन् । यस कवितासङ्ग्रहमा मुख्यगरी राष्ट्रभक्ति तथा व्यक्तिगत जीवनका आशा-निराशाका  भावहरूले भरिएका छन् ।

भैरवनाथ रिमालले प्रत्येक नेपालीलाई राष्ट्रवादी भावनाले गुराँस फुलेभैंं बाँच भन्ने सन्देश दिँदै *'तिमी बाँच'* शीर्षकको कविता लेखेका छन् । मङ्गल बन्दनालाई विषयवस्तु बनाएर पनि उनले कविता लेखेका छन् । त्यसमा उनले सबैमा एकताको भावना जागे नेपाल आमाले हात खुम्च्याएर बस्नु नपर्ने भाव व्यक्त गरेका छन् । त्यसको उदाहरण यसप्रकार छ :

नवयुगको नवद्वार खोल्छिन् आमा मुस्काई

राख्नु अब पर्दैन भन्छिन् हात खुम्च्याइ

एकताको भावले सिर्जनाको मूल फुटुन्

नेपालीको मनभरि सुनौला आशा झन फुलुन्           (मङ्गल बन्दना,पृ. १४)

भैरवनाथ रिमालले गङ्गा नदीलाई पनि आफ्नो कविताको विषयवस्तु बनाएका छन् । यस कवितामार्फत उनले मानव जातिलाई नै गङ्गाजस्तै कसैसँग नझुकी अगाडि बढ्नुपर्ने भाव व्यक्त गरेका छन् । उनले चिठीलाई पनि आफ्नो कविताको विषयवस्तु बनाएर पहाडै पहाडले भरिएको भए पनि, कुनाकाप्चा आदि भएपनि अथवा शिवको तपोभूमि पाखै भएपनि र बुद्धको ज्ञान कथामात्रै भएपनि आफ्नो देश र भेष प्यारो छ भन ने भाव यसरी व्यक्त गरेका छन् :

संभि राख्छु सधैं स्वदेशलाई

पहाडै पहाडको बस्ति होस्

कुना काप्चा कन्दरा हुन्

तापनि आफ्नै देश प्यारो छ

++ ++ ++

शिवको तपोभूमि पाखै हुन्

बुद्धको ज्ञान कथै हुन्

++ ++ ++

त्यसैले देशको आफ्नै भेष प्यारो छ (चिठ्ठी, पृ. ३३)

भैरवनाथ रिमालको यस कृतिमा बढी राष्ट्रियताको भाव भएका कविताहरू सङ्गृहीत छन् । सामाजिकता तथा प्रकृतिप्रेमी कविताहरू पनि यसमा त्यत्तिकै मात्रामा सबल छन् । उनका यस सङ्ग्रहका कवितामा व्यङ्ग्यात्मकताले पनि उच्च ठाउँ पाएको छ । त्यसको उदाहरण यसप्रकार छ :

ए पिण्डका लोभी हो

एकमुठी चामलको एउटा फुल जस्तो

काला तीलले सिंगारिएको एउटा डल्लो प्रति

किन हारालुछ गर्छौ ? (पिण्ड, पृ. ७)

उक्त कवितामा भैरवनाथ रिमालले श्राद्धमा प्रयोग हुने पिण्डलाई विषयवस्तु बनाएर देश सक्न तम्तयार भएका दलालहरूलाई तीखो व्यङ्ग्य प्रहार गरेका छन् । यसरी हेर्दा यो कविता व्यक्ति जीवनका आशा, निराशा, सुख, दुःख आदिको अभिव्यक्ति, राष्ट्रिय विभूतिबारे अभिव्यक्ति र राष्ट्रिय भावनाको अभिव्यक्तिमा केन्द्रित भएको छ । यसप्रकार विविध विषय वस्तुलाई आफ्नो कवितामा स्थान दिएकाले उनको कवितासङ्ग्रह विषयवस्तुको दृष्टिले उत्कृष्ट देखिन्छ ।

### ४.३.३ भाषाशैली

भैरवनाथ रिमालको यो **शून्य शिला** काव्यमा सरल भाषाको प्रयोग छ । सरल भाषाको प्रयोग हुँदाहुँदै पनि उनले यस काव्यमा प्रतीकात्मक अर्थ दिने कविताहरू पनि सङ्गृहीत गरेका छन् । तीमध्ये एउटाको उदाहरणांश यसप्रकार छ :

कलकलाउँदै बगिरहन्छौ जान्दिनौ हे रुक्न

जोडसित बढिरहन जान्दिनौ नी झुक्न

मानबले बुझेदेखि बिश्व अझै बन्ध्यो

तिम्रै बचन बुझेदेखि संगीत किन रुन्ध्यो (गंगासंग, पृ. १५)

भैरवनाथ रिमालका यस सङ्ग्रहमा सङ्गृहीत कविता गद्यात्मक तथा पद्यात्मक दुवै छन् । तापनि पद्यात्मक कविताको तुलनामा गद्यात्मक कविता बढी छन् । उनले यस सङ्ग्रहका कविता मार्फत सबै जनताले राष्ट्रप्रति सधैँ बफादार हुनुपर्छ भन्ने सन्देश दिएका छन् । यस सङ्ग्रहमा प्रयोग गरिएको भाषा श्रुतिमाधुर्य एवं कर्णप्रिय छ । ठाउँठाउँमा उनले तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग गरे पनि परम्परागत रूपमा नै चल्दै आएकाले ती शब्दले अनौठोपन बोकेका छैनन् ।

भैरवनाथ रिमालले गुराँस, हिमाल आदि शब्दको प्रयोग गरेर गुराँस तथा हिमालले राष्ट्रियताको झल्को दिएका छन् । यसका साथै उनले आलङ्कारिक भाषाको पनि प्रयोग गरेका छन्; जस्तै :

चराचरके क्रीडा स्थलमा

ज्यादै आनन्दको शैया होला

अनि प्रकृतिको झारले चुम्वन गर्दा

त्यस वेला तिमी कत्ति लजाउँछ्यौं (लज्जावती, पृ.२)

भैरवनाथ रिमालले यस कवितासङ्ग्रहमा विभिन्न किसिमका बिम्ब, प्रतीक तथा अलङ्कारको प्रयोग गरेका छन् । उनले यस सङ्ग्रहमा विशेष गरी अनुप्रास अलङ्कारको प्रयोग गरेका छन् । त्यसमा पनि अन्त्यानुप्रासको प्रयोग बढी छ । अन्त्यानुप्रास अलङ्कारको उदाहरण :

संगीत, कला साहित्य आज विकासको बाटोमा

छोडेर गयौ जो कृतिहरू शिला छन् माटोमा ॥ (देवकोटाप्रति,पृ. ५४)

भैरवनाथ रिमालले झ्याउरे छन्दको प्रयोग गरेर कविता लेखेका छन् । यसका साथै उनले सवाई छन्द पनि प्रयोग गरेका छन् । मुक्त छन्द प्रयोग गरेर लेखिएको कविताको एउटा उदाहरणांश यसप्रकार छ :

ती कविको कोठा यस्तो शितले रुझेको धर्ती झैं

मध्य रातको चन्दमाले चिहाए जस्तो

अन्धकारमा दीप बलेझैं

चैत्रमासको किरणले पोले जस्तो !

हिमाल नाघी आएको सूर्यको लाली झैं

दनदन बलेको आगो जस्तो

तीं कविको कोठा यस्तो !!        (ती कविको कोठा, पृ. ९) ।

भैरवनाथ रिमालमा उपर्युक्त कविताहरूको अध्ययन गर्दा उनका यस कवितासङ्ग्रहमा लोकलय र झ्याउरे छन्दका साथै गद्य कविताका भाषाको प्रयोग गरेको देखिन्छ । त्यसैगरी राष्ट्रिय, प्राकृतिक, सामाजिक बिम्ब प्रतीकको प्रयोग पनि भएको देखिन्छ । त्यसैगरी अन्त्यानुप्रास अलङ्कार र उपमा, रूपक, अतिसयोक्ति जस्ता अलङ्कारको प्रयोग भएको देखिन्छ । यसप्रकार सरल भाषाको प्रयोग गरेर पनि भाषाका दृष्टिले लोकप्रिय रचना तयार गरेको देखिन्छ ।

यसरी भैरवनाथ रिमाल 'कदम' को यो **शून्य शिला** कवितासङग्रह विषयवस्तु, भावविधान, छन्द, लय, बिम्ब, अलङ्कार, भाषाशैली आदिका दृष्टिले उच्च छ ।

## ४.४ 'हरेक प्रहर अनेक लहर' कवितासङ्ग्रहको विश्लेषण

### ४.४.१ कृति परिचय :

भैरवनाथ रिमाल'कदम'को **हरेक प्रहर अनेक लहर** कवितासङ्ग्रह वि.सं. २०३५ सालमा नारयण गोपालद्वारा प्रकाशित भएको कृति हो । यसको संरचना आवरण पृष्ठ, भूमिका खण्ड तथा मूलपाठ गरी जम्मा ६० पृष्ठमा संरचित छ । यसको मूल पाठ चाहिँ ४८ पृष्ठमा फैलिएको छ । यी कविताहरूको संरचना एकै किसिमको छ । यी कविताहरू जम्मा १० पङ्क्तिमा संरचित छन् । प्रत्येक कवितामा दुई पङ्क्तिको एउटा र चार-चार पङ्क्तिका दुईवटा गरी जम्मा १० पङ्क्ति छन् ।

यस कवितासङ्ग्रहका कविताहरू निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

| क.सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | शंकरको हात | ३ | १० | १ |
| २ | जय गान | ३ | १० | २ |
| ३ | मंगल गान | ३ | १० | ३ |
| ४ | सुदृष्टि | ३ | १० | ४ |
| ५ | वरदान | ३ | १० | ५ |
| ६ | दर्शन | ३ | १० | ६ |
| ७ | आर्य भूमि | ३ | १० | ७ |
| ८ | जाँगर | ३ | १० | ८ |
| ९ | हाम्रो गौरव | ३ | १० | ९ |
| १० | मोहित | ३ | १० | १० |

| | | | | |
|---|---|---|---|---|
| ११ | मूल्य | ३ | १० | ११ |
| १२ | उत्साह | ३ | १० | १२ |
| १३ | बाटोमा | ३ | १० | १३ |
| १४ | मजदुर हौँ | ३ | १० | १४ |
| १५ | मनोहर | ३ | १० | १५ |
| १६ | साहस | ३ | १० | १६ |
| १७ | स्वदेशगान | ३ | १० | १७ |
| १८ | कर्म–थलो | ३ | १० | १८ |
| १९ | घर–बारी | ३ | १० | १९ |
| २० | स्वदेश महिमा | ३ | १० | २० |
| २१ | कर्म–भूमि | ३ | १० | २१ |
| २२ | ज्योति समान | ३ | १० | २२ |
| २३ | सुखको बाटो | ३ | १० | २३ |
| २४ | पसीना झारे | ३ | १० | २४ |
| २५ | प्यारो देश | ३ | १० | २५ |
| २६ | जन जीवन | ३ | १० | २६ |
| २७ | शन्तिको प्रभाव | ३ | १० | २७ |
| २८ | माटोमा | ३ | १० | २८ |
| २९ | तन मनले | ३ | १० | २९ |
| ३० | यो देश मेरो हो | ३ | १० | ३० |
| ३१ | देश महिमा | ३ | १० | ३१ |
| ३२ | आमा नेपाली | ३ | १० | ३२ |
| ३३ | सीपको धारा | ३ | १० | ३३ |
| ३४ | हरेक प्रहर | ३ | १० | ३४ |
| ३५ | भविष्यको सपना | ३ | १० | ३५ |
| ३६ | प्राकृतिक साधन | ३ | १० | ३६ |
| ३७ | बाँचुन्जेल | ३ | १० | ३७ |
| ३८ | वन्य जन्तु | ३ | १० | ३८ |
| ३९ | जरुरी यही छ | ३ | १० | ३९ |
| ४० | मन मन्दिर | ३ | १० | ४० |
| ४१ | कथा | ३ | १० | ४१ |
| ४२ | शान्ति यता | ३ | १० | ४२ |

| | | | | |
|---|---|---|---|---|
| ४३ | आकर्षक केन्द्र | ३ | १० | ४३ |
| ४४ | सत्यको दर्शन | ३ | १० | ४४ |
| ४५ | मेरो देश अनि म | ३ | १० | ४५ |
| ४६ | प्राण भन्दा प्यारो | ३ | १० | ४६ |
| ४७ | सन्देश | ३ | १० | ४७ |
| ४८ | खोज | ३ | १० | ४८ |

### ४.४.२ विषयवस्तु र भाव

विषयवस्तु र भावका दृष्टिले यो कवितासङ्ग्रहका कविताहरू मुख्यगरी आफ्नै देश र जनतासित सम्बद्ध रहेका र खासगरी स्वदेशकै महिमा गाउनमा केन्द्रित रहेका देखिन्छन् । कुनै कुनै कवितामा विश्वबन्धुत्व र मानवतावादी भाव भेटिन्छ भने कुनै कुनै कवितामा आर्य वा वैदिक संस्कृतिप्रति अगाध ममता देखाइएको पाइन्छ । कुनै कवितामा रिमालले हिमाल, लाली गुराँस, सिम्रिक, डाँफे, मुनाल, गाई, आदि विषयवस्तु प्रयोग गरेका छन् भने कुनै कवितामा जनक, बुद्ध, पृथ्वीनारायण जस्ता राष्ट्रिय विभूतिहरूप्रति आकर्षण प्रकट गरेका छन् । हिमाल, लाली गुराँस आदि विषयवस्तु प्रयोग गरी लेखिएको कवितांश यसप्रकार छ :

बस्ति छ गौरीशंकरको अति नै सुन्दर मन्दिर

बस्दछौं हामी नरनारी राष्ट्रिय झण्डा मुन्तिर

शिरको रेखा सिम्रिकले शोभा दिँदै टल्किन्छ

लाली गुराँस सिउँरिँदा सुन्दरताले झल्किन्छ (आमा नेपाल, पृ. ३२) ।

भैरवनाथ रिमालले कुनै कवितामा शिव, पार्वती, देव, देवी, ईश्वर प्रति भक्तिभाव दर्शाइएका कविताहरू पनि यस सङ्ग्रहमा सङ्ग्रहीत छन् । शंङ्करको आशीर्वादको कामना गर्दै लेखिएको श्लोक यस्तो छ :

"ए राजा तिम्रो शिरमाथि रहिरहोस् हात शंङ्करको ।

दिई रहुन सदा सर्वदा बरदान शुभ-मङ्गलको ॥" (शङ्करको हात पृ. १)

प्रस्तुत कवितामा कविले शङ्करले नेपाल र नेपाल नरेशको मङ्गल गरुन् भन्ने भाव व्यक्त गरेका छन् । यसैगरी कदमले राष्ट्रिय विभूतिको प्रसङ्ग पनि ठाउँ ठाउँमा ल्याएका छन् ; जस्तै :

"फैलाए प्रकाश ज्ञानको जनकले सुद्ध यहीँ नै ।

शान्तिको दैलो खोलेथे जन्म लि वुद्ध यहीँ नै ॥" (मोहित पृ. १०)

यस्ता किसिमका विषयवस्तुको प्रयोग गरेर लेखिएका उनका यस सङ्ग्रहका कविताले जनतामा राष्ट्रियता र राष्ट्रवादी भावनाको प्रचारप्रसार गरेर राष्ट्रको समुत्थान गर्नु पर्ने सुझाव दिएका छन् ।

### ४.४.३ भाषाशैली

भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित **हरेक प्रहार अनेक लहर** कवितासङ्ग्रहमा सङग्रहीत कविताको भाषाशैली मध्यम खालको छ । उनले साधारण पाठकले पनि सजिलैसँग बुझ्न सक्ने खालको सामान्य शब्द प्रयोग गरेका छन् । तत्सम, तद्भव तथा आगन्तुक शब्दको प्रयोग त्यति धेरै प्रयोग गरेका छैनन् । ती शब्दहरू धेरै अघिदेखि नेपाली भाषामा प्रयोग गरेका छैनन् । ती शब्दहरू धेरै अघिदेखि नेपाली भाषामा प्रयोग भएकाले तत्सम तथा तदभव र आगन्तुक शब्दहरू नयाँ लाग्दैनन् । अलङ्कारका दृष्टिले यस कवितासङ्ग्रहमा अन्त्यानुप्रास अलङ्कार सबै प्रकारका गीतमा दुई-दुई पङ्क्तिमा पारिएको छ । उनका यी कविता मध्ये कुनै कविताले लोकलय तथा कतिपयले चाहिँ आधुनिक लय अँगालेका छन् । ठाउँठाउँमा पङ्क्ति-पङ्क्तिमा शब्दसङ्ख्या तथा मात्रा घटी बढी भएर लेख्य रूपमा लय नमिले जस्तै देखिन्छ, तर उच्चारणका हिसाबले चाहि प्राय : मिलेकै देखिन्छ । बिम्ब- विधान वा शिल्प-प्रविधिमा खास त्यस्तो वैशिष्ट्य केही नपाइए तापनि सुबोध-सुकुमार भाषा र मधुर शैली नै कविताका प्रमुख विशेषता बनेका छन् । अन्त्यानुप्रास अलङ्कार प्रयोग भएको कवितांशको उदाहरण यसप्रकार छ :

हिमाली यही पाखामा नयाँ किरण आउँछ

शिखरमा मीठा सपना, मुनाल डाँफे पाउँछ (प्यारो देश, पृ. २५) ।

उपर्युक्त पङ्क्तिहरूको अन्त्यमा आएको 'आउँछु'र 'पाउँछु' अन्त्यानुप्रासको रूपमा प्रयोगभएका छन् । भैरवनाथ रिमालले शान्तिको प्रतीकको रूपमा नेपाललाई र विश्वको महान शिरताजको प्रतीकको रूपमा हिमाललाई राखेका छन् । उनले यस सङ्ग्रहका कवितामा शङ्कर, ईश्वर, बुद्ध आदि मिथकीय बिम्बको पनि ठाउँअनुसार प्रयोग गरेका छन् ।

समग्रमा भैरवनाथ रिमाल 'कदम' को कृति **हरेक प्रहर अनेक लहर** लाई हेर्दा विषयवस्तु र भाव, भाषाशैली, बिम्ब, प्रतीक, अलङ्कार आदिका दृष्टिले उत्कृष्ट काव्य सङ्ग्रह हो । यो काव्य विशेष गरी राष्ट्रिय कविताहरूको सङ्ग्रह हो । उनले यस कृतिमा सरल शब्दाका सहज र सशक्त भावाभिव्यञ्जना पोखेका छन् । उनले राष्ट्रको राष्ट्रियता र प्रकृतिलाई अँगालेर चित्र कोरेका छन् । सबैले मन पराउने र रुचाउने मधुर शैलमि रचना कौशल अभिव्यक्त गर्नुका साथै उनले यस कृतिको भाषा सहज तथा मनोरम बनाई साहित्य-मन्दिरलाई चढाएका छन् ।

## ४.५ 'नेमुनिको सपना' कवितासङ्ग्रहको विश्लेषण

### ४.५.१ कृति परिचय

भैरवनाथ रिमालद्वारा लिखित र मङ्गलदेव परियारद्वारा वि.सं. २०३३ सालमा प्रकाशित कवितासङ्ग्रह **नेमुनिको सपना** आवरण पृष्ठ, भूमिका खण्ड तथा मूलपाठ गरी जम्मा ६० पृष्ठमा संरचित छ । यस कवितासङ्ग्रमा एक पङ्क्तिदेखि १२ पङ्क्ति सम्मका जम्मा ४८ वटा कविताहरू सङ्ग्रहीत छन् । यस कवितासङ्ग्रहमा रहेका ४८ वटा कविताहरू मध्ये ४७ वटा कविताहरू १० पङक्तिको आयाममा संरचित छन् भने एउटा 'प्रभाव' (पृ. ३२) कविता १२ पङ्क्तिको आयाममा संरचित छ ।

यस कवितासङ्ग्रहका कविताहरूलाई तालिकामा यसप्रकार देखाउन सकिन्छ :

| क्र. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | मङ्गल ध्वनी | ३ | १० | १ |
| २ | सगुन | ३ | १० | २ |
| ३ | शुभ मङ्गल | ३ | १० | ३ |
| ४ | आशीर्वाद | ३ | १० | ४ |
| ५ | देश महिमा | ३ | १० | ५ |
| ६ | कामना | ३ | १० | ६ |
| ७ | हाम्रो राजा | ३ | १० | ७ |
| ८ | भू-स्वर्ग | ३ | १० | ८ |
| ९ | मुटुका प्राण | ३ | १० | ९ |
| १० | दर्शन | ३ | १० | १० |
| ११ | शान्ति क्षेत्र | ३ | १० | ११ |
| १२ | परिपूर्ण | ५ | १० | १२ |
| १३ | पहिलो चरण | ३ | १० | १३ |
| १४ | साहस | ३ | १० | १४ |
| १५ | विश्वको सामु | ५ | १० | १५ |
| १६ | बन सजाऊ | ३ | १० | १६ |
| १७ | शुभ आशीष | ३ | १० | १७ |
| १८ | गौरव गाथा | ३ | १० | १८ |
| १९ | श्रम | ३ | १० | १९ |
| २० | आकर्षक केन्द्र | ३ | १० | २० |

| | | | | |
|---|---|---|---|---|
| २१ | हाम्रो प्यारो देश | ५ | १० | २१ |
| २२ | म माली हुँ | ३ | १० | २२ |
| २३ | नेपाल गौरव | ५ | १० | २३ |
| २४ | धुलो छोएर | ३ | १० | २४ |
| २५ | वृक्ष लगाउँ | ३ | १० | २५ |
| २६ | समूह गान | ३ | १० | २६ |
| २७ | वालगीत | ३ | १० | २७ |
| २८ | मङ्गल कामना | ३ | १० | २८ |
| २९ | हाम्रो देश | ३ | १० | २९ |
| ३० | आशीष | ३ | १० | ३० |
| ३१ | कर्म | ३ | १० | ३१ |
| ३२ | प्रभाव | – | १२ | ३२ |
| ३३ | सत्यको दर्शन | ३ | १० | ३३ |
| ३४ | सुनौला कथा | ३ | १० | ३४ |
| ३५ | संकल्प | ३ | १० | ३५ |
| ३६ | मेरो देश | ३ | १० | ३६ |
| ३७ | ममता | ५ | १० | ३७ |
| ३८ | शंखनाद | ३ | १० | ३८ |
| ३९ | बगाउँ सदा पसिना | ३ | १० | ३९ |
| ४० | मेरो देश अनि म | ३ | १० | ४० |
| ४१ | सर्बदा | ३ | १० | ४१ |
| ४२ | प्रति दिन | ३ | १० | ४२ |
| ४३ | प्राणभन्दा प्यारो | ३ | १० | ४३ |
| ४४ | कथा | ३ | १० | ४४ |
| ४५ | माग | ३ | १० | ४५ |
| ४६ | नेपाली गौरव | ३ | १० | ४६ |
| ४७ | हरेक प्रहर | ३ | १० | ४७ |
| ४८ | हाम्रो गौरव | ३ | १० | ४८ |

### ४.५.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल 'कदम' ले आफूभित्र जागेको राष्ट्रियताप्रतिको आदर भावलाई प्रमुख विषयवस्तु बनाएर सिर्जना गरेका कविता **नेमुनिको सपना** नामक कवितासङ्ग्रहमा समेटिएका छन् । राष्ट्रिय सम्पदा, परिश्रम, माया-प्रीति, सुख-दुःख आदिलाई पनि उनले

आफ्ना कविताको विषयवस्तु बनाएका छन् । उनले तत्कालीन शासन, राष्ट्रिय सम्पदा तथा राष्ट्रप्रति सकारात्मक भावना निर्माण गर्ने उद्देश्यले अन्तर मनमा जागेको राष्ट्र र राष्ट्रियताप्रतिको आदर भावलाई यस सङ्ग्रहका कवितामार्फत प्रस्तुत गरेका छन् । उनले यस कृतिका अगाडिका केही कविताको विषयवस्तु ईश्वरलाई बनाएका छन्  भने पछाडिका केही कविताको विषयवस्तु देश महिमा, राष्ट्रिय सम्पदा आदिलाई बनाएका छन् । देवर्षि, महर्षि आदिलाई विषयवस्तु बनाएर लेखिएको कवितांशको उदाहरण यसप्रकार छ :

परमेश्वर सदा सर्वदा सुदृष्टि राखुन् गाथमा

वर्षाउन् अमृत अविरल अभिशेष गर्दै माथमा

महर्षि चुकुन् मुलमन्त्र यो घडी चारै बेदको

देवर्षि फूल बर्षाउन् निरन्तर यही वेसको        (मङ्गल ध्वनि, पृ. १) ।

उक्त कवितांशमा भैरवनाथ रिमाल ‘कदम’ ले यो देश र नरेश प्रति सदा सुदृष्टि राखुन्, महर्षिले चुकेका वेदका मन्त्र र देवर्षिले वर्षाएका फूलका पत्रपत्रले देश र नरेशको कल्याण गरुन् भन्ने भाव व्यक्त गरेका छन् ।

भैरवनाथ रिमालले लेखेका यस सङ्ग्रहका कविताका विषयवस्तुमा विविधता पाइन्छ । यो देशमा जन्मेर आफू जन्मेको देशलाई विश्वसामु चिनाउन योगदान गर्ने मानिसहरूको गुणगानका साथै नेपालका रमाइला भू-भागलाई पनि उनले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । त्यस्तो कवितांश यसप्रकार छ :

पार्वती हिम शिखरमा शंकर देख्थे ध्यानले

पाएर सीता नेपालकी जोडेथे नाता रामले

चुमेथे मोटो जनकले जानेर पुण्य नेपाल

शान्तिको चाह बुद्धले राखेथे शुद्ध विशााल       (देश महिमा, पृ. ५) ।

यसैगरी भैरवनाथ रिमालले जटिल अवस्थामा पनि नेपाल आमाका सन्तानहरूले देशको रक्षा गर्न छोड्दैनन् भन्ने कुरालाई पनि कवितामा वर्णन गरेका छन् । त्यस्तो वर्णन गरिएको कवितांश यसप्रकार छ :

मुटुको हरेक नशाामा तातो साहस उमाली

प्रण गर्छौं सदा देशको निम्ति एक भै नेपाली    (नेपाली गौरव, पृ. ४६)

उपर्युक्त कवितांशमा नेपालीहरूले कठिन घडीमा पनि नशा-नशामा भएको साहस बटुली देशको रक्षा गर्न जुट्ने प्रवृत्तिको वर्णन गरिएको छ ।

भैरवनाथ रिमाल 'कदम' को यस कवितासङ्ग्रहमा पुर्खाको गौरवगान, राष्ट्र र राष्ट्रियता प्रति सद्‌भाव, राष्ट्रको सम्पदाको हित भाव र स्वाभिमान आदिजस्ता भाव प्रखर भएर आएको पाइन्छ । उनी आफूमा देशभक्तिको भावना भएर पनि होला-आफ्ना पुर्खाको योगदान सम्झेर देश, शासक, राष्ट्रिय सम्पदा प्रति सचेत भई बाँच्दा मानिसहरू असल नागरिक बन्न सक्छन् भन्ने भाव कविताले बोकेका छन् । उक्त भाव व्यक्तभएको कविताको अंश यसप्रकार छ :

हरियाली यिनै जङ्गलमा कस्तुरी छर्छन सुवास

मिल्दछ दर्शन शंकरको यहीनै शुभ-प्रभात

मङ्गल ध्वनि सगुनको सर्वदा नीत्य गुन्जिन्छ

हर घडी बुद्ध संझिदा शान्तिको पाठ बुझिन्छ (भू-स्वर्ग, पृ. ८) ।

देशको ठूलो महत्व छ । त्यसैले आफूलाई प्राप्त भएका अवसरहरूमा उपयुक्त कार्य गर्न सक्नु पर्दछ । त्यस्तो कार्यले मान्छेले धर्तीमा लिएको जन्म सार्थक बनाउँछ । यो कुरा देशलाई सधैं जोगाउन आफू माली बन्ने विचार गरेबाट उक्त कुरा प्रष्ट हुन्छ । यसरी भैरवनाथ रिमालको कवितासङ्ग्रहका कवितामा देशभक्ति पूर्ण भाव व्यक्त भएको पाइन्छ ।

### ४.५.३ भाषाशैली

भाषाशैलीका दृष्टिले भैरवनाथ रिमालको यो **नेमुनिको सपना** नामक कवितामासङ्ग्रहका कविता सरल र संवेद्य भाषाशैलीमा संरचित छन् । पद्यात्मक शैलीमा लेखिएका उनका कवितालो देशभक्तिको भाव बोकेका छन् । कविताको भाषा सरल, संवेद्य र कर्णप्रिय भए पनि तत्सम शब्दहरूको प्रयोगले सामान्य पाठकका लागि मानसिक कसरत गराउने खालका छन् । उनले गीति शैलीमा पनि कविता लेखेका छन् । यसको उदाहरणका लागि सानो कवितांश यसप्रकार छ :

सुन सुन मेरा प्यारा भाइ बहिनी आज

सधैं यही भावनाले जानी बुझी राख (बालगीत, पृ. २७) ।

यसैगरी कवि रिमालले दोहोरी वा नाटकीय शैलीमा पनि कविता सिर्जना गरेका छन् ; जस्तैः

पु. हामीले जस्तै धरतीको माटो जनकले जोतेथे

हामीले जस्तै शान्तिको चाह बुद्धले बोलेथे

म. पार्वती जस्तै पवित्र हामी कदापि बिर्सन्नौं

आदर्शशक्ति सीताको सम्झी पछाडि लत्रन्नौं (समूह गान, पृ. २६) ।

भैरवनाथ रिमालका कवितामा व्यख्यात्मक, वर्णनात्मक तथा स्तुत्यात्मक शैलीको प्रचुरता रहेको छ । उनका यस सङ्ग्रहका कविताहरू लयबद्ध पनि छन् । यस कृतिभित्रका सबै कविताहरू पद्यलयमा सिर्जना गरिएका छन् । उचित अन्त्यानुप्रासको प्रयोगले अन्तर्ललयलाई अझ स्पष्ट र संवेद्य तथा आस्वाद्य तुल्याएको छ । अन्त्यानुप्रास अलङ्कारको प्रयोगले प्राय : सबै कवितामा गरिएको छ भने केही कवितामा अतिशयोगक्ति, उपमा, दृष्टान्त आदि अलङ्कारको प्रयोग गरिएको छ । उपमा अलङ्कार प्रयोग गरिएको कविताको उदाहरणांश यस प्रकार छ :

हामीले जस्तै धरतीको माटो जनकले जोतेथे

हामीले जस्तै शान्तिको चाह बुद्धले बोलेथे (समूह गान, पृ. २६) ।

भैरवनाथ रिमालले यस कवितासङ्ग्रहमा विभिन्न बिम्बको प्रयोग गर्ने क्रममा 'नेमुनि' शब्द राखेका छन् । नेपाल देशको नामकरणसँग सम्बन्ध भएको 'नेमुनि' शब्दले हाम्रो मानसपटलमा एउटा बिम्ब तयार गर्दछ । यसै क्रममा उनले विभिन्न कवितामा ईश्वर, जनक, बुद्ध, सीता, पार्वती, अरनीको, शङ्ख, शङ्कर, भृकुटी आदि मिथकीय बिम्बको प्रयोग गरेर पाठक, भावक वा श्रोताको मानसिकतालाई पौराणिकतालाई धकेलेको छ ।

समग्रमा भैरवनाथ रिमालको **नेमुनिको सपना** नामक कवितासङ्ग्रहको अध्ययन गर्दा उनको जीवनमा अनेक तरहका आरोह तथा अवरोहहरू आएको बुझिन्छ । त्यस्ता कठिन परिस्थितिमा मनमा उठका भावनालाई कवितामा पोखेर यो कृति तयार पारेका छन् । यसमा सङ्गृहीत कविताहरूमा उनले वीर रसको प्रधानता देखाएका छन् । उक्त कवितासङ्ग्रहको आधारमा उनलाई राष्ट्रवादी कविको दर्जामा र उक्त सङ्ग्रहलाई राष्ट्रिय कवितासङ्ग्रहको दर्जामा राख्न सकिन्छ ।

## ४.६ 'कहाँ छैन आँसु' गीतिकवितासङ्ग्रहको अध्ययन

### ४.६.१ कृति परिचय

गीतकार भैरवनाथ रिमाल नेपाली गीति क्षेत्रका पाठक तथा श्रोताहरूका लगि सुपरिचित नाम हो । साहित्यको अन्य विधाहरूमा जस्तै गीतिकाव्यका क्षेत्रमा समेत आफ्नो स्थान कायम राख्न सफल रिमालले वि.सं. २०५५ सालमा **कहाँ छैन आँसु** नामक गीतिसङ्ग्रह प्रकाशन गर्न सफल बनेका छन् । यो गीतिकवितासङ्ग्रह वाणी प्रकाशन, विराटनगरले प्रकाशित गरेको हो । आवरण पृष्ठ, भूमिका खण्ड तथा मूलपाठ गरी जम्मा ६८ पृष्टहरूमा संरचित प्रस्तुत कृतिमा उनले एकसय एकवटा गीतहरू सङ्गृहीत गरेका छन् । अधिकांश गीतहरू आठ हरफमा संरचित भए पनि एउटा गीत १२ हरफमा पनि संरचित देखिए पनि उक्त गीतलाई छ हरफको संरचनामा ढाल्न सकिने देखिन्छ ।

प्रस्तुत गीतिकवितासङ्ग्रहका कविताहरूलाई तालिकामा यसप्रकार देखाउन सकिन्छ :

| क्र. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | आँसुको नहर | ४ | ८ | १ |
| २ | मान्छे | ३ | ८ | १ |
| ३ | संजोग | ३ | ८ | २ |
| ४ | कर्मको फल | ३ | १० | २ |
| ५ | म ठान्छु | ३ | ८ | ३ |
| ६ | हर सन्ध्या | ३ | ८ | ३ |
| ७ | बिरानो | ३ | ८ | ४ |
| ८ | गीत | ३ | ८ | ४ |
| ९ | वोल्यो | ३ | ८ | ५ |
| १० | मिल्छ | ३ | ८ | ५ |
| ११ | अन्तर तरंग | ३ | ८ | ६ |
| १२ | संजोगको प्रभाव | ३ | ८ | ६ |
| १३ | अन्तरमा | ३ | ८ | ७ |
| १४ | माली | ३ | ८ | ७ |
| १५ | दिएँ | ३ | ८ | ८ |
| १६ | वन छैन | ३ | ८ | ८ |
| १७ | गुन | ३ | ८ | ९ |
| १८ | चाहमा | ३ | ८ | ९ |
| १९ | नाछि सक्यो | ३ | ८ | १० |
| २० | पुगेँ | ३ | ८ | १० |
| २१ | देख्छु | ३ | ८ | ११ |
| २२ | डुब्छ | ३ | ८ | ११ |
| २३ | खुसी | ३ | ८ | १२ |
| २४ | सगरको शिर | ३ | ८ | १२ |
| २५ | देउ दु:ख | ३ | ८ | १३ |
| २६ | यथार्थ | ३ | ८ | १३ |
| २७ | तस्बीर | ३ | ८ | १४ |
| २८ | मिठो लाग्छ | ३ | ८ | १४ |
| २९ | इच्छा | ३ | ८ | १५ |

| | | | | |
|---|---|---|---|---|
| ३० | उजाडले रुन्छ | ३ | ८ | १५ |
| ३१ | देख्न | ३ | ८ | १६ |
| ३२ | भित्र | ३ | ८ | १६ |
| ३३ | खोजिमा | ३ | ८ | १७ |
| ३४ | रम्ने आँगन | ३ | ८ | १७ |
| ३५ | नदिऊँ | ३ | ८ | १८ |
| ३६ | थाल्यो | ३ | ८ | १८ |
| ३७ | बन्छ | ३ | ८ | १९ |
| ३८ | वगर | ३ | ८ | १९ |
| ३९ | वासन्ती वहार | ३ | ८ | २० |
| ४० | झोपडीको छायाँ | ३ | ८ | २० |
| ४१ | वेकार | ३ | ८ | २१ |
| ४२ | बाँझो | ३ | ८ | २१ |
| ४३ | रुन्छ | ३ | ८ | २२ |
| ४४ | दिन्न | ३ | ८ | २२ |
| ४५ | आइ | ३ | ८ | २३ |
| ४६ | गीतमा | ३ | ८ | २३ |
| ४७ | आफ्नै मुटुमाझ | ३ | ८ | २४ |
| ४८ | पानाभरी | ३ | ८ | २४ |
| ४९ | पहिरो | ३ | ८ | २५ |
| ५० | बनचरी रुँदै | ३ | ८ | २५ |
| ५१ | म कतै | ३ | ८ | २६ |
| ५२ | धूनमा | ३ | ८ | २६ |
| ५३ | को छ | ३ | ८ | २७ |
| ५४ | कहिले | ३ | ८ | २७ |
| ५५ | आश | ३ | ८ | २८ |
| ५६ | हल्ला हुनु भयो | ३ | ८ | २८ |
| ५७ | अन्त्य | ३ | ८ | २९ |
| ५८ | सिङ्गो खाम | ३ | ८ | २९ |
| ५९ | दिन्न | ३ | ८ | ३० |
| ६० | स्वीकार | ३ | ८ | ३० |
| ६१ | व्यर्थै जन्म | ३ | ८ | ३१ |

| | | | | |
|---|---|---|---|---|
| ६२ | समय | ३ | ८ | ३१ |
| ६३ | हेर्दा | ३ | ८ | ३२ |
| ६४ | साथ | ३ | ८ | ३२ |
| ६५ | तान्छु | ३ | ८ | ३३ |
| ६६ | इतिहाँस | ३ | ८ | ३३ |
| ६७ | न्यानो घाम | ३ | ८ | ३४ |
| ६८ | कागज | ३ | ८ | ३४ |
| ६९ | दाँज्न | ३ | ८ | ३५ |
| ७० | कस्तो यो अनर्थ | ३ | ८ | ३५ |
| ७१ | यस्तै लाग्छ | ३ | ८ | ३६ |
| ७२ | ठाउँ लिइबस्छ | ३ | ८ | ३६ |
| ७३ | लाग्छ | ३ | ८ | ३७ |
| ७४ | च्यतिएर | ३ | ८ | ३७ |
| ७५ | वातावरण | ३ | ८ | ३८ |
| ७६ | मेरो जीवन | ३ | ८ | ३८ |
| ७७ | विछोडमा | ३ | ८ | ३९ |
| ७८ | जीवन कथा | ३ | ८ | ३९ |
| ७९ | एक्लै | ३ | ८ | ४० |
| ८० | यात्रा | ३ | ८ | ४० |
| ८१ | विरही | ३ | ८ | ४१ |
| ८२ | थुङ्गा | ३ | ८ | ४१ |
| ८३ | दुई थोपा आँसु | ३ | ८ | ४२ |
| ८४ | कथा | ३ | ८ | ४२ |
| ८५ | अमृत पनि | ३ | ८ | ४३ |
| ८६ | दाग | ३ | ८ | ४३ |
| ८७ | दिन्छ | ३ | ८ | ४४ |
| ८८ | टेकिदैन | ३ | ८ | ४४ |
| ८९ | विवश | ३ | ८ | ४५ |
| ९० | खुल्यो | ३ | ८ | ४५ |
| ९१ | मेरो | ३ | ८ | ४६ |
| ९२ | मेरा | ३ | ८ | ४६ |
| ९३ | तिम्रै मात्र | ३ | ८ | ४७ |

| | | | | |
|---|---|---|---|---|
| ९४ | बाटो | ३ | ८ | ४७ |
| ९५ | जीवनप्रति | ४ | ८ | ४८ |
| ९६ | हाँस्छ | ४ | ८ | ४८ |
| ९७ | दिउन् | ३ | ८ | ४९ |
| ९८ | वहार | ३ | ८ | ४९ |
| ९९ | पातसरी | ३ | ८ | ५० |
| १०० | घुम्तिमा | ३ | ८ | ५० |
| १०१ | मेरो निम्ति | ३ | १२ | ५१ |

### ४.६.२ विषयवस्तु र भाव

आफ्ना भाव र भावनाहरू, सुसेली र वेदनाहरूका साथै विसङ्गति र विद्रोहलाई लयात्मक अनुभूतिका साथ गेय रूपमा प्रस्तुत गर्ने भैरवनाथ रिमालका गीतमा राष्ट्र र राष्ट्रियताको चित्र उतारिएको पाइन्छ । चन्द्र र सुर्य जस्तै राष्ट्र बनोस् र राष्ट्रमा शान्ति र उन्नति होस भन्ने चाहना राख्ने रिमालले देशको वर्तमान अवस्थालाई देखेर निराश बन्दै आफ्नो भाव यसरी व्यक्र गर्दछन् :

किन हो किन जिन्दगी लाग्छ निर्जीको छायाँ भैं

हरेक क्षणको धड्कन्मा देख्छु निर्दोषी माया नै (कर्मको फल, पृ. २)

धड्कन निर्दोष हुँदाहुँदै पनि जिन्दगीलाई निर्जीवको छाया जस्तै देख्ने कदमले जीवनभर सङघर्ष गर्नु परेको भाव यसरी प्रस्तुत गर्दछन् :

संसारी मार्ग रुमल्लिरहें कठोर खेल खेल्दै

हुत्याई लान्छ शून्यको सारमा भाग्यले धकेल्दै

सकिन गर्न जिन्दगी भर नै अनुमान आफैंको (म ठान्छु,पृ. ३) ।

गीतका माध्यमबाट नेपालीहरूको कथा-व्यथा पोख्दै विपत्ति र विद्रोहका भाव प्रकट गर्ने अनि आँसु आँसुले भिजेको विरह-वेदना पोख्ने रिमालले वर्तमान अवस्थाको विसङ्गतिलाई यसरी चित्रण गर्छन् :

दुःख र पीरको बोभिलो भारी बिसाउने ठाउँ छैन

बेदना उर्लि भूमरी पर्छन् निदाउने गाउँ छैन

मनको ताप विपत्को राप छन् पोल्ने तरखरमा (अन्त्रमा, पृ. ७) ।

दुःख र पीरको भारी बिसाउने ठाउँ नपाएका गीतकार भैरवनाथ 'कदम' मनमा वेदना उर्लिएर आउँदासमेत् निदाउने गाउँ नपाएको भाव प्रस्तुत कवितामा प्रकट भएको छ ।

वर्तमान निराश भएको अवस्थामा मान्छेहरू पीरै पीरमा रन्थनिका छन् । घात-प्रतिघात, हत्या, हिंसा, अशान्ति, विद्रोह बढेको छ । जसको कारण वसन्तको सुन्दर हरियालीमा पनि उदास भएर बाँच्नु पर्ने भाव निम्न गीतमा रहेको छ :

आफ्नै जीवन आफैंदेखी माग्छ बिदाइ भिख

भाग्य लेख्ने भावी खोज्दा बन्छ अमृत विष (भित्र पृ. १६) ।

भैरवनाथ रिमाल 'कदम'का गीतहरूमा पीडा पोखिएको हुन्छ ;हृदय भरिभरि चोटै चोट लागेको कथा हुन्छ । उनका गीतहरूमा आजका मान्छेहरूमा घाउ नै घाउ भरिए झैं, आँसु नै आँसु भरिएझैं पीर-व्यथामा जलेका मान्छेहरूका वेदना अभिव्यक्ति भएका पाइन्छन् । वास्तवमा जीवन भन्नु दुःख र वेदनाको घर हो र सुख भन्ने कुरा कहिले काहीँ मात्र मिल्ने उपहार हो भन्ने भाव *'टेकिदैंन'* शीर्षकको कविताका माध्यमबाट उनी यसरी व्यक्त गर्दछन् :

हरियाली बसन्तको खोजि हिँड्छ मन

देख्न थाले दुवै आँखा उजाडको वन

स्वच्छ सफा वातावरण कहीँ दखिँदैन (टेकिँदैन, पृ. ४४) ।

राष्ट्रभाव, वर्तमान विसङ्गतिका साथै माया-प्रेमका गीत रचना गर्ने गीतकार भैरवनाथ रिमाल आफ्नो प्रेमिकालाई बहार बनी आइदेऊ भन्ने भाव यसरी प्रकट गर्छन :

उजाडसँगै बाहर बनी तिनी आइदेऊ

भावनाको फूल उनी माला सजाइदेउ, (कथा, पृ. ४२) ।

माया भन्ने कुरा मायालुको मुटु पोल्ने राप रहेछ ; जसले मुटुमा भित्रभित्रै घाउ पार्दो रहेछ भन्ने कुरा गीतकार यसरी व्यक्त गर्छन् :

माया रै छ मायालुको मुटु पोल्ने राप

भित्र भित्रै घाउ पार्ने कस्तो रै छ ताप (दाग, पृ. ४३) ।

मायालुको यादमा हरपल तड्पिएर बस्ने प्रेमीको कारुणिक चित्रण गर्दै गीतकार भन्छन् :

आँसु झर्छ तिम्रो यादमा सिरानी पो भिज्छ

सुन सानको एकान्तमा दीप त्यसै निभ्छ (तिम्रै मात्र, पृ. ४७) ।

यसरी समग्र विषयवस्तु तथा भावको अध्ययन गर्दा भैरवनाथ रिमाल 'कदम'को **'कहाँ छैन आँसु'** गीतिसङ्ग्रहका गीतहरूमा राष्ट्रप्रेम, देशभक्त, वर्तमान विसङ्गतिका साथै माया-प्रेमका रचनाहरूले महत्त्वपूर्ण स्थान पाउन सफल बनेका छन् ।

### ४.६.३ भाषाशैली

भैरवनाथ रिमालले **कहाँ छैन आँसु** गीतिकविता सङ्ग्रहका रचनाहरूमा सरल, सरस र सुवोध्य भाषाशैलीका माध्यमबाट मिठासपूर्ण लयको तथा गेयात्मकताको सिर्जना गरेका छन् । उनका अधिकांश कविताहरू गीति लयमा गाउन सकिने खालका छन् । तत्सम तथा तद्भव शब्दहरूको प्रचुर प्रयोगका साथै कहीँ कतै तद्भव शब्दको प्रयोग गरिए तापनि उनका कविताहरू उत्कृष्ट नै बन्न पुगेका छन् । उनले यो गीतिकवितामा अन्त्यानुप्रास अलङ्कार प्रयोग गरी लयको सिर्जना गरेका छन् ; जस्तै :

म त मान्छे मानिस देखि किन टाढा रै छु

एकान्तको वस्तीमा पो मुल्य गाढा मै छु (मान्छे, पृ. १) ।

यी माथिका हरफहरूमा 'टाढा रै छु' र 'गाढा भै छु' जस्ता शब्दहरूको प्रयोगले लयलाई मिठासपूर्ण बनाएको छ । यसैगरी कदमको गीतहरूमा अन्त्यानुप्रास अलङ्कारका माध्यमबाटै यसरी लय सिर्जना गरेका छन् :

गितारको तार छिन्यो धुन रोज्दा रोज्दै

गोधुलिमै रात पऱ्यो जून रोज्दा खोज्दै (गुन, पृ. ९) ।

अर्को उदाहरण यसप्रकार छ :

रात्रि जीवन रमाइलो होइ दिन्न कहिले

देख्ने जून मेरो दुःखमा रोइ दिन्न कहिले (कहिले, पृ. २७) ।

यसैगरी अर्को गीतको उदाहरण यस प्रकार छ :

तार दिलको छिनी दियो जोड्न खोज्दा खोज्दै

मनै मारी चुँडि दियो आफू रोज्दा रोज्दै (यस्तै लाग्छ, ( पृ. ३६)

उपर्युक्त पङ्क्तिहरूमा धुन रोज्दा रोज्दै,जून खोज्दा खोज्दै, होइदिन्न कहिले, रोइदिन्न कहिले जस्ता शब्दहरूको प्रयोग गरी भैरवनाथ रिमालले लयलाई मिठास बनाएका छन् । उनका गीतमा सरल शब्द, सहज अभिव्यक्ति र स्वाभाविक कथनलाई धेरै भन्दा धेरै पाठकहरूले आफ्नै कथा र व्यथाका रूपमा मन पराएका छन् । 'कदम'को प्रस्तुत कवितासङ्ग्रहमा उपमा रूपक अलङ्कारको प्रयोग भएको पाइन्छ ; जस्तै :

आँखाबाट आँसु झर्दा झर्ना सरी झर्छ (च्यतिएर पृ. ३७)

प्रस्तुत गीतांशमा आँसु झर्नु लाई झर्ना झरेको जस्तो वर्णन गरिएको छ । जसले गर्दा अतिशयोक्ति अलङ्कार हुन गएको छ । त्यसैगरी उपमा अलङ्कारको प्रयोग पनि पाइन्छ ;जस्तै :

कुहिरोमा उड्ने चरीको प्वाँखझैँ यो जीवन ठानेर (म ठान्छु पृ. ३)

यस गीतांशमा जीवनलाई कुहिरो, चराको प्वाँखको उपमा दिएका छन् । त्यसकारण उक्त प्रसङ्गमा उपमा अलङ्कारको प्रयोग भएको देखिन्छ । यसप्रकार विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगद्वारा रचना सिर्जना गरेको हुँदा उनका गीतिकविताहरू उत्कुष्ट बन्न पुगेका छन् ।

## ४.७ 'विन्दु' राष्ट्रिय भावनात्मक खण्डकाव्यको अध्ययन

### ४.७.१ कृति परिचय

भैरवनाथ रिमाल 'कदम' द्वारा लिखित र मङ्गलदेव परियारद्वारा वि.सं. २०२९ सालमा प्रकाशित राष्ट्रिय भावनात्मक खण्डकाव्यको संरचना आवरण पृष्ठ, भूमिका खण्ड तथा भूल पाठ गरी जम्मा ७८ पृष्ठमा संरचित छ । यसको मूलपाठ चाहिँ ७० पृष्ठमा संरचित छ । ती पृष्ठहरू अन्तर्गत यसमा दुई सर्ग छन् । ती सर्गहरू मध्ये पहिलो सर्गले स्वदेशी भूमिलाई र दोस्रो सर्गले विदेशी भूमिलाई ओगटेको छ । पहिलो सर्गमा २५७ श्लोकसङ्ख्या र १०२८ पङ्क्ति सङ्ख्या रहेका छन् भने दोस्रो सर्गमा श्लोकसङ्ख्या १४ र पङ्क्ति सङख्या ५६ रहेका छन् । यी सर्गहरूमा श्लोकसङ्ख्या र पङ्क्तिसङ्या वा पङ्क्तिसङख्याले प्रस्तुत खण्डकाव्यको भाव, विचार र अनुभूति प्रवाहलाई सङ्गठित तुल्याएका छन् ।

### ४.७.२ कथानक

भैरवनाथ रिमालद्वारा लिखित 'विन्दु' खण्डकाव्यको कथानक पाँच भागमा विकास भएको छ । यसको कथानकको पाँच भाग र ती सँग सम्बन्धित घटनाक्रमको विवरण तल प्रस्तुत गरिएको छ :

#### ४.७.२.१ आरम्भ भाग

प्रस्तुत खण्डकाव्यको आरम्भ भागमा खण्डकाव्यको नायक पदमले आफ्नी आमा विन्दुलाई आफ्नो बाबु र जन्मस्थलका बोरेमा सोध्नु, आमाले बाबुको गोत्र कौशिक र जन्मस्थल गोरखा जिल्लाको अमरपुर बताउनु, बाबु बिरामी परेको, जागिर खोसिएको, दु:खजिलो गरेर बाबुलाई पालेको, बाबुले बारम्बार पेटमा रहेको बच्चालाई स्याहार सम्भार गर्न भनेको, धेरै समस्या परे माइतमा गएर बस्न भनेको, मनमा कहिल्यै पनि चिन्ता नलिनु,

चौबिसै घण्टा हाँसीखुसी रहनु, ईश्वरको भन्दा विशाल भावना मनमा राख्नु जस्ता अर्ती उपदेशहरू दिनु आदि कुराको वर्णन आमाले छोरासँग गर्नु रहेका छन् ।

यसरी प्रस्तुत खण्डकाव्यको आरम्भ भाग प्रथम श्लोकदेखि ४२ श्लोकसम्म रहेको छ ।

**४.७.२.२ विकास भाग**

'विन्दु' खण्डकाव्यको विकास भागमा आमा विन्दुले छोरो पदमलाई अर्ती - उपदेश दिएकी छन् । अर्ती दिँदै उनी भन्छिन् : छोरो भइसकेपछि अल्छी भएर यो पृथ्वीमा टेक्नु भनेको जिउँदै मर्नुजस्तै हो । खोकिलाभित्र हात राखेर कहिल्यै बस्नु हुँदैन । कुनै पनि कार्यलाई भोलि गरुँला भन्नु हुँदैन । तिम्रो अहिले प्रगति गर्दै शिखरमा पुग्ने बेला छ । कुनै पनि कामलाई सानो वा ठूलो भन्न हुँदैन । गाई-बाख्राको स्याहार-सम्भार गर्नु ;खर्पन, डोको, नाम्लो र दाम्लोको प्रयोग गर्नु, यसो गरेमा यो देश कहिल्यै पनि कङ्गाल हुँदैन । यो धर्तीमा उत्साहले जीवनभरि टेक्नु पर्छ ; शत्रुसँग सधैँ डटेर लड्नु पर्छ । आफ्लो झुपडी होइन कि, आकाशका तारागण हेरेर आफ्नो मन बुझाउनु पर्छ । कहिले सुख र कहिले दुःख भनेका भाग्यशाला हुन् । यी सधैँ कुमालेको चक्र जस्तै घुमिरहन्छन् भन्ने जस्ता अर्ती उपदेशहरू आमाले छोरालाई दिएकी छन् ।

यसरी प्रस्तुत खण्डकाव्यको विकास भाग श्लोक ४३ देखि १८७ सम्म फैलिएको छ ।

**४.७.२.३ उत्कर्ष भाग**

बाबुका पालादेखिको ऋण तिर्नका लागि छोरो पदम विदेश जान आमासँग विदा माग्नु, आमाले ठूलो चिन्ता गर्नु, साहुकी छोरी रजनीले पदमलाई प्रेमको पत्र दिनु, रजनीले आफ्नो उपाय हुने भए ऋणको बन्धन काटिदिने कुरा बताउनु, आमासँग जोडतोडले बिदा माग्नु। आमाले दिनमा एउटा पत्र पठाउन भन्नु, रजनीले ठूलो चिन्ता लिनु, छोरो पदम विदेशबाट फर्केपछि विवाह गरिदिने वचन दिनु, रजनी खुसी हुनु, पदम विदेश लाग्नु आदि यस खण्डकाव्यका उत्कर्ष भाग हुन् ।

यसरी उत्कर्ष भाग श्लोक १८८ देखि २१३ सम्म फैलिएको छ । यसमा आमा र छोराको विछोड भएको छ ।

**४.७.२.४ अपकर्ष भाग**

छोरो पदम विदेशमा पुगेपछि आमा विन्दुले रजनीलाई लेख्न लगाएर छोरालाई पहिलो पत्र पठाउनु, पत्रमा अँध्यारोमा जुनकीरीले झैँ हृदयमा बत्ती बाल्नु, विदेशी धन चाहिँदैन, मन भए पुग्छ भन्ने जस्ता कुराहरू उल्लेख गर्नु, त्यो पत्रको उत्तर पदमले दिनु, त्यो पत्रमा आमाको वात्सल्यमय प्रेम, हिमालयको काख, नेपाली भूमि, नौरङ्गी डाँफे र मुनाल आँखामा

झलझली नाचेको, स्वदेशको माया उच्च रहेको, राष्ट्र र राष्ट्रियता नै प्यारो भएको, हृदयमा मेची र कोसी बगेको जस्ता राष्ट्रिय भावनात्मक कुराहरू उल्लेख गर्नु यस खण्डकाव्यको अपकर्ष भाग हो ।

यसरी यस खण्डकाव्यको अपकर्ष भाग श्लोक २१४ देखि २५७ सम्म फैलिएको छ । यसमा स्वदेशको माया कस्तो मीठी र विदेशको स्वाद कति तीतो हुँदोरहेछ भन्ने कुरा उल्लेख गरिएको छ ।

### ४.७.२.५ अन्त्य भाग

घरबाट आमाको चिठी पुगेपछि र साहुको ऋण समाप्त भएपछि पदम घर फर्किने निधो गर्दै साथीहरूसँग सल्लाह माग्नु, विदेशमा पदमले कवि गोष्ठीमा भाग लिनु र राष्ट्रिय भावनाले ओतप्रोत भएका कविताहरू वाचन गर्नु, कविताको प्रभाव सबै साथीहरूमा पर्नु, तलव पाउना साथ सबै साथीहरू स्वदेश (घर) फर्किने निर्णय गर्नु, विदेशमा घोट्नुपर्ने हाड स्वदेशमै घोट्ने, जति पसिना बगाउनु परेपनि स्वदेशमै बगाउने, विदेशको मालिक भन्दा स्वदेशको कमारो हुने जस्ता कुराहरूलाई मनन गरी सबै साथीसँग घर फर्किने निर्णय पदमले गर्नु जस्ता प्रसङ्ग यस खण्डकाव्यको अन्त्यभागमा छन् । पदमका साथीहरूले पदमलाई बारम्बार कविता वाचन गर्न भन्नु, पदमले हाम्रो संस्कृति लोपहुन नदिने, शिवको त्रिशुल र डमरुको शान र मान राख्नुपर्ने, राजा जनक, गौतमबुद्ध र ऋषिहरूको अर्तीउपदेश र ज्ञानवाणीलाई नबिर्सने, अरनिकोको कलाकारिता, अंशुवर्माले उज्ज्वल पारेको कला र संस्कृति, रामशाहको अमर प्रेरणा, पृथ्वीनारायण शाहको ज्ञान र वीरत्व, अमरसिंह र बलभद्रको देशभक्ति, भानु र मोतीको भाषा र शिक्षाको ज्ञान, राष्ट्रपिता श्री ५ त्रिभुवनको त्याग र तपस्या, वेदका वाणी, मन्दिरका अगाडि रहेका घण्टीका ध्वनि, ध्वनिसँगै गुञ्जने ईश्वरको भक्ति र प्रार्थना, हिमाल, पहाड, तराई र त्यहाँ रमाउने पशुपन्छीहरू, सधैँ-सधैँ शोभा बढाउने फूलहरू, झरनाहरू, विभिन्न जातजातिका भेषभूषाहरूलाई कहिल्यै पनि बिर्सन हुँदैन भन्ने भाव कवितामार्फत व्यक्त गरिएको छ । यसरी पदमले राष्ट्रिय भावनाले ओतप्रोत भएका कविताहरू प्रवासी साथीहरूलाई सुनाउँदा आफ्नो देशप्रतिको मायाले सबैलाई तानेर ल्याउँछ । त्यही समयमा स्वदेशबाट रजनीले सबै प्रवासीहरूलाई देश फर्की गाउँ बनाइदिन आग्रह गर्दै पत्र लेख्छे जसले गर्दा पदम र उसका साथीहरू विदेशबाट स्वदेश फर्कन्छन् । जब पदम घरमा आइपुग्छ, त्यसबेला आफ्नी आमा विन्दुलाई उसले विरामीको अन्त्य अवस्थामा पाउँछ । रजनी आमालाई बारम्बार चम्चाद्वारा पानी पियाइरहेकी हुन्छे । यत्तिकैमा पदम आमालाई अङ्गाल्न पुग्छ । आमाले एकपटकमात्र पदमलाई हेर्छिन् । आमाले रजनीको हात पदमको हातमा पुऱ्याई “तिमीहरू सधैं मिले” भन्दै सास छोडिदिन्छिन् ।

यसप्रकार 'विन्दु' खण्डकाव्यको उपसंहार अथवा अन्त्य भाग श्लोक सङ्ख्या २५८ देखि २७१ सम्म फैलिएको छ । यसमा नायक पदम र नायिका रजनीको मिलन भए तापनि आमा विन्दुको मृत्युका कारणले यो खण्डकाव्य दु:खान्तमा टुङ्गिएको छ ।

### ४.७.३ पात्र विधान

खण्डकाव्यलाई काव्यत्व प्रदान गर्ने महत्त्वपूर्ण तत्व पात्रविधान हो । खण्डकाव्यमा कथातत्वको सूत्रपात् गर्ने आवश्यक भूमिका चरित्रको हुन्छ । पात्रले कथावस्तुलाई गति प्रदान गर्ने काम गर्दछ । कथावस्तुका सम्पूर्ण घटनाहरू पात्रमा निर्भर हुन्छन् । खण्डकाव्यमा पात्रविधान सशक्त किसिमको हुनुपर्दछ । यसको नायक सुशील, सङ्घर्षशील, पतिपरायण, स्वकीया, परकीया आदि मध्ये कुनै एक हुनुपर्छ ।

प्रस्तुत खण्डकाव्यका नायक र नायिका उपर्युल्लिखित गुणले युक्त भएका पाइन्छन् । यी गुणले युक्त भएको नायक पदम हो । ऊ निम्न वर्गीय समाजमा जन्मेको सरल स्वभावको पात्र हो । यही सरल स्वभावले गर्दा आफ्नो बाबुले लगाएको ऋण तिर्न एउटी बूढी आमालाई घरमा छोडेर कलिलै उमेरमा विदेशतिर लाग्छ । ऊ त्यागी, स्थिर, बद्ध एवं सत् पात्र हो ।

प्रस्तुत खण्डकाव्यकी नायिका रजनी हो । रजनी यस खण्डकाव्यकी सत् र बद्ध पात्र हो । यसमा नेपाली नारीहरूको चरित्र यथार्थ रूपमा झल्किएको छ । त्यसैगरी विन्दुलाई सहायक नारी पात्रका रूपमा लिन सकिन्छ । उसको नामबाट कृतिको नामकरण गरिएतापनि प्रस्तुत खण्डकाव्यमा उसको भूमिका त्यति ठूलो देखिदैन । विन्दुले सहायक पात्रका रूपमा खेलेको भूमिका ठूलो नदेखिएतापनि अविश्मरणीय भने छ । विन्दु यस खण्डकाव्यकी सत् कर्तव्यपरायण, पतिपरायण र वात्सल्यमय प्रेमले ओतप्रोत भएकी नारी पात्र हो ।

यी तीन पात्र बाहेक गौण पात्रका रूपमा पदमका विदेशी भूमिमा कार्यरत साथीहरू छन् । उसलाई उनीहरूले ठूलो सहयोग गरेका छन् । यी गौण पात्रहरूको चरित्र सङ्केतित मात्र छ ।

अतः यस खण्डकाव्यमा उपस्थित रही स्पष्ट चरित्राङ्कन भएका पात्रहरूमा पदम, रजनी र विन्दुको चरित्रलाई महत्त्व दिइएको छ । यो पात्रविधान सामाजिक प्रतिनिधिमूलक छ । यसै त्रिकोणात्मक स्वल्प सक्रिय पात्रहरूको चरित्राङ्कनमा आधारित प्रस्तुत खण्डकाव्यको पात्रविधान खण्डकाव्यका स्वल्पसङ्ख्यात्मक पात्रविधानका सैद्धान्तिक अपेक्षा अनुसारकै छ ।

### ४.७.४ विषयवस्तु

भैरवनाथ रिमालद्वार लिखित **विन्दु** खण्डकाव्यको विषयवस्तुको स्रोततर्फ दृष्टि दिँदा राष्ट्रिय भावना देखाउन खोजेको पाइन्छ । यसैले यस खण्डकाव्यको विषयवस्तुको प्रेरणाको स्रोत राष्ट्रिय भावनाका साथै स्वयं कविको कल्पना पनि रहेको देखिन्छ ।

### ४.७.५ उद्देश्य

राष्ट्र र राष्ट्रियता प्रतिको माया, ममता र स्नेहलाई देखाउन खोज्नु नै यसको मूख्य उद्देश्य रहेको छ । विदेशमा गएको पदमलाई वेदका वाणी, मन्दिर अगाडिको घण्टीको ध्वनि, हिमाल, पहाड, तराई र त्यहाँ रमाउने डाँफे,मुनाल लगायतका पशुपन्छीहरूले स्वदेशको सम्झना गराएर स्वदेशतर्फ मन फर्काएको कुराले यो तथ्यलाई प्रस्ट पारेको छ ।

### ४.७.६. परिवेश

यस खण्डकाव्यमा नेपाली भूमि र विदेशी भूमिलाई यथार्थ रूपमा उतारिएको छ । पदम लगायत उसका साथीहरू नेपालबाट विदेश गएका र विदेशबाट फर्किएको प्रसङ्गबाट उक्तकुराको पुष्टि हुन्छ । विदेशमा नेपालीहरूको कारुणिक एवं दारुणिक अवस्था रहेको कुरा यस खण्डकाव्यबाट थाहा पाइन्छ ।

### ४.७.७. भाषाशैली

भाषाशैलीका दृष्टिले भैरवनाथ रिमाल 'कदम' को **विन्दु** खण्डकाव्य अत्यन्तै सफल देखिन्छ । यस खण्डकाव्यको कथन गर्दा यहाँ विषयवस्तु अनुरूप सरल, सहज र लयात्मक भाषिक एकाइको चयन गरिएको छ । यस खण्डकाव्यका भाषा प्रयोग अन्तर्गतको शब्द प्रयोगका तहमा हेर्दा यहाँ नेपाली तद्भव शब्दहरूको प्रधानता, केही तत्सम शब्दको पनि उचित प्रयोग र ठाउँ ठाउँमा झर्रा शब्दहरूको प्रयोग पनि गरिएको छ । गीतिमय पद तथा पदावली एवं सुक्तिमय प्रयोगले सरल, सुबोध एवं मधुर बनेको सुन्दर भाषाशैली छ । वर्गगत एवं शब्दगत अनुप्रासको प्रयोग समेत राम्ररी मिलाइएबाट प्रस्तुत खण्डकाव्यको भाषाशैली अत्यन्तै साङ्गीतिक, लयात्मक, गेयात्मक अनि श्रुतिरम्य, सुबोध र हृदयकारी बनेको छ ।

यो खण्डकाव्य लयात्मक प्रस्तुतिको नमुना हो । यसमा नेपाली लोकलयको प्रयोग गरिएको छ । नेपाली जनमानसको जिभ्रामा चौबीसै घण्टा झुण्डिरहने र नेपाली जातिको संस्कृतिलाई झल्काउने नेपाली लोकलयका रूपमा रहेको १७ अक्षरे झ्याउरे छन्दको प्रयोग गरिएको छ । भैरवनाथ रिमालले नेपाली संस्कृतिलाई जुन तरिकाले चिनाउन र झल्काउन खोजेका छन्, त्यसै अनुरूपका शब्दको प्रयोग गर्नु उनको वैशिष्ट्य देखिन्छ । वस्तुतः यसको लय गीतात्मक छ र यसका पङ्क्तिरुलाई गीत झैँ गाउन सकिन्छ । त्यही गीतिलय वा लोकलयको प्रयोग नै प्रस्तुत खण्डकाव्यको लयविधानको मूलभूत विशेषता हो ।

काव्यको गहना अलङ्कार भएकाले यसले काव्यको चमत्कारको अभिबृद्धि गर्दछ । 'विन्दु' खण्डकाव्यका रचनाकार भैरवनाथ रिमाल अलङ्कारका निम्ति कविता रच्ने कवि नभई भावका निम्ति कविता रच्ने प्रतिभा हुन् । त्यसैले उनले रचेको **विन्दु** खण्डकाव्यमा अलङ्कारको सचेतपूर्ण प्रयोग पाइन्न । यहाँ भावप्रवाहको अभिव्यक्ति गर्दै जाँदा बिम्ब-

उपमाको सहज स्वभाविक प्रयोगद्वारा विविध अर्थालङ्कारको प्रयोग स्वतः हुन गएको छ ; जस्तै :

सर्पको नजर झैँ आफ्नु पनि नजर राखे है ।

मान्छेको जुन शक्ति र हाँक दिलमा राखे है ॥ (पृ. २३)

उपर्युक्त पद्यमा सर्पको नजरलाई र मान्छेको नजरको उपमा वनाइउको छ । त्यसैले यहाँ उपमा अलङ्कारको योग पाइन्छ भने त्यसैगरी 'राखे है' दुवै हरफको अन्त्यमा आएकाले अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

यस खण्डकाव्यको नायक पदम र नायिका रजनी जीवनमा बाँच्नका लागि पवित्र प्रेमलाई आवश्यक ठान्दछन् । यसरी हेर्दा यी दुवै पवित्र र हार्दिक प्रणयका प्रतीक हुन् । त्यसैगरी विन्दुलाई कविले छोराप्रति मातृस्नेह व्यक्त गर्ने आमाको प्रतीकको रूपमा उभ्याएका छन् । पदमका विदेशी भूमिमा रहेका साथीहरू सच्चा मित्रका प्रतीक हुन् ।

प्रस्तुत खण्डकाव्यलाई बिम्ब-प्रतीकका अतिरिक्त अन्य कलात्मक विशेषताद्वारा पनि सिँगारिएको छ । यस खण्डकाव्यभित्र ठाउँठाउँमा मार्मिक सूक्तिमय कथनहरू पनि फेला पर्छन् र तिनले पनि यस खण्डकाव्यको सौन्दर्य बढाएका छन् । त्यसैले भैरवनाथ रिमालको **विन्दु** राष्ट्रिय भावनात्मक खण्डकाव्य सबै दृष्टिबाट पूर्ण तथा उच्च छ ।

## ४.८ 'जिन्दगीका पानाभरि' गीतिकवितासंङ्ग्रहको अध्ययन

### ४.८.१ कृति परिचय

भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित **जिन्दगीका पानाभरि** गीति कवितासङ्ग्रह वि.सं. २०४६ सालमा हिम्मतनारायण महर्जन 'पाँगामी'द्वारा प्रकाशित रचना हो । वि.सं. २००५ सालदेखि नेपाली साहित्यको फाँटमा कलम चलाउँदै आएका रिमालद्वारा गीति लयमा रचना गरिएका प्रस्तुत सङग्रहमा जम्मा १०३ वटा गीतहरू सङ्गृहीत छन् । ८ देखि १० हरफका छोटा-छोटा रचनाहरू सङ्गृहीत यस सङग्रहमा आवरण पृष्ठ, भूमिका खण्ड, विषयसूची तथा मूल पाठ गरी जम्मा ७२ पृष्ठहरू रहेका छन् । **जिन्दगीका पानाभरि** संङ्ग्रहभित्रका अधिकांश रचनाहरूमा उनका आफ्नै जीवनका यथार्थ घटनाहरू प्रस्तुत गरिएको छ ।

प्रस्तुत गीतिकवितासङ्ग्रहका कविताहरू निम्नानुसार तालिकामा देखाइन्छ :

| क्र. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | यात्री | ३ | ८ | १ |
| २ | वियोग | ३ | ८ | १ |

| | | | | |
|---|---|---|---|---|
| ३ | उपहार | ३ | ८ | २ |
| ४ | कल्काई | ३ | ८ | २ |
| ५ | शून्य | ३ | ८ | ३ |
| ६ | खोज्दा | ३ | ८ | ३ |
| ७ | जस्तो | ३ | ८ | ४ |
| ८ | हसिलो मुहार | ३ | ८ | ४ |
| ९ | अनन्त | ३ | ८ | ५ |
| १० | सम्झना | ३ | ८ | ५ |
| ११ | उनको लागि | ३ | ८ | ६ |
| १२ | म | ३ | ८ | ६ |
| १३ | लाग्छ | ३ | ८ | ७ |
| १४ | दिन्छ | ३ | ८ | ७ |
| १५ | बिरही | ३ | ८ | ८ |
| १६ | आफ्नै कथा | ३ | ८ | ८ |
| १७ | पर्खाइ | ३ | ८ | ९ |
| १८ | अभिलाषा | ३ | ८ | ९ |
| १९ | फूलबारी | ३ | ८ | १० |
| २० | यस्तै लाग्छ | ३ | ८ | १० |
| २१ | यस्तो लाग्छ | ३ | ८ | ११ |
| २२ | मेरा | ३ | ८ | ११ |
| २३ | यात्रा | ३ | ८ | १२ |
| २४ | तिम्रै मात्र | ३ | ८ | १२ |
| २५ | भिखारी | ३ | ८ | १३ |
| २६ | एक्लै | ३ | ८ | १३ |
| २७ | जस्तो | ३ | ८ | १४ |
| २८ | मोडमा | ३ | ८ | १४ |
| २९ | जन्मभर | ३ | ८ | १५ |
| ३० | बधाई | ३ | ८ | १५ |
| ३१ | आधुनिक गीत | ३ | ८ | १६ |
| ३२ | बनमाली | ३ | ८ | १६ |
| ३३ | पर्खार | ३ | ८ | १७ |
| ३४ | इच्छा | ३ | ८ | १७ |

| | | | | |
|---|---|---|---|---|
| ३५ | अमृत पनि | ३ | ८ | १८ |
| ३६ | हररात | ३ | ८ | १८ |
| ३७ | कथा र व्यथा | ३ | ८ | १९ |
| ३८ | व्यथा र कथा | ३ | ८ | १९ |
| ३९ | बिवश | ३ | ८ | २० |
| ४० | उ फर्केन | ३ | ८ | २० |
| ४१ | यात्रा | ३ | ८ | २१ |
| ४२ | मेरो जीवन | ३ | ८ | २१ |
| ४३ | यस्तो | ३ | ८ | २२ |
| ४४ | भनिदेउ | ३ | ८ | २२ |
| ४५ | जस्तो | ३ | ८ | २३ |
| ४६ | युगलगीत | ३ | ८ | २३ |
| ४७ | हिजोको याद | ३ | ८ | २४ |
| ४८ | संयोग | ३ | ८ | २४ |
| ४९ | लाग्दछ | ३ | ८ | २५ |
| ५० | बन्छ | ३ | ८ | २५ |
| ५१ | किन हो | ३ | ८ | २६ |
| ५२ | मिल्नुछ | ३ | ८ | २६ |
| ५३ | जिन्दगी | ३ | ८ | २७ |
| ५४ | दियो | ३ | ८ | २७ |
| ५५ | चाहे जस्तो | ४ | ८ | २८ |
| ५६ | याद | ३ | ६ | २८ |
| ५७ | बधाई | ४ | ८ | २९ |
| ५८ | पाएँ | ४ | ८ | २९ |
| ५९ | उजाड | ३ | ८ | ३० |
| ६० | पहरा | ३ | ८ | ३० |
| ६१ | अधुरो चाह | ३ | ८ | ३१ |
| ६२ | मेरो | ३ | ८ | ३१ |
| ६३ | एकै साथ | ३ | ६ | ३२ |
| ६४ | हरयाद | ३ | ६ | ३२ |
| ६५ | जिन्दगीमा | ३ | १० | ३३ |
| ६६ | परदेशी | ३ | १० | ३३ |

| | | | | |
|---|---|---|---|---|
| ६७ | मेरो फूल | ३ | १० | ३४ |
| ६८ | अयोग्य कथा | ३ | १० | ३४ |
| ६९ | उनको यादमा | ३ | १० | ३५ |
| ७० | मेरो चोट | ३ | १० | ३५ |
| ७१ | जस्तो | ३ | १० | ३६ |
| ७२ | गजल | ३ | १० | ३६ |
| ७३ | एक जवाफ | ३ | १० | ३७ |
| ७४ | यस्तो संझना | ३ | १० | ३७ |
| ७५ | झझल्को | ३ | १० | ३८ |
| ७६ | एक रोदन | ३ | १० | ३८ |
| ७७ | आँट | ३ | १० | ३९ |
| ७८ | अतितको याद | ३ | १० | ३९ |
| ७९ | भाग्य | ३ | १० | ४० |
| ८० | बिदाई | ३ | १० | ४० |
| ८१ | आफ्नै कथा जिन्दगीको | ३ | १० | ४१ |
| ८२ | चिप्ली जाने बाटो | ३ | १० | ४१ |
| ८३ | चाहना यो | ३ | १० | ४२ |
| ८४ | युगल गीत | – | १० | ४२ |
| ८५ | निरस मेरो जीवनको सार | ३ | १० | ४३ |
| ८६ | उदास मेरो जीवन कथा | ३ | १० | ४३ |
| ८७ | फूल प्रति | ५ | १० | ४४ |
| ८८ | तिमीलाई | ५ | १० | ४४ |
| ८९ | उनको छायाँ मेरो पछि किन ? | ३ | १० | ४५ |
| ९० | मेरो आँखा वरिपरि ल्याइदेउ | ३ | १० | ४५ |
| ९१ | पत्थर टुसाउँछ (प्रश्न) | – | १० | ४६ |
| ९२ | पत्थर टुसाउँछ (उत्तर) | – | १० | ४६ |
| ९३ | लहरी | ३ | १० | ४७ |
| ९४ | बिगत | ३ | १० | ४७ |
| ९५ | अतित | ३ | १० | ४८ |
| ९६ | सम्झना | ३ | १० | ४८ |
| ९७ | वेदना | ३ | ६ | ४९ |
| ९८ | तर, | ३ | ६ | ४९ |

| | | | | |
|---|---|---|---|---|
| ९९ | जीवन अभिनय | ३ | ८ | ५० |
| १०० | बाचा | ३ | ८ | ५० |
| १०१ | हो कि | ३ | ८ | ५१ |
| १०२ | लुकी | ३ | ८ | ५१ |
| १०३ | मनको कुरा | ३ | १० | ५२ |

### ४.८.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल साहित्यका अन्य विधाहरूमा जस्तै गीतिकवितामा क्षेत्रमा पनि सफल रूपमा कलम चलाएका छन् । विशेषतः राष्ट्रप्रेम, देशभक्ति, माया-प्रेम, वर्तमानका विसङ्गति आदिलाई मूल विषयवस्तु बनाएर साहित्य सिर्जना गर्ने रिमाल यस सङ्ग्रहसम्म आइपुग्दा पनि त्यही विषयवस्तुलाई नै निरन्तरता दिँदै आएका छन् । आफ्नो जिन्दगीमा सधैँ दुःख र पीडामात्र आइपर्दा कवि तथा गीतकार हृदय यसरी विष्फोट भएको छ :

जिन्दगी बित्यो सहारा सधैँ आँसुको लिएर

उजाड रह्यो जीवन त्यसै दुःखमा जिएर (यात्री, पृ. १)

जिन्दगी सधैँ आँसुको सहारामा बितेको अवस्थामा दुःखका कारण आफ्नो जीवन उजाड भएको भाव प्रस्तुत गीतमा रहेको छ । आफ्नो कथा-व्यथा सुनाउने कोही नभेटिएका गीतकार रिमाल आफ्नै मुटु जलाएर कसैको यादमा तडपिरहेको र आफ्नो बोझ बिसाउने चौतारो समेत नभेटिएको भाव कवि तथा गीतकारले गीतका माध्यमबाट अभिव्यक्त गरेका छन् । यस्तै अवस्थामा विवशताको राँको भित्र पिल्सिएर औँला गनीगनी जिउनु परेको अवस्थामा आँखाबाट अविरल रूपमा आँसु झरेको र धैर्य खोज्दा ज्वाला निल्नु परेको कुरा गीतकार यसरी व्यक्त गर्दछन् –

आँसु झर्छ आँखाबाट गंगाजीमा मिल्न

धैर्य खोज्दा ज्वाला पनि पर्दो रैछ निल्न (खोज्दा, पृ. ३)

आफ्नो जिन्दगीको मूल्य नभएको र बालुवाको पसिना जस्तै भए पनि एक अञ्जुली आँसु उपहार दिने कुरा गीतकारले गीतका माध्यमबाट व्यक्त गरेका छन् । कवि तथा गीतकारले आफू भिखारी भई जङ्गल चाहार्दै हिँडेको र आफ्नो बास नहुँदा मन्दिरमा अस्थायी बास गरेको कुरा *भिखारी* (पृ. १३) शीर्षकको गीति कविताका माध्यमबाट व्यक्त गरेका छन् । केवल आँखाका आँसु बाहेक अन्य कुनै कुरा पनि सहारा नपाएका कविले भाग्यलाई चिन्न सकिरहेको देखिँदैन । जिन्दगी निरर्थक रहेछ । यस उजाड दिलमा मधुमासमा

वसन्त छाउन नसकेको र आफ्नो व्यथा पोख्ने कुनै ठाउँ नपाउँदै विवशतामा जिउनु परेको भाव कवि तथ गीतकार यसरी व्यक्त गर्दछन् –

मधुमास ल्याई उजाड दिलमा वसन्त छाउँदैन

पोखुँ त आफ्नो विरही व्यथा पोख्नलाई ठाउँ छैन

विवशमा पनि जिउनुनै पर्ने के रैछ जिन्दगी (भिखारी, पृ. १३)

यसैगरी कविको जिन्दगी संसारी यात्रामा भौतारिदै रुमल्लिएर बितेको हारजीतको कुनै सङ्केत नभएको अवस्थामा आँखामा आँसु र मनमा पीडा सिवाय केही नभएको भाव कवि तथा गीतकार यसरी व्यक्त गर्दछन्–

आँखामा आँसु मनमा पीडा सिवाय केही छैन

चर्किन्छ फगत दिलको घाउ झन निको हुँदैन (यात्रा, पृ. २१)

वर्तमानका विकृति विसङ्गतिका साथै माया-प्रेमका गीत गाउने गीतकार भैरवनाथ रिमाल 'कदम' आफ्नी मायालुलाई यदि मेरो याद आउँछ भने कुल्चेर हिँड र डोरीले अल्भाउँछ भने त्यसलाई चुँडाइदेऊ भन्ने भाव गीतकार यसरी व्यक्त गर्दछन् :

आउँछ भने मेरो याद कुल्ची हिडिदेऊ

अल्झाई दिने डोरीलाई चुँडी जान देऊ (याद, पृ. २८)

आफ्नो व्यथालाई भुल्न खोज्दा कथा बनेको र बिहानीमा जिउन खोज्दा रातले ढाकेको कुरा प्रस्तुत *याद* (पृ. २८) गीतिकवितामा अभिव्यक्त भएको छ ।

### ४.८.३ भाषाशैली

गीतकार भैरवनाथ रिमाल 'कदम'द्वारा लेखिएको 'जिन्दगीका पानाभरी' गीति कवितासङ्ग्रहका गीतिकविताहरूमा सरल, सरस भाषाशैलीको प्रयोग गरिएको छ । विभिन्न बिम्ब, प्रतीक, अलङ्कारका साथै तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरेर भाषाशैलीलाई मिठासपूर्ण बनाइएको छ । उनले आफ्ना गीतिकविताहरूमा यसरी लयको सिर्जना गरेका छन्–

किन किन काँढा पनि फूल हुँदो रैछ

कहिले काँही जिन्दगीमा भूल हुँदो रैछ (उपहार, पृ. २)

उपर्युक्त अंशमा 'फूल हुँदो रैछ', 'मूल हुँदो रैछ', जस्ता शब्दहरूको प्रयोग गरी भैरवनाथ रिमालले अन्त्यानुप्रास अलङ्कारको सिर्जना गरेका छन् । यसैगरी गीतकार भन्छन् :

तिम्रो मनमा जे छ कुरा भनिहाल अहिले

नत्र यौवन खेर जाला संझीहाल पहिले (हँसिलो मुहार, पृ. ४)

उपर्युक्त कवितांशमा 'अहिले' र 'पहिले' को प्रयोगले अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ । विभिन्न बिम्ब, प्रतिक, अलङ्कारका माध्यमबाट कवितालाई मिठासपूर्ण बनाएर प्रस्तुत गर्नु रिमालको विशेषता नै हो । उनका सङ्ग्रहमा आएका रचनाहरू सामाजिक यथार्थता, स्वभाविक सुमधुर कल्पना अथवा सुकोमल भावनाको मलजलले सिञ्चित रहेको पाइन्छ । उनका रचनामा सुहाउँदो परिमार्जन एवं स्वच्छन्दतावाद सुहाउँदो सहजता, नैसर्गिकताको समन्वित तथा सन्तुलित रूप स्पष्ट पार्ने प्रयत्न गरेका छन् । उनका गीतमा कोमल भावनाको सहज स्फुरण, भाव प्रवीणता, रागात्मक अनुभूतिको तीब्रता एकातिर झल्केको पाइन्छ भने अर्कोतिर सहज सम्बद्धता अथवा हार्दिक संवेदनशीलता तथा नाट्य सौन्दर्यको अद्‌भूत सङ्गम पाइन्छ । उनका रचनाहरू युग जीवनको व्यापकता, समग्रता एवं विशालतालाई समेट्नमा अति सफल भएका देखिन्छन् । यिनमा कवितात्मक अनुभूति सहज एवं सरल प्रवाहमा बग्दै गएको पाइन्छ । यसबाट कवितात्मक लक्ष्यमा पाठकहरू पुग्नमा कुनै असुविधा देखिदैन ।

यसरी समग्रमा हेर्दा भैरवनाथ रिमालका गीतहरूमा राष्ट्रप्रेम, देशभक्ति, वर्तमानको राजनैतिक विसङ्गति, माया-प्रेम जस्ता विषयवस्तुलाई मूख्य रूपमा उतारिएको छ । सरल, सरस भाषाशैलीका माध्यमबाट मिठासपूर्ण शैलीमा गीत तथा कविता रचना गर्नु उनको वैशिष्ट्य हो । यसैले गर्दा उनका यस सङ्ग्रहका गीतिकविताहरू उत्कृष्ट बन्न पुगेका छन् ।

## ४.९ 'भक्ति र समर्पण' निबन्ध सङ्ग्रहको विश्लेषण

### ४.९.१ परिचय

साहित्यकार भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित र श्री ५ को सरकार सञ्चारमन्त्रालयको प्रकाशनमा वि.सं. २०४५ मा प्रकाशित **भक्ति र समर्पण** विभिन्न विषयमा लेखिएको लेख सङ्ग्रह हो । यसमा २५ वटा लेखहरू रहेका छन् । जुन ९४ पृष्ठमा संरचित छन् । सम्पूर्ण कृति आवरण पृष्ठ, भूमिका खण्ड, तस्विर र मूल पाठ गरी १०५ पृष्ठहरूमा संरचित छ । लेखक हिन्दु धर्मावलम्बी भएको तथा उनमा राजभक्ति र देशभक्ति अटूट रूपमा भरिएकाले उनका लेखहरूमा यस्तै प्रकारका विषयवस्तुहरू रहेका छन् । प्रस्तुत कृतिलाई निबन्ध भन्न भन्दा पनि लेख सङ्ग्रह भन्नु उचित देखिन्छ । निबन्धको सिद्धान्त अनुसार निजात्मकता हुनुपर्छ तर तिनका यी लेखमा निजात्मकता नभई विषयको वस्तुवादी चित्रण रहेको छ ; त्यसैले लेख सङ्ग्रह भन्नु मै उचित होला । यस कृतिमा अध्यात्मवादी चिन्तन, राजभक्ति लेख, साहित्यिक समालोचनात्मक लेखहरू रहेका छन् । यसकारण पनि कृतिलाई लेख सङ्ग्रह भन्ने आधार देखिन्छ ।

यस लेखसङग्रहमा रहेका लेखहरू तालिकामा यसप्रकार प्रस्तुत छन् ।

| क. सं. | शीर्षक | विषयवरुतु | पृष्ठ |
|---|---|---|---|
| १ | पशुपतिको गाथा | धार्मिक पौराणिक | १ |
| २ | हिन्दु धर्म दर्शन | आध्यात्मिक दर्शन | ५ |
| ३ | गायत्रीको महत्त्व | आध्यात्मिक | ११ |
| ४ | शब्दब्रह्न | आध्यात्मिक दर्शन | १३ |
| ५ | ब्रह्नको उपासना | आध्यात्मिक दर्शन | १५ |
| ६ | संस्कृतिक परिप्रेक्षमा | धार्मिक, पौराणिक, दार्शनिक | १८ |
| ७ | धर्म र विचार | धार्मिक वैचारिक | २३ |
| ८ | भक्ति र उपासना | दार्शनिक | २६ |
| ९ | दुई महान महाकाव्य | काव्यिक समालोचना | २९ |
| १० | हाम्रो लोकसंस्कृति र साहित्य | सांस्कृतिक साहित्य | ३२ |
| ११ | नेपालमा शाहवंशको देन | ऐतिहासिक | ३६ |
| १२ | राम शाह | ऐतिहासिक | ४६ |
| १३ | 'उसैको लागि' विरह वेदना | काव्यिक समालोचना | ४८ |
| १४ | कवि म.वि.वि. शाहको फेरि उसैको लागि | काव्यिक समालोचना | ५४ |
| १५ | श्री ५ वीरेन्द्र र नेपालको राष्ट्रियता | देशभक्ति | ६० |
| १६ | श्री ५ वीरेन्द्र र चित्रकालको भाव कल्पना | सौन्दर्य विवेचना | ६३ |
| १७ | राजा-रानीको स्वदेश भ्रमण र नेपाली जनता | देशभक्ति | ६६ |
| १८ | चाँदनी शाहका दुई कविता | काव्यिक समालोचना | ६९ |
| १९ | शान्ति क्षेत्र नेपाल | देशभक्ति | ७३ |
| २० | राष्ट्रिय निर्माणमा सामाजिक उपादेयता | सामाजिक | ७७ |
| २१ | भानुभक्त र नेपाली संस्कृति | काव्यिक समालोचना | ८० |
| २२ | विश्वमा नेपालको छवि | देशभक्ति | ८३ |
| २३ | सत्य र प्रेम | वैचारिकता | ८६ |
| २४ | संगीत र जीवन | साहित्यालोचना | ८९ |
| २५ | समाजमा साहित्यको महत्त्व | साहित्यालोचना | ९३ |

### ४.९.२ विषयवस्तु र भाव

साहित्यकार भैरवनाथ रिमाल 'कदम' मूलतः कवि हुन् । तापनि यिनले आफ्नो मनमा उठेका भावलाई गद्यमा व्यक्त गर्ने प्रयास **भक्ति र समर्पण** कृतिका माध्यमले गरेका छन् । 'गद्यं मवीनां निकर्ष वदन्ति' संस्कृत साहित्यको उक्ति भएतापनि कदमको कसी कविता विधामा नै देखिन्छ । 'कदम'ले सानै उमेरको छँदा बुवा र सोमनाथ सिग्द्यालको साथ पाउँदा संस्कृत भाषा साहित्यको अध्ययन गर्न पाएका थिए र पछि राजभक्ति र देशभक्तिको भावना पलाएका कारण यस कृतिमा यस्तै प्रकारका विषयवस्तु रहेका लेखहरू रहेका छन् । त्यसैगरी एउटा साहित्यकारका रूपमा स्थापित भइसकेका 'कदम' साहित्यका बारेमा पनि एउटा विचार राख्न सक्ने व्यक्ति हुन पुगेका थिए । अतः उनले साहित्य र सङ्गीत सम्बन्धी धारणा पनि प्रस्तुत कृतिमा लेखका माध्यमले व्यक्त गरेका छन् । यसरी हेर्दा कदमको यस कृतिमा आध्यात्मिक भाव भएका, देशभक्ति र राजभक्ति भएका र साहित्यिक समालोचनात्मक विषय वस्तुहरू रहेका छन् ।

'कदम' आर्य भएका कारण उनमा पूर्वीय दर्शनको छाप परेको पाइन्छ । पूर्वीय दर्शनका आत्मा, परमात्मा, अमर नाशवान्, जीव, पार्थिव आदि विषयसँग परिचित रहेका देखिन्छन् । कदमको प्रस्तुत कृतिमा *पशुपतिको गाथा* (पृ. १), *हिन्दु धर्म दर्शन* (पृ.५), *गायत्रीको महत्व* (पृ.११), *शब्द ब्रहम* (प. १३), *संस्कृति परिप्रेक्ष्यमा ईश्वर र आत्मा* (पृ. १८), *धर्म र विचार* (पृ. २३), *भक्ति र उपासना* (पृ.२६) गरी ८ वटा लेखहरू आध्यात्मिक विषयवस्तुमा लेखिएका छन् । 'कदम' दर्शनका ज्ञान भएका लेखक हुन् । उनका लेखमा आध्यात्मवादी चिन्तन यस प्रकार व्यक्त भएका छन् :

"दर्शन शब्दको सामान्य अर्थ हुन्छ- देख्नु । यसको पारिभाषिक अर्थ हो तत्वविज्ञान साधारण अर्थबाट पनि पारिभाषिक अर्थको उत्पत्ति भएको बुझिन्छ । हामीले प्राकृतिक रूपमा देख्ने शक्ति लिएर जन्मेका छौं । हाम्रो सम्मुख एक विशाल दृश्य जगत् विद्यमान छ । हामी यहाँ स्वभावतः विविध विचित्र पदार्थहरूको दर्शन गरिरहन्छौं । हाम्रो यो देखाइ जति-जति विस्तृत हुँदै जान्छ, त्यति त्यति नै हामी यो अनुभव गर्दछौं कि हाम्रो यो स्वभाविक दृष्टिगोचरता नितान्त अपूर्ण छ ।" (हिन्दू धर्म दर्शन पृ. ५)

उपर्युक्त गद्यांशमा लेखक कदमको दार्शनिक विचार व्यक्त भएको छ । पूर्वीय दर्शनहरूको अध्ययन र आफ्नो जीवनमा घटेका घटना र भोगेका अनुभवबाट कदममा दार्शनिक चेतनाको विकास भएको देखिन्छ । पूर्वीय दर्शनले यो दृश्यमा जगत्लाई नश्वर ठान्दछ र एक विशिष्ट रहस्यात्मक तत्व नै अमर र अविनाशी छ भन्ने धारणा राख्दछ । यही धारणाको व्याख्या उनका लेखमा पाइन्छ ।

कदमले परबहन प्राप्तिका लागि दुईवटा मार्ग रहेको मान्दछन् । भक्ति र उपासनाका माध्यमले परबहनको प्राप्ति हुनसक्छ भन्ने धारणा व्यक्त गरेका छन् । उनी भन्दछन्–

"हाम्रो संस्कृतिमा भक्ति र उपासनाले महत्त्वपूर्ण स्थान ओगटेकाछन् । मनुष्यले आफ्नो कल्याणको लागि भक्ति र उपासनाको आश्रय लिन्छ । कुनै ईश्वर रूपमा आफ्नो चित्तलाई स्थिर राख्नु नै उपासना हो । तर चित्तको स्थिरता बलपूर्वक अथवा जबरजस्ती हुँदैन, परन्तु प्रेमले नै चित्त रहन्छ । त्यही ईश्वर प्रेमलाई हामी भक्ति भन्छौँ" ।

('भक्ति र उपासना' पृ. २६)

उपर्युक्त गद्यांशमा कदमले परबहन प्राप्तिको लगि भक्ति र उपासना दुबै आवश्यक रहेको कुरा बताएका छन् । उपासना मात्रै गरेर भगवत्प्राप्ति हुँदैन र त्यसैगरी भक्तिमात्रै गरेर भगवत्प्राप्ति को बाटो सरल हुँदैन । एउटाले मनलाई नियन्त्रित गर्दछ भने एउटाले मनलाई परबहनमा लीन गर्ने भएकाले दुबै आवश्यक भएको कुरा उनले गरेका छन् ।

'कदम' मुख्य रूपले राष्ट्र भक्ति भावमा कविता र गीत लेख्ने कवि हुन् । उनका रचनामा नेपाल देशका साथै नेपाल नरेशका गुणगान पनि पाइन्छ । प्रस्तुत कृति गद्य विधाको रचना भएकाले कदमले यहाँ विभिन्न लेखहरूका माध्यमले देश भक्ति भाव र राज भक्ति भाव दर्शाएका छन् । कदमको राजभक्ति र देश भक्ति सँग सम्बन्धित लेखहरू यस प्रकार छन् : *नेपालमा शाहसंशको देन* (पृ. ३६), *राम शाह* (पृ. ४६), *श्री ५ विरेन्द्र र नेपालको राष्ट्रियता* पृ. ६०), *राजा रानीको स्वदेश भ्रमण र नेपाली जनता* (पृ. ६६), *शान्ति क्षेत्र नेपाल* (पृ. ७३), *राष्ट्र निर्माणमा सामाजिक उपादेयता* (पृ. ७७) र *विश्वमा लेपालको छवि* (पृ. ८३) ।

'कदम'ले नेपालमा शाहवंशको निकै योगदान रहेको कुरा व्यक्त गर्दछन् । पृथ्वी नारायण शाह देखि वीरन्द्र वीर विक्रम शाह सम्म नेपालको विकासमा शाह राजाहरूले गरेको कृत्य उनका लेखहरूमा पाइन्छ । श्री ५ महेन्द्र र वीरेन्द्रको विकासात्मक कार्यको वर्णन पनि उनका लेखहरूमा पाइन्छ । उनले राजभक्ति यसप्रकार व्यक्त गरेका छन् –

"हामी आजको विश्व एवं अन्तरराष्ट्रिय परिस्थितिलाई ध्यानमा राखी राष्ट्रिय दृष्टिकोणले पनि शान्तिपूर्ण वातावरणमा रही शान्तिका साथ जीवनयापन गर्न चाहन्छौँ । हाम्रो यही राष्ट्रिय आकांक्षालाई दृष्टिगत गरिबक्सी हाम्रा राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट हाम्रो मुलुकलाई शान्ति क्षेत्र तुल्याउने उद्देश्यले अन्य राष्ट्रहरूद्वारा यस पुनीत आह्वानको बढी भन्दा बढी समर्थनको अपेक्षा राखिबक्सेको छ ।"

('शान्तिक्षेत्र नेपाल' पृ. ६४)

'कदम'ले आफ्नो जीवनकालमा त्रिभुवन, महेन्द्र, विरेन्द्र र ज्ञानेन्द्रको राज्य शासन देखेका भएपनि प्रस्तुत कृतिमा त्रिपुवन, महेन्द्र र वीरेन्द्रको नै राज्य शासन व्यवस्थाको

चित्रण छ । 'कदम'ले नेपालका राजाहरूको कार्यनीति नेपालको शान्तिको लागि भएको कुरा उल्लेख गर्दछन् । कदमले नेपालका नरेशका साथै देशको पनि प्रशंसा गरेका छन् । उनले नेपाल राष्ट्रको प्रशंसा यस प्रकार गरेका छन् – "विश्व मानचित्रमा नेपाल भौगोलिक दृष्टिले सानो देखिए तापनि अन्य कुरामा यसको महत्त्व अर्कै किसिमको छ । दोस्रो विश्वयुद्धसम्ममा नेपालीहरूको वीरतालाई विश्वले चिन्यो । त्यसपछि विश्वका विभिन्न मुलुकका पर्वतारोहीहरू नेपाल आई विश्वको सर्वेच्च शिखर सगरमाथा (माउन्ट एभरेष्ट) आरोहण गरी शिखरमा पुग्ने गर्न थालेकोले पनि नेपाल विश्वमा अझ परिचित हुँदै गयो ।

त्यति मात्र होइन नवगठित दक्षिण एसियाली क्षेत्रीय संगठन (सर्क) को सदस्य राष्ट्र हुनुको साथै यस सङ्गठनको केन्द्रीय सचिवालय नेपालको राजधानी काठमाडौंमा स्थापित भएर विश्वको सामु हाम्रो मुलुकको छवि स्पष्ट र निर्मल रहन गएको छ " ।

('विश्वमा नेपालको छवि' पृ. ८३-८४)

'कदम'ले यसप्रकार नेपाल देशको ख्याति प्राप्तिलाई व्यक्त गरेका छन् । नेपालको गोर्खा सेना र सगरमाथा नेपालको परिचायक रहेको कुरा उल्लेख गरेका छन् । सार्कको केन्द्रीय सचिवालय हुनुपनि राष्ट्रको गौरवको कुरा मान्न सकिने अवस्था रहेको मान्दछन् । 'कदम' यसप्रकार नेपाल देश र नरेशको गुणगान गर्दछन् ।

'कदम' साहित्यकारका रूपमा स्थापित भइसकेका व्यक्ति हुन् । उनले आफूलाई स्रष्टा व्यक्तिबाट द्रष्टा व्यक्तितिर पनि लाने कोशिस गरेका छन् । कदमको प्रस्तुत कृतिमा साहित्यबारे समालोचना पनि गरेका छन् । उनको समालोचना सम्बन्धी लेखहरू यस प्रकार छन् : *दुई महान् महाकाव्य* (पृ. २९), *हाम्रो लोक संस्कृति र साहित्य* (पृ. ३३), *उसैका लागि म विरह वेदना* (पृ. ४८), *कवि म.वी.वि. शाहको फेरि उसैको लागि* (पृ. ५४), *श्री ५ वीरेन्द्र : चित्रकलाको भाव र कल्पना* (पृ. ६३), *चाँदनी शाहका दुई कविता* (पृ. ६९), *भानुभक्त र नेपाली संस्कृति* (पृ. ८०), *सङ्गीत र जीवन* (पृ. ८९), *समाजमा साहित्यको महत्त्व* (पृ. ९३) ।

'कदम'ले उपर्युक्त लेख रचनाहरूका माध्यमले आफूलाई समालोचकका रूपमा उभ्याउने प्रयत्न गरेका छन् । उनी समालोचना गर्दा प्रभावपरक समालोचकका रूपमा समालोचना गर्दछन् । उनको समालोचना यसप्रकार रहेको छ –

*उसैको लागि* शीर्षक भएको कविता सङ्कलनमा मौसूफ सरकारका धेरैजसो रचनाहरूमा विरह वेदना झल्किन्छ । कवि म.वी.वि. शाहको हृदयमा कसरी प्रेमिकासँग मिलन नहुँदा छटपट भैरहन्छ र त्यसको प्रतिक्रिया कस्तो हुन्छ त्यो उपर्युक्त पुस्तकको *चाँदनी दिलको थियो* शीर्षकका यी पङ्क्तिहरूबाट प्रस्ट हुन्छ –

चाँदनी दिलको थियो

किन अन्धकार गरीगयो

यदि विश्वको भए तुच्छ त्यो

यस दिलको सर्वस्व थियो ।　　　　　('उसैका लागि म विरह वेदना' पृ. ४८)

'कदम'ले उपर्युक्त शीर्षकको समालोचनामा प्रेमी प्रेमिकाको विरहावस्थाको वर्णनको समालोचना गरेका छन् । उनले यसप्रकारको समालोचनाका साथै साहित्यको प्रयोजन हेतु आदिबारे पनि समालोचना गरेका छन् । उनले एक ठाउँमा साहित्यबारे यस प्रकारको दृष्टिकोण राखेका छन् – "यस मानवीय प्रकृतिलाई ध्यानमा राख्ने कुनै पनि साहित्यकारको लागि यो कुरा नितान्त वाञ्छनीय हुन जान्छ कि उसले रचनाद्वारा मानिसको भावनालाई स्पर्श गरोस् । स्पष्ट छ कि यस कार्यको लागि साहित्यमा रस, प्रसाद, व्यञ्जना तथा संवेदनशीलता नभई हुँदैन यी तीनै किसिमका तत्वविहीन साहित्यमा जतिसुकै हडबड जोडदार ध्वनि एवं अनौठो वाक्य पद्धति भए पनि त्यसले मानव हृदयलाई स्पर्श गर्न सक्दैन । यसरी मुटुलाई छुन नसक्ने साहित्य कोरिएको कागजको भारी बाहेक अरु महत्त्व रहँदैन । यदि भावनाको प्राधान्य र गति छ भने त्यो स्वत लयदार भाषामा प्रवाहित हुन्छ र कविता हुन पुग्छ ।"　　　　　('समाजमा साहित्यको महत्त्व' पृ. ९४)

'कदम'ले उपर्युक्त लेखका माध्यमले आफूलाई साहित्यालोचक पनि बनाएका छन् । उनी समाज र साहित्यलाई अन्योन्याश्रित मान्दछन् । समाजका विषयवस्तुबाट साहित्य रचिन्छ र त्यो फेरि समाजमै पढ्नका निम्ति प्रस्तुत गरिन्छ भन्ने भाव उनको रहेको छ । साहित्यकारले कलात्मक भाषा र विषयवस्तुको चयन आफ्ना रचनाका लागि गर्नुपर्छ अन्यथा त्यो बेकार हुनेछ भन्ने धारणा 'कदम'को रहेको छ ।

यसप्रकार 'कदम' राष्ट्रभक्ति र राजभक्तिका साथै भगवद्भक्ति र साहित्य सङ्गीत भक्तितिर पनि झुकेको देखिन्छन् । प्रस्तुत कृतिका माध्यमले 'कदम'ले आफूलाई विविध विषयमा कलम चलाउने लेखकका रूपमा स्थापित गरेका छन् ।

### ४.९.३ भाषाशैली

'कदम' एक जागिरे जीवन बिताएका र ठूला ओहदाका मान्छेसँग उठबस भएका व्यक्ति हुन् । उनका लेखहरूमा पनि नेपाली मानक भाषाको प्रयोग भएको छ । उनले नेपालको उच्चतम वर्गको भाषिकाको पनि प्रयोग गर्दछन् । कदमले तत्सम शब्दको प्रयोग का साथै तद्भव र झर्रा नेपाली शब्दको प्रयोग आफ्ना लेखहरूमा गरेका छन् । उनले बीच बीचमा संस्कृत सूक्तिहरूको पनि प्रयोग गरेका छन् ; जस्तै :

अग्नि हिमस्य औषधम् । (पृ. ३)

नासौ मुनिर्यस्य मतं न भिन्नम् । (पृ. ९)

गुणागुणेषु वर्तन्ते । (पृ. १३)

नैव किञ्चित् करोमीतियक्तो मन्येत् तत्ववित् । (पृ. १३)

आदि सूक्तिहरूको प्रयोगले आफूलाई दर्शन शास्त्रको बारेमा जानकारी रहेको बताएका छन् भन्ने तथ्यलाई पुष्टि र प्रामाणिक पनि बनाएका छन् । साधारण सरल भाषामा उनका लेखहरू संरचित छन् । सरल र प्राकृतिक विम्ब प्रतीकहरूको प्रयोग एवं सरल वाक्य गठनले गर्दा उनका लेखहरू सरल देखिन्छन् । उनका लेखहरूमा देखापर्ने तत्सम शब्दहरू संस्कृत भाषाका अनभिज्ञहरूलाई कठिन लाग्न सक्दछन् । तर पनि समग्रमा उनको प्रस्तुत कृति सरल एवं सुबोध रहेको छ भन्दा अत्युक्ति हुँदैन ।

समग्रमा हेर्दा 'कदम'को भक्ति र समर्पण कृति एक बौद्धिक कृतिका रूपमा रहेको देखिन्छ । पूर्वीय दर्शन, देशको राजनैतिक, सामाजिक अवस्थिति, साहित्य र सङ्गीतबारे समालोचना जस्ता विषयवस्तु लिएर लेखिएको हुँदा विविध विषयमा लेखिएको कृति भन्न सकिन्छ । 'कदम'को ४ दशक देखिको काव्य साधना र साढे पाँच दशकको जीवन भोगाइको अनुभवबाट प्राप्त ज्ञानहरू नै यस कृतिमा व्यक्त भएका छन् । खासगरी यो कृतिको महत्त्व 'कदम'लाई समालोचकको रूपमा प्रतिष्ठित गराएकाले रहेको देखिन्छ ।

## ४.१० 'मेरो देश अनि म' भावनात्मक राष्ट्रिय काव्यको विश्लेषण

### ४.१०.१ कृति परिचय

भैरवनाथ रिमाल 'कदम'द्वारा वि. सं. २०३१ मा रचना गरिएको र सुश्री भुवन थापाद्वारा प्रकाशनमा ल्याइएको कृति **मेरो देश अनि म** काव्यमा राष्ट्रवादी भावना ओतप्रोत भएको छ । मूल पाठ ५६ पृष्ठमा संरचित रहेको यस कृति भूमिका खण्ड फोटोहरू र आवरण पृष्ठ गरी ७४ पृष्ठ रहेको छ । **मेरो देश अनि म** वाक्यबाट रचना प्रारम्भ गरिएको छ । गद्यलयका तेह्रसय भन्दा बढी हरफहरूमा संरचित प्रस्तुत काव्यका बीच-बीचमा राजा वीरेन्द्र, महेन्द्र, रानी ऐश्वर्या, कवि लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सूर्यविक्रम ज्ञवाली, लेखक स्वयम् र प्रकाशिका भुवन थापाका साथै पशुपति गुह्येश्वरी आदिको फोटो चित्रहरू छापिएका छन् ।

### ४.१०.२ भावविधान वा विषय वस्तु

राष्ट्रप्रेम, देशभक्ति, प्रकृतिप्रेमका साथै मायाप्रेमका गीत र कविताहरू रचना गर्ने 'कदम' राष्ट्रवादी कवि हुन् । राष्ट्रवादी भावनामा नै आधारित भएर १४ वटा कृतिका रचना गरिसकेका कदमले प्रस्तुत कृतिमा पनि राष्ट्रियतालाई मूर्त रूप दिने प्रयास गरेका छन् । नेपालका नाना प्रकारका वस्तुको वर्णन गर्नुका साथै प्राकृतिक सुन्दरताको वर्णनमा आफ्ना काव्य पूरा गर्न सक्नु उनको कला नै हो । **मेरो देश अनि म** शीर्षकको प्रस्तुत काव्यमा

कविले आफ्नो देश नेपालको भौगोलिक, ऐतिहासिक,पारम्परिक, धार्मिक, सामाजिक र आधुनिक ढाँचाले गमेर आफ्नो भाव अभिव्यक्त गर्न पुगेका छन् । कविले राष्ट्रलाई बचाउनुका साथै आफू पनि बाँच्नु पर्ने भाव यसरी व्यक्त गरेका छन् –

मैले बाँच्नु छ यहाँ बचाउँनु छ राष्ट्रियतालाई

नेपाललाई नेपालीलाई, मानवलाई, मानवतालाई (पृष्ठ १)

नेपालको प्रकृतिको चित्रण गर्दै कवि आफ्ना कवितांशहरू यसरी व्यक्त गर्दछन् :

हरियो वन जङ्गल डिल र भिर मेरा पहाड

अन्न उब्जनी खानी तराईका मेरा सम्म मैदान

नदी नाला खोला खहरे कुवा र कुलो अनि मेरो झरना

तह तहका हिमाली तरेली सगरमाथा

डाँफे मयुर अनि मेरा गाई गैंडा त्यस्तै लेकमा गुराँस (पृ. ५)

नेपाल प्राकृतिक सैन्दर्यले भरिपूर्ण देश हो । यहाँका वनजङ्गल, पहाड, अन्नको खानी तराईको सम्म मैदान, नदी-नाला, खोला-खहरे कुवा, कुलो अनि झरना यहाँका डाँफे मुनाल, मयूर, गाई, गैंडा, लेकमा फूलेका गुराँस आदिले सौन्दर्य प्रदान गरेका छन् । डाँफे, मुनालको नृत्यले व्याकुल भएको मनलाई शीतलता दिएको छ भन्ने भाव कदमले आफ्नो काव्यमा यसरी व्यक्त गरेका छन् –

"यिनै हरिया पर्वतहरूको चुली चुलीमा मेरा भावना रहुन् ।

लेक वेसी मैदान वरीपरी रनवनले सिँगारि रहुन् ।

शान्त प्रकृति, स्वस्थ स्वभावका नेपालवासी

नेपाली सधैं हर्षिला रहुन्" (पृ. १५)

प्राकृतिक सौन्दर्यको वर्णन गर्दै कविले आफ्नो मस्तिष्कमाथि हिमाली स्वच्छ छायाँले सदा सर्वदा शीतलताको धारा भावना बनी बगाइरहेकोमा आनन्द मान्दछन् । नेपाली धर्तीलाई सुन्दर बनाउनकालागि भीमसेन थापा, अमर, बलभद्र, वीरभद्र, जस्ता वीर सहिदहरूले बलिदान दिएका छन् । गौतम बुद्धको शान्तिक्षेत्र देश, सीता भृकुटीले खेलेको पवित्र भूमिमा अरनिकोले कोरेको चित्र र भानुभक्तले कोरेको कवितै कविताले पनि मेरो देशलाई चिनाएको छ भन्दै कविले चन्द्रमाको कान्ति र सूर्यको चहक फिँजिएको र निलो शान्तिपूर्ण रङ्ग बिच्छ्याएको मेरो देशमा राष्ट्रिय ध्वजामुनि सम्पूर्ण नेपालीहरू विकासको खुड्किलामा हातेमालो गर्दै लम्किन पाएकोमा कवि हृदय प्रफुल्लित भएको कुरा व्यक्त गरेका छन् –

फूल पात नैवेद्य र अक्षेता

अनि मेरा आत्मा विश्वास बटुलेर

जब म पूजा गर्छु गणेशको र भक्त बन्छु सरस्वतीको

अनि सेवा गर्छु महालक्ष्मीको

कलम दगुर्छ राष्ट्रिय सत्य पथको अँगाल्दै (पृ. २४)

राष्ट्रप्रेमका कविताहरू रचना गर्ने कवि 'कदम' मातृभूमिको सपूत बनी नेपाल आमालाई चिनाउनुका साथै देशको ढुकुटी बढाउने कुरा व्यक्त गरेका छन्–

बरु परे म आफ्नो मुटुको रगत त्यागदछु

देशको गीत गाउन हट्दिन

यो मेरो अनेकौँ चाहना र अभिलाषा

सजिलै छोड्छु राष्ट्रियतामा चुक्दिन (पृ. ३७)

देशलाई आवश्यकता परे आफ्नो मुटुको रगत त्याग्न र देशका बारेमा गीत गाउन पछाडि नहट्ने कवि कदम आफ्ना चाहना र अभिलाषालाई त्याग्न सक्ने तर राष्ट्रियतामा नचुक्ने भाव व्यक्त गरेका छन् ।

प्राकृतिक सौन्दर्यमा रम्ने कवि कदम नेपालका हिमगिरि नेपालको रक्षाका लागि तीनतिर उभिएका छन् भन्दछन् । यहाँका मठ मन्दिरहरूले पनि नेपाललाई सौन्दर्य प्रदान गरेका छन् । एकातिर कोशी कर्णाली र शारदा बगिरहेका छन् । छत्तीस जातका फूलहरू यसै भूमिको सुन्दरता बढाउन खडा भएका छन् । बृक्षमा देखिएका नव पालुवाले सुन्दरता थपेका छन् भने लहराका गहना लगाएर डाँडा काँडा सुशोभित भएका छन् । निर्भर झरनाहरूले झन सुन्दर देखाएका छन् । यहाँका सुन र धातुका खानीले नेपालका आर्थिक स्तरमा वृद्धि गरेका छन् । चित्रकला र हस्तकलाका अपूर्व महिमा पाटन, स्वर्गकोद्वार, भादगाउँ, पचपन्न झ्याले घर , कालभैरव, बुद्ध, शिव यही बास गरेका छन् जसका कारण हाम्रा बन्धुबान्धव शूर वीरहरू अति चम्केर बसेका छन् भन्ने भाव प्रस्तुत काव्यमा पाइन्छ ।

### ४.१०.३ भाषाशैली

**मेरो देश अनि म** कवितामा कविले आफ्नै देश नेपालका भौगोलिक, ऐतिहासिक, पारम्परिक, धार्मिक, सामाजिक र आधुनिक ढाँचामा गमेर आफ्ना भाव आभिव्यक्ति गरेका छन् । सरल सरस भाषामा छन्द, अलङ्कारको पहिरनबाट अलग्गै राखेर कविले राष्ट्रमा वसोवास गर्ने नेपालीलाई देशप्रेम, राजभक्ति, प्रकृतिप्रेम आदि दर्शाएका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दहरूका माध्यमबाट मिठासपूर्ण लय सिर्जना गरी कविता प्रस्तुत गर्नु उनको

विशेषता नै हो । नेपाली जनजीवनमा प्रचलित शब्दहरूको प्रयोगद्वारा नेपालको प्राकृतिक सौन्दर्यलाई उतारी पाठकका मन मुटुमा वास गर्न सफल कवि 'कदम' एक राष्ट्रवादी, राजभक्ति माथि विश्वास गर्ने कवि हुन् । नेपाली वन जङ्गल नदी नाला हिमाल, पहाड, तराई यहाँका डाँफे, मुनाल, मयूर, लालीगुराँस आदिले नेपालको सुन्दरता बढाएको विश्वास गर्दै सरल भाषाका माध्यमबाट अभिव्यक्त गरेको हुँदा उनी पाठकका मभ्रुमा एक सफल कवि बन्न पुगेका छन् । सरल अलङ्कार रहित भाषा शैलीले गर्दा उनका कविताहरू साधारण पाठकदेखि विशिष्ट पाठकसम्मले पनि बुझ्ने खालका छन् ।

यसरी समग्रमा हेर्दा कवि 'कदम' राष्ट्रवादी, प्रकृतिप्रेमी र राजभक्तिका पूजारी बन्न पुगेका छन् । खासगरी नेपालका वनजङ्गल, नदी-नाला, ताल-तलैया, मठ-मन्दिर चरा चुरुङ्गीलाई विषयवस्तु बनाएर तिनको वर्णन र तिनले नेपाललाई दिएको सौन्दर्यको चित्रण गर्दै आफ्नो देशभक्ति कवितामा व्यक्त गरेका छन् । प्राकृतिक सुन्दरतामा रमाउने कवि 'कदम'का अधिकांश कवितामा जस्तै यस काव्यमा देशभक्तिको भाव र प्रकृतिचित्रणलाई नै मुख्य विषयवस्तु बनाइएको छ ।

## ४.११ 'झझल्को' कवितासङ्ग्रहको अध्ययन

### ४.११.१ कृति परिचय

भैरवनाथ रिमाल 'कदम'द्वारा लेखिएको र बालकृष्ण समद्वारा वि.सं. २०२५ सालमा प्रकाशित **झझल्को** कविता सङ्ग्रह आवरण पृष्ठ, भूमिका खण्ड, तथा मूल पाठ गरी जम्मा ५० पृष्ठमा संरचित छ । यस कृतिको मूल पाठ चाहिँ ३८ पृष्ठमा संरचित छ ।

यो **झझल्को** कवितासङ्ग्रहमा घटीमा ४ हरफदेखि बढीमा १८ हरफसम्मका गरी जम्मा ५७ वटा कविता/ गीतहरू सङ्ग्रहीत छन् । सबभन्दा सानो ४ हरफ वा एउटा चतुष्पढी श्लोक मात्र भएको कविता *तिम्रै स्मृतिमा* (पृ. ३५) हो भने सबै भन्दा ठूलो वा लामो कतिता *नजाऊ* (पृ. १८) हो ।

यस कवितासङ्ग्रहका कविताहरूलाई यसरी तालिकामा प्रस्तुत् गरिन्छ :

| क्र. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | समूह गान | ६ | १६ | १ |
| २ | हात नरोक | ५ | १६ | २ |
| ३ | गीत | ८ | १६ | ३ |
| ४ | एक गीत | ४ | ८ | ४ |
| ५ | संझनाका कोसेली | ५ | १० | ४ |
| ६ | यो प्रित | ६ | १२ | ५ |

| | | | | |
|---|---|---|---|---|
| ७ | तिमीलाई | ७ | १४ | ६ |
| ८ | मुटुको व्यथा | ७ | १४ | ७ |
| ९ | नछेक | ९ | १८ | ८ |
| १० | यो मन | ५ | १० | ९ |
| ११ | जे सोच | ३ | ७ | ९ |
| १२ | तिमीलाई देख्दा | ४ | ८ | १० |
| १३ | आउन बास गर | ५ | १० | १० |
| १४ | संझना | ४ | ८ | ११ |
| १५ | मलाई नछेक | ३ | ७ | ११ |
| १६ | युगल गीत | – | १७ | १२ |
| १७ | मेरी माया | ३ | १२ | १३ |
| १८ | एक जबाफ | ५ | १४ | १४ |
| १९ | तिम्रो संझना | ६ | १२ | १५ |
| २० | यही प्रित | ७ | १४ | १६ |
| २१ | झझल्को नै कोसेली | ५ | १५ | १७ |
| २२ | नजाऊ | – | १८ | १८ |
| २३ | मलाई बिदा | – | १८ | १९ |
| २४ | रसिलो छायाँ | ३ | १२ | २० |
| २५ | आवाज कस्तो | ४ | १६ | २१ |
| २६ | पाइन मैले | – | १६ | २२ |
| २७ | जुन फूल | – | १८ | २३ |
| २८ | प्यारो गाउँ | – | १८ | २४ |
| २९ | डाकिरहेछ | – | १८ | २५ |
| ३० | नसोच | ५ | १० | २६ |
| ३१ | ढुङ्गाको मूर्तिमा | – | ७ | २६ |
| ३२ | फूको सौगात | ५ | १४ | २७ |
| ३३ | कोशेली | – | १८ | २८ |
| ३४ | यो हो हाम्रो गीत दाज | – | १७ | २९ |
| ३५ | प्रीत नतोड | ३ | १२ | ३० |
| ३६ | जे ठान | ७ | १४ | ३१ |
| ३७ | खोलाको तीरमा | ३ | ६ | ३२ |
| ३८ | फूल जस्तो | ४ | १२ | ३२ |

| | | | | |
|---|---|---|---|---|
| ३९ | झझल्को | – | ८ | ३३ |
| ४० | गजल | ४ | १६ | ३४ |
| ४१ | शान्तिसँग | ३ | १२ | ३५ |
| ४२ | तिम्रै स्मृतिमा | १ | ४ | ३५ |
| ४३ | चोखो पिरती | ७ | १४ | ३६ |
| ४४ | आमाको आह्वान | – | १८ | ३७ |
| ४५ | प्रकृति रानीलाई | ४ | १६ | ३८ |

### ४.११.२ विषयवस्तु र भाव

भैरवनाथ रिमालद्वारा रचिएको यस कृतिमा ४२ वटा कविता, गीतहरू रहेका छन् । ती एउटै विषयमा लेखिएका छैनन् । राष्ट्रिय भाव, प्रेम, प्रकृतिको गुणगान आदि विषयवस्तुमा लेखिएका छन् ।

राष्ट्रिय भाव भएका कविताहरू लेखेर आफूलाई परिचित गराइसकेका 'कदम'ले यस सङ्ग्रहमा *समूह गान, हात नरोक,* गीत, *एक गीत, आमाको आह्वान* गरी ५ वटा राष्ट्रिय भाव भएका कविता सङ्ग्रहीत गरेका छन् । उनका दृष्टिमा देशलाई उन्नति र विकासको गतिमा लानुपर्छ भन्ने रहेको छ । यसका लागि देशलाई माया गर्नुपर्छ भन्ने देखिन्छ । 'कदम'को राष्ट्रिय भावना यस प्रकार व्यक्त भएको छ –

बेला हो यो प्रगतिले, शिखर नाघ्नु पर्ने

हामी रोए देश रुन्छ, हँसाई राख्नुपर्ने

हामी बढे देश बढ्छ, प्रगतिको पथमा

हामी रुके धर्ति रुक्छ आजको यो युगमा (हात नरोक, पृ. २)

कवि भैरवनाथ रिमाल 'कदम' राष्ट्रिय भाव वा देशभक्तिका कविता लेख्नुका साथै प्रेम भावका कविता पनि लेख्दछन् । प्रस्तुत सङ्ग्रहमा कदमले *सम्झनाका कोशेली, 'यो प्रित तिमीलाई, मुटुको व्यथा, यो मन, झझल्को, पाइन मैले, प्रीत नतोड,* आदि ३५ वटा कविता प्रेममा आधारित लेखेका छन् । उनको कवितामा प्रेमको संयोगावस्था र विरहावस्था दुबैको चित्रण पाइन्छ, जस्तै :

धारा पानी होइनौ तिमी कुवाको हौ पानी

तिर्खा मेरो मेटिदेऊ तिमीले नै जानी (तिमी लाई देख्दा पृ. १०)

उपर्युक्त पद्यमा प्रेमिकासँग प्रेमीको वार्तालाप भएको देखिन्छ जसले प्रेममा संयोगावस्थाको चित्रण गरेको छ । त्यसैगरी *आउन बास गर* (पृ. १०) र *युगल गीत* पृ.१२)

कविताहरू नाटकीय संवाद शैलीमा लेखिएका छन् । विरहावस्थाको चित्रण भएको कविता यसप्रकार छ :

तीे दिन फर्के ती रात फर्के, तिमी त फर्किनौ

वासलाई सम्झी ती सखी फर्के तिमी झन् फर्किनौ ।

('एक जवाफ' पृ १४)

उपर्युक्त कवितामा प्रेमी प्रेमिकाको विरहमा पीडित भएको देखिन्छ । प्रेमिकाले छोडेर गएपछि मनमा उठ्ने वेदनाको चित्रण उक्त कवितांशमा पाइन्छ । यस कवितांशले विरहावस्थाको चित्रण गरेको छ । 'कदम'का कवितामा प्रेमका संयोग र विरहावस्थाको चित्रण भएको कुरा उपर्युक्त कुराबाट प्रष्ट हुन्छ ।

प्रकृति चित्रणमा 'कदम'को कलम चलेको छ । कदमले राष्ट्रिय भावका कविता र प्रेमभावले पूर्ण कविता रच्नुका साथै प्रकृति-प्रेमलाई विषयवस्तु बनाएर पनि कविता लेखेको देखिन्छ । 'कदम'ले आफ्ना कवितामा प्रकृतिलाई उपमा बनाएको उदाहरण धेरै ठाउँमा भेटिन्छ भने प्रकृतिलाई आलम्बन बनाएर प्रकृतिको गुणगान गरेर पनि कविता लेखेका छन् । यस्ता कविता यस कविता सङ्ग्रहमा *प्यारो गाउँ* (पृ. २४) र *प्रकृति रानीलाई* (पृ. ३८) गरी दुई वटा रहेका छन् । उक्त कविताहरूमा कदमले प्रकृतिको गुणगान गरेका छन् । उनका कवितामा स्वच्छन्दतावादी प्रकृति वर्णन पाइन्छ ; जस्तै :

प्रकृतिमा जन्मिएर प्रकृतिकी रानी

तिम्रै लाली हो कि कसो प्रभातको जानी

तिम्रो नानी भित्र हेरे विश्व झल्किदेला

आँखा लगाई दिए पनि फूल फक्रिदेला (प्रकृति रानीलाई पृ. ३८)

उपर्युक्त कवितांशमा प्रकृति नै सर्वोच्च शक्ति रहेको कुरा वर्णन भएको छ । प्रकृतिको रहस्यात्मक शक्तिको गुणगान गरिएको छ ।

यसप्रकार हेर्दा 'कदम'का कवितामा मुख्य रूपले राष्ट्रिय भावना, प्रेम भाव र प्रकृति प्रेमको चित्रण पाइएको छ । यसका साथै गौण रूपमा राष्ट्रको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथ्यहरू पनि चित्रित भएका छन् ।

### ४.११.३ भाषाशैली

भैरवनाथ रिमाल सरल भाषाशैलीमा कविता लेख्दछन् । त्यसैले उनका कवितामा सरल प्रकृतिका बिम्ब अलङ्कारहरू रहेका छन् । लयात्मक शैलीमा कविता रच्न मन पराउने 'कदम'ले गीति छन्द र लोक छन्दको प्रयोग आफ्ना कवितामा गरेका छन् । झ्याउरे छन्दमा

कविताहरू लेखिएका छन् भने संगीतमा आबद्ध हुने गीतहरू पनि रचेका छन् । 'कदम'ले सरल र सरस शैलीमा कविता तथा गीत लेखेकाले उनी लोकप्रिय र प्रशंसित पनि भएका छन् । (भूमिका खण्ड) । कदमका कविताले सधैँ राष्ट्रप्रति बफादार हुनुपर्छ भन्ने सन्देश बोकेका छन् । उक्त सङ्ग्रहका कविताको भाषा श्रुतिमधुर एवं कर्णप्रिय छन् । ठाउँ ठाउँमा तत्सम, तद्भव तथा आगन्तुक भाषाको शब्दको प्रयोग गरेका छन् । 'कदम'ले विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् ; उदाहरणका लागि एउटा कवितांश प्रस्तुत छ :

विकासमा जागृतिको मूल फुट्न देऊ ।

प्रभातमा भास्करले शङ्ख फुक्न देऊ ।          (हात नरोक, पृ. २)

उपर्युक्त कवितांशमा 'मूल फुट्न देऊ' र 'शङ्ख फुक्न देऊ' जस्ता उपवाक्यको प्रयोग गरेका छन् ; जुन प्रतीकात्मक छन् । मूल फुट्नुले आरम्भको सङ्केत गर्दछ, जसले देशमा जागरणको सुरुवात हुनुपर्छ भन्ने अर्थ दिन्छ । त्यसैगरी 'शङ्ख फुक्नु' जय घोषको अर्थमा प्रयोग हुन्छ अर्थात कुनै युद्धमा विजय प्राप्ति गरिसकेपछि जयघोष गरिन्छ । यहाँ देशका सबै कमजोरी पन्छाएर सूर्यले अन्धकारमाथि विजय प्राप्त गरे जस्तै नेपालीले पनि दुःख, दरिद्र, अशिक्षामाथि विजय प्राप्त गरेर सुनौलो बिहानी वा भविष्यको निर्माण गर्नुपर्छ भन्ने अर्थ लाग्दछ । 'कदम'का कवितामा प्रतीकका साथै पौराणिक, सामाजिक, समसामयिक, प्राकृतिक बिम्बहरूको प्रयोग पनि पाइन्छ ।

उपमा, रूपक, तुल्ययोगिता जस्ता अर्थालङ्कार र अनुप्रास अलङ्कारको प्रयोग विभिन्न स्थानमा भेटिन्छ ; जस्तै :

लेक वेसी झर्ने गोठालाका धून ।

गीत मैले पाएको त्यो लोकगीत जून । ('यो हाम्रो गीत दाज' पृ.२९)

उपर्युक्त कवितांशमा धून र जून शब्दमा अनुप्रास मिलेको देखिन्छ ।

भ्रमर  झुल्ने लहरा जस्तो केश कालो झरेको

मुहार भन्दा मोहिनी गाला सुवाश छरेको ।       (रसिलो छायाँ पृ. २०)

उपर्युक्त कवितांशमा अनुप्रास अलङ्कारको प्रयोग भएको छ । झरेको र छरेको शब्दले कवितामा अन्त्यानुप्रासको काम गरिरहेका छन् । त्यसैगरी 'लहरा जस्तो केश' पदावलीमा उपमा अलङ्कारको प्रयोग भएको छ । लामो कालो केशलाई भ्रमरा झुल्ने लहराको उपमा जुराइएको छ ।

यसरी समग्रमा हेर्दा कवि 'कदम' राष्ट्रवादी, प्रकृतिप्रेमी र मानवीय प्रेमका पूजारी बन्न पुगेको देखिन्छ । उनको कवितामा राष्ट्रप्रेम प्रकृतिप्रेम र  मानवीय प्रेमको चित्रण गर्दा

नेपाली प्रकृति र समाजलाई नै मूल विषयवस्तु बनाइएको छ । नेपालका खोला-नाला, बगैँचा, हिमाल, पहाड, तराईको चित्रण पाइन्छ । साथै नेपालको सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक र सांस्कृतिक चित्रण पनि पाइन्छ । 'कदम'ले शुद्ध नेपाली भाषाकै प्रयोगमा जोड दिन्छन् तर परिस्थितिवश आगन्तुक शब्दको पनि प्रयोग गर्दछन् । 'कदम' सच्चा देशभक्त कविका रूपमा देखापर्दछन् ।

## ४.१२ 'भगवान्, ढोका खाली देऊ !' भजन सङ्ग्रहको अध्ययन

### ४.१२.१ कृति परिचय

भैरवनाथ रिमालद्वारा लिखित र **सुगन्ध** मासिक पत्रिकाका सम्पादक कैलाश भण्डारी द्वारा वि.सं. २०६१ सालमा सम्पादित **भगवान्, ढोका खोली देऊ** भजन सङ्ग्रहमा आवरण पृष्ठ, भूमिका खण्ड, विषयसूची तथा मूल पाठ गरी जम्मा ४० पृष्ठमा संरचित छ । यसभित्र प्रायः १० पङ्क्तिका भजनहरू छन् भने केही भजनहरू १२ र केही १४ पङ्क्तिसम्म फैलिएका छन् । यस सङ्ग्रहमा सङ्ग्रहीत भजनहरू कविता समानका छन् । भैरवनाथ रिमालले आफ्नी स्वर्गबासी श्रीमती खिलकुमारी रिमाललाई सम्झँदै हिन्दू धर्म अनुसार भगवान्को पूजा पाठले स्वर्गप्रवेश पाइन्छ भन्ने कुरालाई आत्मसात् गर्दै भगवान्प्रति आदरभाव व्यक्त गरेका छन् । उनले आफ्नी श्रीमतीको निधन भएको रात सपनामा श्रीमतीको स्वरमा 'भगवान्, ढोका खोली देऊ !' भन्ने वाणी सुनेपछि त्यही पङ्क्तिलाई सम्झेर यस भजन सङ्ग्रहको नाम राखेका हुन् ।

यस भजनसङ्ग्रहका भजनहरूलाई तालिकामा यसप्रकार प्रस्तुत गरिन्छ :

| क्र. सं. | शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | हे गणनायक ! | ५ | १० | ७ |
| २ | ढोका खोलीदेऊ ! | ३ | १२ | ७ |
| ३ | संसार सागर | ३ | १० | ८ |
| ४ | ईश्वर महिमा | ५ | १४ | ८ |
| ५ | जय शंकर ! | ३ | १० | ९ |
| ६ | ॐ नमोः शिवाय ! | ३ | १० | ९ |
| ७ | हे राम गर लौ | ३ | १० | १० |
| ८ | हे प्रभु कृष्ण ! | ३ | १० | १० |
| ९ | राम नै जानो | ३ | १० | ११ |
| १० | हे नाथ प्रभु ! | ३ | १० | ११ |
| ११ | श्री कृष्ण हजुरको | ३ | १० | १२ |
| १२ | गौरी पुत्र | ३ | १० | १२ |

| | | | | |
|---|---|---|---|---|
| १३ | नारायणको जय | ३ | १० | १३ |
| १४ | हे महा रुद्र ! | ३ | १० | १३ |
| १५ | हे हरि देऊ दर्शन | ३ | १० | १४ |
| १६ | राम प्रभुनै श्याम प्रभुनै | २ | १० | १४ |
| १७ | हे शिव शम्भो ! | ३ | १० | १५ |
| १८ | हे नर भावी | ३ | १० | १५ |
| १९ | देवीको शक्ति अपार | ५ | १४ | १६ |
| २० | हृदयवासी | ४ | १२ | १६ |
| २१ | लिंदालिदै.... | ४ | १३ | १७ |
| २२ | शक्ति र पुजन | ३ | १० | १७ |
| २३ | हरिकै किर्तन | ४ | १४ | १८ |
| २४ | राम महिमा | ३ | १२ | १८ |
| २५ | सुन्दर सपना | ३ | १० | १९ |
| २६ | हे शिव शंकर ! | ३ | १० | १९ |
| २७ | सक्नु छ सम्झन | ३ | १० | २० |
| २८ | हे शिव शेखर ! | ५ | १० | २० |
| २९ | लौन शिव ! | ५ | १० | २१ |
| ३० | जप्छौं जसको | ३ | १० | २१ |
| ३१ | बुद्ध तिमी हौ | ३ | १० | २२ |
| ३२ | जयजय राम ! | ४ | १४ | २२ |
| ३३ | शरणागत छु | ३ | १० | २३ |
| ३४ | नाथ मदेखि | – | १२ | २३ |
| ३५ | हे नाथ प्रभु ! | ३ | १० | २४ |
| ३६ | हे महामाया ! | ३ | १० | २द्ध |
| ३७ | हे प्रभु जननी ! | ३ | १० | २५ |
| ३८ | कृष्ण मुरारी | ३ | १० | २५ |
| ३९ | रामको नाम | ३ | १२ | २६ |
| ४० | जय पशुपति ! | ३ | १० | २६ |
| ४१ | साईबाबा ! | ५ | १४ | २७ |
| ४२ | हे हरि ! | ३ | १० | २७ |
| ४३ | हिमगिरी वासी | ३ | १० | २८ |
| ४४ | हे महाज्ञानी | ३ | ९ | २८ |

| | | | | |
|---|---|---|---|---|
| ४५ | रामको दर्शन | ३ | १० | २९ |
| ४६ | मुरली मनोहर | ५ | १० | २९ |
| ४७ | मोहन हे अविनासी | ३ | १० | ३० |
| ४८ | हे मन मोहन | ३ | १० | ३० |
| ४९ | बोल्दछु केवल राम ! | ३ | १० | ३१ |
| ५० | जय रघुपति ! | ३ | १२ | ३१ |
| ५१ | हे गणनायक ! | ३ | १० | ३२ |

**४.१२.२ विषयवस्तु र भाव**

भैरवनाथ रिमालको यस भजन सङ्ग्रहको विषयवस्तु धार्मिक छ । उनले हिन्दूहरूका आराध्यदेव शिव, गणेश, कृष्ण, राम, देवी आदिलाई आफ्ना भजनको विषयवस्तु बनाएका छन् । गणनायकसँग सिद्धि तथा बुद्धि मागेको कुरालाई आफ्नो भजनमा विषयवस्तु बनाएका छन् । यस भजन मार्फत उनले सधैँ धार्मिक भएर बस्ने भाव व्यक्त गर्दै आफूमा भएका पीडा, वेदना तथा ताप सधैंका लागि भागोस् भनेर गणनायकसँग याचना गरेका छन् ; यसको उदाहरण यसप्रकार छ :

चिन्तन प्रभुमा लागिरहोस्

जतिछन् ताप भागिरहोस्　　　(हे गणनायक !, पृ. ७)

आफ्नो प्राण पखेरुलाई विषयवस्तु बनाएर भैरवनाथ रिमालले 'ढोका खोली देऊ !' शीर्षकको भजन लेखेका छन् । उक्त भजनमा उनले आफ्नो प्राण पखेरु उडिसकेपछि रामकै सहारा पाउने अभिलाषा व्यक्त गरेका छन् । राम भगवान्लाई भवसागर तार्ने तारकका रूपमा लिँदै सधैँ भरि आफ्नो मनमा बसिदेऊ भनेर उनले राम भगवान्सँग प्रार्थना गरेका छन् । रामलाई ढोका खोली देऊ भनेर उनी यसरी प्रार्थना गर्छन् :

भक्तलाई भगवान् ! ढोका खोली देऊ

जुनी जुनी मनमा बसी देऊ

भज्न सकिन प्रतिफल राम

तैपनि पाउँ दर्शन धाम　　　(ढोका खोली देऊ !, पृ. ७)

भैरवनाथ रिमालले बागम्बर, त्रिशूल, डमरु, शेषनाग आदिलाई पनि सम्बोधन गरेर भजन लेखेका छन् । शेषनागको गहना लगाएर अरुको त्रास हर्ने शङ्कर महादेवलाई उनले नर तथा दिन दुःखीको रक्षकको रूपमा हेरेका छन् । यसैगरी गोपिनीलाई साथी बनाई सुर र असुरको दमन गर्ने कृष्णलाई पनि उनले भजनको विषयवस्तु बनाएका छन् । कंसलाई मारेर

वासुदेव, देवकी लगायत सबैको आँसु पुछेको भाव उनले भजन मार्फत यसरी व्यक्त गरेका छन् :

मारी कंस आँसु पुछ्यौ

वसुदेव आदि देवकी जीको (हेप्रभु कृष्ण, पृ. १०)

भैरवनाथ रिमालले दुर्गे भवानीलाई आमा मानेर अविरल भक्ति गरेको कुरा आफ्नो भजनमा व्यक्त गरेका छन् । कालीको रूप लिएर भार हर्ने र शान्तिको रूप लिएर ज्ञान छर्ने महामायालाई गौरी, पार्वती र लक्ष्मी भनेर ती हृदयका खानीको चरणमा आफ्नो मस्तक राख्ने विचार पनि उनले भजन मार्फत व्यक्त गरेका छन् । उनी शिवभक्त भएका कारण शिवको महिमा गाएर बढी भजन लेखेका छन् । यसका अतिरिक्त उनले राम, गणेश, देवी, बुद्ध आदि भगवान्का बारेमा भजन लेखेका छन् । यस सङ्ग्रहका भजनका विषयवस्तु मुख्य गरी भगवान प्रति आस्था, विश्वास, नैतिकता, स्तुतिगान आदि रहेका छन् । यी भजनहरूमा उनले सधैँ भगवान् प्रति भक्तिभाव राख्नुपर्ने र हृदय सफा राख्नु पर्ने भाव व्यक्त गरेका छन् ।

### ४.१२.३ भाषाशैली

भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित **भगवान्, ढोका खोली देऊ** शीर्षकको भजनसङ्ग्रह सबैले बुझ्नेगरी सरल तथा सरस भाषामा लेखेका छन् । यस भजनसङ्ग्रहमा उनले तत्सम शब्दको प्रशस्त प्रयोग गरेका छन् । तद्भव तथा आगन्तुक शब्दहरू पनि उनले चाँहिदो मात्रामा गरेका छन् । सरल शब्दमा सर्वसाधारणले स्पष्ट बुझ्ने भाषामा उनी भगवानको गुणगान गर्छन् । मुक्तिको आस गर्दै उनी लेख्छन् :

भक्तलाई भगवान ढोका खोलीदेऊ

जुनी जुनी मनमा बसीदेऊ

भज्न सकिन प्रति पल राम

तैपनि पाउँ दर्शन धाम । ( ढोका खोलीदेऊ !, पृ. ७ )

भैरबनाथ रिमालले मिथकीय बिम्बको प्रयोग पूरै सङ्ग्रहभित्र गरेका छन् । देवी-देवता आदि आफैँमा मिथकीय बिम्ब हुन् । त्यसैले यस सङ्ग्रहभरि मिथकीय बिम्बको प्रयोग भएको छ । उनले त्रिशुल, डमरु, बागम्बर आदिलाई मानिसको रक्षकको रूपमा प्रयोग गरेका छन् । यस सङ्ग्रहमा उनले प्रतीकात्मक रूपमा मानिसलाई हत्या, हिँसा, आतङ्क आदिजस्ता प्रवृत्तिहरू त्याग्न आग्रह गरेका छन् । उनले यस सङ्ग्रहका भजनहरूमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरेका छन्; जस्तै :

हे शिव शम्भो मन्दिर आएँ

तिम्रै पदमा तन मन लाएँ (हे शिव शम्भो !, पृ. १५)

भैरवनाथ रिमाल 'कदम'ले यस भजनसङ्ग्रहमा छुट्टै किसिमको शैलीको प्रयोग गरेका छन् । कुनै भजनमा १०-११ अक्षरको हरफको संरचना छ भने कुनै भजनमा २१ अक्षरको हरफको संरचना छ । यो उनको आफ्नै शैली हो ।

यसरी यस भजनसङ्ग्रहका भजनहरूले भक्तहरूको मन छुन सफल भएका छन् । भैरवनाथ रिमालका १५० भन्दा बढी भजनहरूबाट चुनिएर यस सङ्ग्रहमा ५१ वटा मात्र भजनहरू सङ्ग्रहीत छन् । उनका यी भजनहरूले पाठकहरूमा भगवानप्रति सच्चा भक्तिभाव र प्राणीहरूप्रति कल्याणभाव जगाउन सफल भएका छन् ।

### ४.१३ 'ढुङ्गाको मूर्ति' कवितासङ्ग्रहको अध्ययन

#### ४.१३.१ कृति परिचय

भैरवनाथ रिमाल 'कदम'द्वारा लेखिएको **ढुङ्गाको मूर्ति** कवितासङ्ग्रह बालकृष्ण समले वि.सं. २०२६ सालमा प्रकाशित गरेका हुन् । यो कवितासङग्रह आवरण पृष्ठ, भूमिका खण्ड, तथा मूलपाठ गरी जम्मा ४४ पृष्ठमा संरचित छ । यसको मूलपाठ चाहिँ जम्मा २४ पृष्ठमा संरचित छ । यसमा १२ हरफदेखि २० हरफसम्मका जम्मा २४ वटा कविताहरू सङ्ग्रहीत छन् । बाँकी कविताहरूमध्ये कुनै १४ हरफमा, कुनै १५ हरफका, कुनै १६, १७, १८, १९ हरफका छन् । प्राचिन कालमा नेपालमा मात्र नभई संसारभर नै जनताका राजा ढुङ्गाको एक उच्च आसनमा बस्ने गरेको र पछि लौह युग र स्वर्ण युग आइसके तापनि परम्परागत सो राजसिँहासनलाई ढुङ्गा भन्ने चलन रहेकाले उनले प्रस्तुत कृतिको नाम **ढुङ्गाको मूर्ति** राखेका हुन् ।

यस कवितासङ्ग्रहका कविताहरूलाई तालिकामा यसरी देखाइन्छ :

| क्र. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | शुभ कामना | ५ | १४ | १ |
| २ | बालक | ३ | १२ | २ |
| ३ | नेपाल | – | २० | ३ |
| ४ | स्वदेश गान | – | १४ | ४ |
| ५ | जन्मभूमि | ४ | २० | ५ |
| ६ | खाँदैनन् हार नेपाली | ४ | १५ | ६ |
| ७ | छिट्टै पुगौंला | ४ | १७ | ७ |

| | | | | |
|---|---|---|---|---|
| ८ | हाम्रो बेला | – | १८ | ८ |
| ९ | हिमालको शिखर | ४ | १६ | ९ |
| १० | साहसवादी नेपाली | ४ | १४ | १० |
| ११ | स्वदेश | – | १८ | ११ |
| १२ | नसुत नेपाली | ३ | १२ | १२ |
| १३ | स्यावासी मर्द | ५ | १८ | १३ |
| १४ | सजाऔँ नेपाल | ७ | १८ | १४ |
| १५ | नेपाल आमा | – | १४ | १५ |
| १६ | स्वगत गान | – | १८ | १६ |
| १७ | हाम्रो वीरता | ४ | १६ | १७ |
| १८ | आमाको मुहार | ४ | १६ | १८ |
| १९ | खुला छ ढोका | – | १६ | १९ |
| २० | शहीदप्रति श्रध्दाञ्जली | – | १९ | २० |
| २१ | दुःखको तार | ७ | १४ | २१ |
| २२ | स्वदेश भन | – | १४ | २२ |
| २३ | आमा भन्छिन् | – | १६ | २३ |
| २४ | ढुङ्गाको मूर्ति थापी | – | १९ | २४ |

**४.१३.२ विषयवस्तु र भाव**

भैरवनाथ रिमालको **ढुङ्गाको मूर्ति** राष्ट्रिय कविताहरूको सङ्कलन हो । यस सङ्ग्रहका कविताका पङ्क्तिहरूमा उनले आफ्नो देशको प्राकृतिक गरिमा, ऐतिहासिक महिमा र जातीय वैशिष्ट्यहरूप्रति ममता र आस्थाका सुसेलीहरू हालेका छन् । देशभक्त कवि रिमालद्वारा राष्ट्रिय चेतनाको कलमले कोरिएको **ढुङ्गाको मूर्ति** कवितासङ्ग्रहका रचनाहरूमा हिमालको प्रत्यक्ष दर्शन गाउन खोजेका छन् । अलौकिक नेपालको हरिलो, भरिलो, रसिलो वन्, पहाड, लेक, मैदानका उकाली, ओरालीमा केही क्षण हाँसखेल गर्न मन लाग्छ । हाँसखेल गर्दा काखमा घोप्टिएर नरोई गहिरो माया बस्न सक्दैन भन्ने भाव उनका यस सङ्ग्रहका कविताहरूमा पाउन सकिन्छ । राष्ट्रप्रेम, देशप्रेम, भक्तिभाव, प्रकृतिप्रेममा रमाउने कवि रिमाल नेपाली वनका सुन्दर फूल अर्थात लाली गुराँस देख्दा स्वर्गभैँ ठानेका छन् । उनी नेपालीहरू आफ्नैदेशमा पौरख गर, तिमीहरूले पौरख गऱ्यौ भने यस धर्तीको माटोमा सून फल्नेछ, तिमीहरूले आमाको हृदयलाई जलाएर विदेशी भूमिमा पौरख गर्न थाल्यौ भने आमाको सुखी अनुहार र स्वदेशी तारालाई देख्न पाउने छैनौ, धर्तीमा देखिने ती सप्तरङ्गी इन्द्रेनीहरू रङ्गिने छैनन् भन्दछन् । यहाँ हिमालका डाँफे मुनाल रमाएका छन् । तिमीले पनि आफ्नो हात बाँधेर नराख, कुनै पनि कामलाई भोलि गरौँला भनेर नसाँच, आज गर्नुपर्ने काम

आजै गर, नेपालमा शान्ति ल्याउनको लागि कदम चाल भन्ने भाव कविले *नेपाल* (पृ. ३) शीर्षकको कवितामार्फत अभिव्यक्त गरेका छन् । यसैगरी राष्ट्रप्रेमको भाव अभिव्यक्त गर्दै कवि भन्दछन्–

चन्द्र र सूर्य मुस्कने राष्ट्रिय ध्वजा फरर

पाइन्छ छाया हिमालको, सुगन्धी हावा हरर (स्वदेश गान, पृ. ४) ।

आफ्नो जन्मभूमिप्रति सदभाव राख्दै र नेपालीहरूलाई अगाडि बढ्न आग्रह गर्दै कवि भन्दछन्–

शक्तिशाली नेपाली जन्मभूमि अंगाली

बढ्दै जाऊ अगाडि हे वीर हाम्रा नेपाली (जन्मभूमि, पृ. ५) ।

हे शक्तिशाली नेपाली हो ! तिमीहरू आफ्नो जन्मभूमिलाई अँगालेर अगाडि बढ्दै जाऊ । यहाँ पूर्वमा मेची–कोशी र पश्चिममा कर्णाली–महाकाली बगिरहेका छन् । यहाँ सुन्दर ताल, झरना, नदी-नाला आदि छन् । बुद्धको शान्त विहार पनि यहीँ छ । छत्तीस रङ्गका फूलबारीहरू यहीँ छन् । यहाँ विभिन्न पाटी, पौवा, हरियाली वन आदि नेपालको बहुमूल्य हीरा बनेका छन् । प्राकृतिक सुन्दरताले भरिपूर्ण यस जन्मभूमिलाई स्वर्ग पार्नु पर्ने भावका साथ उक्त *जन्मभूमि* (पृ. ५) कविता आएको छ । देशका लागि लड्ने नेपालीको साहस कवि यसरी अभिव्यक्त गरेका छन् :

देश निम्ति यो नेपाली पछि हट्ने छैन

हिम्मत यो नेपालीको हार खाने छैन (साहसवादी नेपाली, पृ. १०)

देशको निम्ति दीलो ज्यान दिन सक्ने वीर नेपाली कहिल्यै पनि हिम्मत गर्न पछि हट्ने छैन । हाम्रो जन्मस्थलमा चिसो हावा, स्वादिलो अन्न, जल खाएर हामी दाजुभाइ, दिदी बहिनी एक अर्कामा रीस,राग त्यागेर नेपाल नाम राख्न सफल भएका छौँ । अब हामीले काँधमा काँध जोडेर काम गर्ने बेला आएको छ । देशका निम्ति मरिमेटेर लाग्ने अवस्था आएको छ । दुःख, सुख दुवैलाई समान रूपमा लिई अगाडि बढ्न कम्मर कस्नुपर्छ भन्ने भाव *साहस वादी नेपाली* (पृ. १०) शीर्षकको कविताका माध्यमबाट कविले व्यक्त गरेका छन् । यसैगरी उनी भन्छन् –

अरलिको लौरो टेकी लड्न भनी गा'को

बैरीलाई थर्काएर बीर फर्कि आ'को (स्यावासी मर्द, पृ. १३) ।

नेपालीहरूलाई कामभन्दा कुरा बढ्ता गरेर नबस्न आग्रह गर्ने कवि भैरवनाथ रिमाल भन्छन् :

काम भन्दा बढ्ता कुरा गरेर बस्न छाडि देऊ

चाहिँदो मात्र बोलेर स्वदेश शक्ति बढाइदेऊ (आमाको मुहार, पृ. १८)

### ४.१३.३ भाषाशैली

कवि भैरवनाथ रिमाल 'कदम' सरस र सरल भाषाशैलीका माध्यमबाट मिठासपूर्ण रचनाहरू सिर्जना गरी पाठकका हृदयमा स्थान जमाउन र राष्ट्रिय स्तरमा ख्याति कमाउन सफल बनेका छन् । पाठकका मन तथा मुटुमा भिज्नेगरी सुन्दर रचनाहरू, सिर्जनाहरू सिर्जना गर्न सक्नु उनको कलागत वैशिष्ट्य हो । उनले आफ्ना कुनै पनि रचनाहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगका साथै विभिन्न बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग गर्दछन् । कुनै पनि रचनामा लय सिर्जना गर्दा अनुप्रास मिलाएर रचना गर्नु उनको काव्यगत विशेषता हो उनी जति सरल र सरस छन्, उनका यस सङ्ग्रहका कविताहरू पनि त्यत्तिकै सरल छन् । उनका कविता कहीँ छहरा झैँ बगेका छन्, कहीँ पहरा झैँ जमेका छन् भने कहीँ लहरा झैँ माथितिर बढेका छन् । यसका कारण उनका कविताहरू पाठकको माझमा स्थापति बन्न सफल छन् ।

भैरवनाथ रिमाल 'कदम'का यस कवितासङ्ग्रहका प्रायः सबै कविताहरू पद्यलयमा रचिएका छन् । कुनै कुनै कविता मात्र उनले गद्यलयमा लेखेर यसमा सङ्ग्रहीत गरेका छन् । उनले पाटी, पौवा, गोरेटो, वन-जङ्गल, डाँडा-काँडा आदिलाई प्रतीकका रूपमा प्रयोग गरेका छन् । 'घुँडा टेकेर लड्नु' जस्ता प्रतीकात्मक शब्द तथा वाक्य पनि उनले यस सङ्ग्रहका कवितामा प्रयोग गरेका छन् । गौरी, शङ्कर आदि मिथकीय बिम्बको पनि उनले उचित प्रयोग गरेका छन् । नेपालीलाई दुःख सुख भोगी आउने साहसीका रूपमा उनी कवितामार्फत यसरी प्रस्तुत गर्छन् –

दुःख सुख समान लिई भोगी आउने जति

कम्मर कसी अघि बढने यिनै लौरो भाँची (साहसवादी नेपाली, पृ. १०)

कविता लेख्ने क्रममा लयको सिर्जना गर्न उनी विशेष गरी अन्त्यानुप्रास अलङ्कारको प्रयोग गर्दछन् । यसप्रकार उनको यो **ढुङ्गाको मूर्ति** कवितासङ्ग्रह सबै दृष्टिबाट उत्कृष्ट देखिन्छ ।

## ४.१४ 'लोली' कवितासङ्ग्रहको अध्ययन

### ४.१४.१ कृति परिचय

**लोली** कवितासङ्ग्रह भैरवनाथ रिमाल 'कदम'को एक उत्कृष्ट कृति हो । यो कवितासङ्ग्रह प्रकाशिका सुश्री भुवन थापाद्वारा वि.सं. २०३१ सालमा प्रकाशित भएको हो । यो कवितासङ्ग्रह भूमिका खण्ड र कविता सङ्कलन खण्ड गरी दुई भागमा विभाजित छ ।

भूमिका खण्ड र कविता खण्डको समग्र आयाम ६० पृष्ठको रहेको छ । यस कवितासङ्ग्रहमा जम्मा ५६ वटा कविताहरू सङ्कलित छन् । कविताको आकृति लघुत्तम रहेको छ । कविताहरू प्राय : १४ देखि १५ पंक्तिमा पूरा भएका छन् । केही कविताहरूको आयाम २० पंक्तिसम्म पनि फैलिएको छ ।

प्रस्तुत **लोली** कवितासङग्रहमा सङ्कलित कविताहरूको विवरण निम्नअनुसार रहेको छ :

| क्र. सं. | कविता शीर्षक | श्लोक संख्या | पङ्क्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | शुभकामना | ५ | १४ | १ |
| २ | समूह गान ! | ६ | १६ | २ |
| ३ | हात नरोक | ५ | १६ | ३ |
| ४ | साहसवादी नेपाली | ७ | १४ | ४ |
| ५ | हिमालको शिखर | ४ | १६ | ५ |
| ६ | स्वदेश गान | ७ | १४ | ६ |
| ७ | म भित्र | १ | १६ | ७ |
| ८ | गाउँ फर्क | १ | १६ | ८ |
| ९ | शिशु | ७ | १४ | ९ |
| १० | समूह आत्मा | ८ | १६ | १० |
| ११ | जागृति | ७ | १४ | ११ |
| १२ | भाई बहिनी | ६ | १२ | १२ |
| १३ | जरुरी | ६ | १२ | १३ |
| १४ | उर्लेको लहर | ६ | १८ | १४ |
| १५ | पसिना पोखेर | ९ | १८ | १५ |
| १६ | राजमुकुट | ६ | १८ | १६ |
| १७ | आशीर्वाद | ५ | १४ | १७ |
| १८ | आज भन्छ | ५ | १४ | १८ |
| १९ | रम्छ नेपाल | ६ | १८ | १९ |
| २० | युगको विकास | ५ | १८ | २० |
| २१ | सपना साकार आमाको | ४ | १२ | २१ |
| २२ | कबूल गरिद्यौ | ५ | १४ | २२ |
| २३ | तन्नेरी | ५ | १४ | २३ |

| | | | | |
|---|---|---|---|---|
| २४ | वन्दना | ५ | १४ | २४ |
| २५ | बरदान | ७ | १४ | २५ |
| २६ | कर्मी | ७ | २० | २६ |
| २७ | युग ज्योति ? | ७ | १४ | २७ |
| २८ | स्यावासी मर्द | ५ | १८ | २८ |
| २९ | नसुत नेपाली | ३ | १२ | २९ |
| ३० | यो माटो | ७ | २० | ३० |
| ३१ | सुशोभित | ४ | १४ | ३१ |
| ३२ | हाम्रो अभिनन्दन | ६ | १८ | ३२ |
| ३३ | खुला छ ढोका | ३ | १५ | ३३ |
| ३४ | भोलिको लागि | ५ | १४ | ३४ |
| ३५ | बिउँझ रे | ५ | १४ | ३५ |
| ३६ | नेपाल आमा | ७ | १४ | ३६ |
| ३७ | सव देवका देवता | ६ | १८ | ३७ |
| ३८ | लहरा लत्रेमा | १ | १६ | ३८ |
| ३९ | दिउन् सधैं आशीर्वाद | ७ | २० | ३९ |
| ४० | आमा भन्छिन् | १ | १६ | ४० |
| ४१ | स्वदेश भन | १ | १४ | ४१ |
| ४२ | नजाऊ | ५ | १८ | ४२ |
| ४३ | मंगल वन्दना | ५ | १४ | ४३ |
| ४४ | एक गीत | ४ | ८ | ४४ |
| ४५ | आमाको आव्हान | ५ | १८ | ४५ |
| ४६ | सुवास नै पाउन बाँकी छ । | ८ | १६ | ४६ |
| ४७ | प्रार्थना | ७ | १४ | ४७ |
| ४८ | आमा | ८ | १६ | ४८ |
| ४९ | लागि देश निम्तिमा | ९ | १८ | ४९ |
| ५० | रक्षा गरिद्यौ | ५ | १८ | ५० |
| ५१ | आमाको भारा | ४ | १६ | ५१ |
| ५२ | मेरो राग | १ | ११ | ५२ |
| ५३ | चाहनाको काँचुली | ६ | १२ | ५३ |
| ५४ | कावा | ४ | १६ | ५४ |
| ५५ | यो दिन | १ | १६ | ५५ |

| | | | | |
|---|---|---|---|---|
| ५६ | चौतर्फी | ३ | १४ | ५६ |

### ४.१४.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल 'कदम'को निर्झरमयी सिर्जनात्मक व्यक्तित्वबाट सिर्जिएका थुप्रै साहित्यिक कृतिहरूले नेपाली साहित्यको भण्डार बृद्धि गरेको देखिन्छ । **लोली** नामक कवितासङ्ग्रह एक उत्कृष्ट साहित्यिक कृति हो । 'लोली' शब्दको अर्थ स्वरमा स्वर मिलाउनु भन्ने हुन्छ । **लोली** कवितासङ्ग्रह भित्रका सम्पूर्ण कविताहरूले देश निर्माण, सामाजिक सभ्यताको विकास सम्बन्धी वकालत गरेबाट पनि कवितासङ्ग्रहको नाम **लोली** सार्थक नै रहेको छ । यस कवितासङ्ग्रहमा सङ्कलित रहेका कविताहरू मार्फत कवि तथा गीतकार 'कदम'ले देशप्रतिका उत्कृष्ट प्रेमका अमर भावनाहरू व्यक्त गरेका छन् ।

यस कवितासङ्ग्रहमा सङ्कलित कविताहरूका विषयवस्तु शुभकामना, देशप्रेम, सामाजिक, भौगोलिक तथा प्रकृतिको चित्रण रहेको देखिन्छ । देशभक्तिको भावना चित्रण गरिएको कवितांश यस्तो रहेको छ :

देशको माटो रम्न सके रम्छ नेपाल
यही माटो गल्न सके बन्छ विशाल (रम्छ नेपाल, पृ. १९)

माथि उल्लेख गरिएको कवितांशमा लोकलयमा आबद्ध छ । कवि 'कदम'ले यस कवितांशमा देशवासी सबैले आफ्नो जीवनको प्रमुख लक्ष्य देशनिर्माण र सामाजिक सभ्यताको विकासमा हुनुपर्छ भनेका छन् । यसरी आफ्नो जीवनलाई परिश्रमपूर्ण बनाएर देशको माटोमा रमाउने हो भने देश विशाल र सुन्दर बन्छ भन्ने भावना व्यक्त गरेका छन् । कवि रिमालले ईश्वर भक्ति भावनालाई आफ्नो कवितांश यसरी देखाएको छन् :

अमृतको जल धारा बग्दछन् यही सृष्टिले
माटो रम्छ यहीको शङ्करको दृष्टिले !
धमिलोपन हटाई तेजले पूर्ण भैदिन्छ
मनिमय मनोरम मेरो देश देखिन्छ ! (सब देवका देवता पृ. ३६)

संसारमा जति पनि वस्तु छन् ती सबै ईश्वरको सृष्टिका उपज हुन । शङ्करको सोझो दृष्टि जहाँ रहन्छ त्यहाँ कुनै वस्तुको अभाव हुँदैन । ईश्वरको कृपाले हाम्रो देश नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण छ । यसै कारणले यहाँका मानिसलाई अमृत जस्तै जल प्राप्त छ । यही स्वच्छ वातावरणको कारणले संसारमा भएको धमिलोपन हट्छ र नेपाल मनोरम वातावरणले बेष्ठित हुन्छ । यी सबै प्राप्ति ईश्वरको कृपाबाट भएका हुन् भन्ने विश्वास कवि रिमालमा रहेको पाइन्छ । कवि रिमालले युवा जागरण सम्बन्धी भावलाई यसरी देखाएका छन् :

बिउँझ बिउँझ तन्नेरी हो बेर भैसक्यो

आमा यही भन्दछिन् हेर बेर भैसक्यो (तन्नेरी पृ. २३)

कवि भैरवनाथ रिमाल 'कदम'ले माथि उल्लेख गरिएको कवितांशमा देशको अवस्था नराम्रोसँग बिग्रदै गइरहेको छ । अझ पनि युवाहरूले चुप लागेर बसे भने नेपाल आमाको अस्तित्व विलिन हुन सक्छ ; त्यसैले तन्नेरीहरूले जाग्नु वा बिउँझनु पर्छ भन्ने निर्देशन यस कवितांशमा उल्लेख भएको छ । कवि रिमालले आफ्ना कवितामा प्रकृतिको चित्रण यसरी गरेका छन् :

हरिया वन जङ्गलमा, गाई गैँडा चरेको

विशाल डाँडा काँडामा, मुनाल डाँफे रमेको । (स्वदेश गान पृ. ६)

कवि भैरवनाथ रिमाल 'कदम'ले प्रकृतिक सौन्दर्यको मनमोहक चित्रण गरेका छन् । नेपाली भूमि अपार प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । अझ भन्ने हो भने प्रकृतिबाट प्राप्त हराभरा भूमिमा गाई, गैँडा चर्दा विशाल डाँडा काँडामा डाँफे, मुनाल रमाएर नाच्दा स्वर्गसरी लाग्दछ ।

### ४.१४.३ भाषाशैली

भाषाशैली कविताको प्रमुख तत्व हो । विचार र भावना जति उच्च र राम्रो भए पनि पाठक सामु पुऱ्याउने माध्यम भाषाशैली कलात्मक हुन नसक्ता कविता त्यति प्रभावकारी हुन सक्तैन । कवि भावना, कल्पना पनि ठीकसँग प्रस्तुत हुन सक्तैन । त्यसैले उचित कवि कल्पना प्रस्तुत गर्न उपयुक्त भाषाशैलीको खाँचो खटकन्छ । कवि रिमालको **लोली** कवितासङ्ग्रहका कवितामा प्रयुक्त भाषाशैली सरल, सरस तथा मार्मिक छ । कविताको भाषाशैलीसँगै छन्द र अलङ्कार पनि अत्यन्त आवश्यक तत्व हुन् ।

**लोली** कवितासङ्ग्रहमा कविले लोक तथा गीति लयमा कविताहरू सिर्जना गरेका छन्; जस्तै : लोक लयमा आबद्ध श्लोक :

देशको माटो रम्न सके रम्छ नेपाल

यही माटो गल्न सके बन्छ विशाल । (रम्छ नेपाल पृ. १९)

'कदम'को गीतिलयमा आबद्ध श्लोक यस्तो रहेको देखिन्छ :

गाउँछ मीठो नेपाली, शान्तिको पाइला उचाली

बाहुमा भर बसाली, पिउँछ हावा हिमाली । (एक गीत पृ. ४४)

काव्यको गहनाको रूपमा अलङ्कार रहेको हुन्छ । कवि भैरवनाथ रिमाल 'कदम'ले यस कवितासङ्ग्रहमा सङ्कलित कवितामा शबदालङ्कार र अर्थालङ्कार दुवै प्रयोग गरेका छन् । रिमालले अन्त्यनुप्रास अलङ्कार प्रयोग गर्नु भएको कवितांश यस्तो रहेको छ :

वेला हो यो प्रगतिले, शिखर नाघ्नु पर्ने ।

हामी रोए देश रुन्छ, हँसाई राख्नु पर्ने ।

हामी बढे देश बढ्छ, प्रगतिको पथमा ।

हामी रुके धर्ति रुक्छ, आजको यो युगमा ।  (हात नरोक पृ. ३)

**लोली** कवितासङ्ग्रहका कविताहरूमा स्वभावोक्ति, अतिशयोक्ति, उपमा, रूपक आदि अर्थालङ्कारको प्रयोग भएका भेटिन्छन् । 'कदम'को उपमा अलङ्कारको प्रयोग भएको कवितांश यस्तो रहेको छ :

प्रभातमा गुन्जीए झैँ, हृदयको धुन यी

नयाँ युग नेपालीको, नयाँ गीत सुन यी  (समूह गान पृ. २)

यसैगरी रिमालले रूपक अलङ्कारको प्रयोग गरेको कवितांश यस्तो रहेको छ :

प्रभात हुन पाएको हुन्न युगले घच्याउँछ

हिमालको चिसो आएर हावा हामीलाई बिउँझाउँछ ।  (पसिना पोखेर पृ. १५)

**लोली** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूका विषयवस्तु राष्ट्रप्रेम, प्राकृतिक सौन्दर्यको वर्णन, सामाजिक, ईश्वर भक्ति, पूर्खाको कार्यको वर्णन जस्ता रहेका छन् । यी सामाजिक र राष्ट्रप्रेमलाई प्रमुख विषयवस्तु बनाई कविता सिर्जना गरिएका हुनाले कविता ओजपूर्ण छन् । कविताहरू लोकलय र गीति लयमा आबद्ध भएकाले गीतिकवितासङ्ग्रह जस्तो देखिन्छ ।

### ४.१५ 'दर्शन' कवितासङ्ग्रहको अध्ययन

### ४.१५.१ कृति परिचय

**दर्शन** कवितासङ्ग्रह भैरवनाथ रिमाल 'कदम'को एक उत्कृष्ट कृति हो । यो कवितासङ्ग्रह भारती उपाध्यायद्वारा वि. सं. २०३२ साल पौष २४ गते प्रकाशनमा ल्याइएको हो । भूमिका खण्ड र कविता खण्ड गरी दुई खण्डमा विभजित यस कृतिको आयाम जम्मा ३७ पृष्ठको रहेको छ । यस कवितासङ्ग्रहमा जम्मा ३२ वटा कविताहरू सङ्ग्रहीत छन् । ती कविताहरूको आयाम १० देखि १६ पंक्तिसम्म मात्र विस्तारित छ । त्यसैले कविताहरूको आयाम लघुत्तम छ भन्न सकिन्छ । यस कवितासङ्ग्रहमा सङ्ग्रहीत कविताहरू गद्य र पद्य लयमा आबद्ध छन् ।

प्रस्तुत **दर्शन** कवितासङ्ग्रहमा सङ्ग्रहीत कविताहरूको विवरण निम्नानुसार रहेको छ :

| क. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | हे आमा दुर्गा | ५ | १४ | १ |
| २ | प्राण भन्दा प्यारो | ५ | १४ | २ |
| ३ | मङ्गल कामना | ५ | १४ | ३ |
| ४ | दर्शन | ५ | १४ | ४ |
| ५ | सर्बदा | ५ | १४ | ५ |
| ६ | सौगात | ५ | १४ | ६ |
| ७ | सुनौला कथा | ४ | १२ | ७ |
| ८ | सत्यको दर्शन | ५ | १४ | ८ |
| ९ | इच्छा | ५ | १४ | ९ |
| १० | दीर्घायु कामना | ५ | १० | १० |
| ११ | सन्देश | ५ | १४ | ११ |
| १२ | आशीष | ५ | १४ | १२ |
| १३ | निर्माण | ५ | १४ | १३ |
| १४ | मेरो देश अनि म | ५ | १४ | १४ |
| १५ | मंगल गान | ८ | १६ | १५ |
| १६ | माग | ५ | १४ | १६ |
| १७ | बासिन्दा | ५ | १४ | १७ |
| १८ | पवित्र पर्व | ५ | १४ | १८ |
| १९ | कथा | ५ | १४ | १९ |
| २० | स्वदेश निर्माण | ६ | १८ | २० |
| २१ | हाम्रो देश | ५ | १४ | २१ |
| २२ | ममता | ५ | १० | २२ |
| २३ | संभ्कना | ४ | १६ | २३ |
| २४ | शैलजा | ६ | १२ | २४ |
| २५ | मेरो देश | ५ | १४ | २५ |
| २६ | संकल्प | ६ | १४ | २६ |
| २७ | खुशियाली | ७ | १४ | २७ |
| २८ | बगाउँ सदा पसिना | ५ | १४ | २८ |

| | | | | |
|---|---|---|---|---|
| २९ | मूल धन | ४ | १२ | २९ |
| ३० | प्रतिदिन | ५ | १४ | ३० |
| ३१ | शंखनाथ | ४ | १२ | ३१ |
| ३२ | शक्तिदाता | ५ | १४ | ३२ |

### ४.१५.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल 'कदम'को सिर्जनशील व्यक्तित्वबाट सिर्जिएको **दर्शन** नामक कवितासङ्ग्रहले नेपाली साहित्यको भण्डारलाई बृद्धि गरेको छ । कवितासङ्ग्रहको नाम **दर्शन**ले जनाउँछ कि प्रायः कवितामा भक्तिभाव व्यक्त गरेको छ । यस कवितासङ्ग्रहमा सङ्गृहीत रहेका कविताकहरू भगवान दर्शन, राजादर्शन, राष्ट्रदर्शन, शुभकामना, मनकामना, आदिलाई विषयवस्तु बनाएर सिर्जना गरिएका छन् । कविताहरूमा कवि तथा गीतकार 'कदम'ले देश प्रतिको अमर प्रेमलाई व्यक्त गरेका छन् । यी विभिन्न विषयवस्तुलाई अँगालेर सिर्जना गरिएका केही कवितांशहरू उदाहरणको रूपमा तल प्रस्तुत गरिएको छ :

सत्य दर्शनलाई विषयवस्तु बनाएर सिर्जना गरिएको कवितांश यस प्रकार छ :

यही नै महापुरुषले सम्पूर्ण वेद गाएथे

पहिल्याई बाटो सृष्टिको सत्यको दर्शन पाएथे । (सत्य दर्शन पृ. ८)

मानिसलाई ज्ञान प्राप्त गर्न कुनै ठाउँ विशेषको आवश्यकता पर्दैन । मान्छे सक्षम, सबल र चरित्रवान छ भने कुनै पनि समाज, ठाउँलाई स्वर्ग बनाउन सक्छ । कविले उपर्युक्त श्लोक मार्फत कडाभन्दा कडा परिश्रम पश्चात सृष्टिको बाटो मिल्छ र त्यही नै सत्य कुरा हो भनेका छन् । कविले दुर्गा वर्णन आफ्ना कवितांशमा यसरी गरेका छन् :

हे महामहिम शालिनी हे आमा दुर्गा भवानी

हे जगदम्बे हे अम्बे शक्ति र सीपकी हे खानी (हे आमा दुर्गा पृ. १)

कवि 'कदम'ले दुर्गालाई मानवजातिको हित गर्ने महामहिम देवीको रूपमा वर्णन गरेका छन् । सधैँ मानिसको हितमा ध्यान दिने देवी मनकी मात्र धनी नभई शक्ति र सीपको खानीको रूपमा वर्णन गरेका छन् । देवीलाई दुर्गा, भवानी, जगदम्बे, अम्बे, आमा भनी पुकारेका छन् । कवि रिमालले इच्छालाई विषयवस्तु वनाएर तयार पारेको कवितांश यस्तो रहेको छ :

गरेर आँटे नपुग्ने, यहाँ कमी क्यै छैन

सिर्जना शक्ति उब्जाउ मनमा मैलो हुँदैन

अधुरो आशा नराखौं आजको युगमा चौतर्फी

निर्माण निम्ति लम्कि दिइ सच्चा हामी भैकर्मी (इच्छा पृ. ९)

मानिसमा कडा इच्छाशक्ति हुन अत्यान्त जरुरी हुन्छ । यदि इच्छाशक्ति धरमराउँदो भएमा त्यहाँ कुनै सिर्जना हुन सक्तैन । मानिसले कडा इच्छा उब्जाएर देश निर्माणको निम्ति अगाडि बढे भने त्यहाँ नपुग्ने भन्ने कुनै कुरा हुँदैन भन्ने कुरा उपर्युक्त कवितांशमा व्यक्त गरेका छन् ।

तत्कालीन राजा रानी प्रति स्तुतिगानलाई विषयवस्तु बनाएर कविता रच्ने काम कवि रिमालले गरेको देखिन्छ, जस्तै :

घरको आँगन आँगनमा समस्त खुशियाली छ

छत्तिस जातका फूलले सौन्दर्य हरियाली छ

राजा रानीको प्रेरणा पाएर समस्त देशवासी

आत्मबल यही संझेर ममता मनमा झन राखी (दर्शन पृ. ४)

यसरी भैरवनाथ रिमाल 'कदम'ले विभिन्न विषयवस्तुका माध्यमबाट राष्ट्रियता, सामाजिकता, धार्मिकता, आदि भाव भएका कविताहरूलाई यस **दर्शन** कवितासङ्ग्रहमा समेटेका छन ।

### ४.१५.३ भाषाशैली

भैरवनाथ रिमाल 'कदम' सरल, सरस भाषाशैली प्रयोग गरेर कविता लेख्ने व्यक्ति हुन । उनी नेपाली प्रकृति, नेपाल नरेश र नेपाली देवताको महिमा वर्णन गर्दै कविता लेख्दछन् र त्यसैगरी उक्त भावलाई उपयुक्त भाषाको प्रयोग गर्दछन् । कवि भैरवनाथ रिमाल 'कदम' का कविता पद्यात्मक छन् र गीति लयमा रचना गरिएका छन् बिम्ब, प्रतीक, छन्द अलङ्कारको प्रयोग उनको यस कवितासङ्ग्रहमा पाइन्छ । उनले यी कवितांशमा अन्त्यानुप्रास अलङ्कार प्रयोग गरी गीति लयको सिर्जना गरेका छन्; जस्तै :

सूर्य र चन्द्र दायाँ र बायाँ प्रकाश दिएर

साथमा रहुन् कुमार गणेश पहरा दिएर

यी माथिका पंक्तिहरूमा 'प्रकाश दिएर' र 'पहरा दिएर' जस्ता शब्दहरूको प्रयोगले लयलाई मिठासपूर्ण बनाएको छ । यसैगरी 'कदम'ले उत्प्रेक्षा अर्थालङ्कारका माध्यमबाटै यसरी लयसिर्जना गरेका छन् :

बगाउँ सदा पसिना है आफ्नै चोखो माटोमा

खोलौँ ढोका विकासको आफ्नै मूल बाटोमा

'कदम'ले आफ्ना कवितामा विभिन्न बिम्ब र प्रतीकको प्रयोग गरेको देखिन्छ, जस्तै :

कस्तुरी खेल्ने गुराँस फूल्ने यहींको जंगल

शिर माथि गर्छन ती गौरी शंखर अखण्ड मंगल

यसरी माथिको कवितांशमा 'जंगल' र 'गौरी शंखर' लाई प्रतीकका रूपमा देखाएका छन् ।

समग्रमा यो कृति नेपाली देवता, नेपाली नरेश, नेपाली नागरिकलाई नेपालको उन्नति र विकास गर्न प्रेरित गरेको छ । 'कदम'ले कविताहरूमा देवताको दर्शन, राजाको दर्शन र उद्योगी व्यक्तिहरूको दर्शन गरेको भाव व्यक्त गरेका छन् ।

## ४.१६ 'माटो रम्छ' कवितासङ्ग्रहको अध्ययन

### ४.१६.१ कृति परिचय

भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित र श्रीराम ढुङ्गानाद्वारा वि. सं. २०२७ मा **माटो रम्छ** कवितासङ्ग्रह प्रकाशनमा आएको छ । आवरण पृष्ठ, भूमिका खण्ड र मूल पाठ गरी ५० पृष्ठमा यो कृति संरचित रहेको छ । मूल पाठका लागी ४० पृष्ठ खर्च भएको छ जसमा विभिन्न भाव भएका ४० वटा कविता/गीत रहेका छन् ।

प्रस्तुत **माटो रम्छ** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको विवरण निम्नानुसार रहेको छ :

| क. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | आशीर्वाद | ५ | १४ | १ |
| २ | टाँसी चित्र नेपालको | ८ | १६ | २ |
| ३ | कबुल गरिद्यौ | ५ | १४ | ३ |
| ४ | तन्नेरी | ५ | १४ | ४ |
| ५ | बरदान ! | ७ | १४ | ५ |
| ६ | बन्दना | ५ | १४ | ६ |
| ७ | सुवास नै पाउन बाँकी छ । | ८ | १६ | ७ |
| ८ | कहिले कदापि निभ्दैनौ | १ | १८ | ८ |
| ९ | राजमुकुट | ६ | १८ | ९ |
| १० | पसिना पोखेर | ५ | १८ | १० |
| ११ | युग ज्योति ! | ७ | १४ | ११ |
| १२ | कर्मि | ७ | २० | १२ |

| | | | | |
|---|---|---|---|---|
| १३ | मेरी आमाको अर्ती | ७ | २० | १३ |
| १४ | सब देवका देवता | ६ | १८ | १४ |
| १५ | उद्‌गार | १ | २४ | १५ |
| १६ | यो माटो | ७ | २० | १६ |
| १७ | सुशोभित | ४ | १४ | १७ |
| १८ | नेपाल आमा | ६ | १२ | १८ |
| १९ | हाम्रो अभिनन्दन | ६ | १८ | १९ |
| २० | उराठ लाग्छ | १ | २१ | २० |
| २१ | रम्छ नेपाल | ६ | १८ | २१ |
| २२ | अनि यस्तो लाग्छ | ४ | १४ | २२ |
| २३ | हाम्रो कर्तव्य | ५ | २० | २घ |
| २४ | जसले कदम चालेको छ | १ | २१ | २४ |
| २५ | ध्यान राखौँ | ४ | १६ | २५ |
| २६ | आज मलाई लाग्यो कस्तो कस्तो | १ | २१ | २६ |
| २७ | प्रार्थना | ७ | १४ | २७ |
| २८ | कर्म वीरको संझना | १ | २३ | २८ |
| २९ | स्वागत गर्दै गुणको | ६ | १८ | २९ |
| ३० | म बनुला | ४ | १६ | ३० |
| ३१ | आमाको आँसु | ४ | १६ | ३१ |
| ३२ | अझै मरी मेट्नु छ | ४ | १४ | ३२ |
| ३३ | नेपाल नगरी | ४ | १४ | ३३ |
| ३४ | मेरो कामना | १ | २० | ३४ |
| ३५ | चक्षु र माटो | ४ | १६ | ३५ |
| ३६ | युगको विकास | ५ | १८ | ३६ |
| ३७ | संकेत | १ | १८ | ३७ |
| ३८ | सपना साकार आमाको | ४ | १२ | ३८ |
| ३९ | छौँ आज हामी हँसिला | १ | १४ | ३९ |
| ४० | ताजा गीत | ४ | १६ | ४० |

### ४.१६.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल 'कदम' राष्ट्रभक्त कवि हुन् । उनी नेपाली प्रकृति, नेपाली जनता, नेपाल देश र नेपाल नरेशलाई नै आफ्ना कविताका विषयवस्तु बनाउँछन् । जे-जसरी वर्णन

गरे पनि उनका कविताको मूल भाव नेपाल देशकै उन्नति गर्नु रहेको छ । आफ्ना पूर्व प्रकाशित रचनाहरूमा जस्तै सातौं कृति **माटो रम्छ**मा पनि देशभक्ति भावले भरिपूर्ण रचनाहरू सङ्ग्रहीत छन् ।

'कदम'का कवितामा नेपाली जनतालाई भगवान्ले सहायता गरून् भन्ने कामना गरेको भाव व्यक्त भएका छन् । उनी चाहन्छन् नेपाली जनता आफ्नो उन्नति गरून् र देशको उन्नति पनि गरून् । उनका कविताले जनतालई देशभक्तिका लागि प्रेरित गर्दछन् । उनी नेपाली जनताका लागि भगवानसँग यस प्रकार प्रार्थना गर्दछन् :

गर्दिहुन् आशिक पार्वती अंजुली फूलको बाँधेर
झर्दिहुन गंगा, शिवकी अमृत घडा च्यापेर
विष्णुले फुक्लान् दाहिने लिएर शंख हातमा
रक्षक भै सदा रहलान् कुमार गणेश साथमा (वन्दना पृ. ६)

उपर्युक्त कवितांशमा कविले शिव, पार्वती, विष्णु र गणेशसँग नेपाल र नेपालीलाई आशीष मागेका छन् । उनी सधैं नेपाल र नेपालीलाई देश विकास गर्नका लागि प्रेरणा दिन्छन् । देश विकासमा राजाकै बुद्धि विवेक चाहिन्छ भन्ने भाव यस कवितांशमा व्यक्त गरेका छन् :

प्रत्येक हामी नेपाली सारा, राजाको जुन इच्छा
पुऱ्याई छाड्न तन र मनले गर्नु छ प्रतिज्ञा
पसिना झारौं यो माटो गालौ नगुमाई समय
कामको निम्ति मुटुको रगत नगरौं संचय (हाम्रो कर्तव्य पृ. २३)

'कदम' यसप्रकार देश विकासमा राजा र प्रजा दुवै लाग्नु पर्दछ भन्दछन् । राजा सही निर्णय गरेर जनतालाई सत्मार्गमा हिड्न सल्लाह दिने र जनताले पनि राजाको त्यस सही निर्णयलाई शिरोधार्य गरी पालना गर्नुपर्छ तवमात्र देशको विकास हुन्छ भन्ने भाव उनको कवितामा पाइन्छ । कवि रिमालले नेपाली प्रकृतिको महिमा वर्णन यसरी गरेको पाइन्छ :

यहीं बग्छन् मेची काली यहीं बग्छन् भेरी
यहीं फुल्छन् लाली गुराँस तिनै झुल्छन् फेरि
यहीं शीतल झर्ना झर्छन बाह्रैकाल ठण्डा
यहीं चोखो माटोमाथि खेल्छिन् हिम गङ्गा (कर्मि पृ. १२)

उपर्युक्त कविताांशमा कवि रिमालले नेपालमा नदीनाला, झरना, लालीगुराँस हिम गङ्गाले नेपालको सौन्दर्यलाई बढाइरहेको छ भनेका छन् ।

प्रत्येक नेपालीहरू राष्ट्र निर्माणमा एकजुट भएर लाग्नुपर्छ अनि मात्र राष्ट्रको विकास सम्भव छ भन्दछन् । हामी सवै नेपाली मिलेर नेपाल आमाको आँसु पुछिदिनु पर्छ भन्ने भावलाई कवि यसरी व्यक्त गर्दछन् :

नदिऊँ झर्न नेपाली

सन्तान हामी हिमालले

नेपाल हाम्रो आमाको

पुछिदिउँ आँसु आँखाको (आमाको आासु पृ. ३१)

समग्रमा हेर्दा 'माटो रम्छ' कवितासङ्ग्रह 'कदम'को राष्ट्रिय भावनाले ओतप्रोत कवितासङ्ग्रह हो ।

### ४.१६.३ भाषाशैली

'कदम' सरल भाषामा कृतिको रचना गर्ने कवि हुन् । उनले पूर्व प्रकाशित कृतिहरूमा जस्तै सरल र सुबोध भाषाको प्रयोग उक्त कवितासङ्ग्रहका कविताहरूमा पनि गरेका छन् । सरल तथा परम्परागत विम्व प्रतीक विधान गर्नुका साथै छन्द, लय र अलङ्कारको प्रयोग पनि पाइन्छ । 'कदम'ले आफ्ना कवितामा पाण्डित्य प्रदर्शन गर्ने उद्देश्यले होइन सरल भन्दा सरल भाषामा कविता लेख्नुपर्छ भन्ने कुरा स्पष्ट गरेका छन् । 'कदम' आफ्ना जीवनमा कविता साधना गर्दा सरल भाषालाई अँगाल्दछन् । तर पनि आफ्नो भाव व्यक्त गर्दा कवितामा अलङ्कारहरूको सिर्जना हुन जान्छ ; जस्तै :

चलाउ अझै कलम जस्तै खुर्पा र हँसिया

खर्पन डोको टोकरी बोके बन्दैनौ बनिया ॥ (पसिना पोखेर पृ. १०)

उपर्युक्त कविताांशमा 'हँसिया' र 'बनिया' शब्दहरूको योगले अन्त्यानुप्रास अलङ्कारको सिर्जना भएको देखिन्छ । त्यसैगरी कलमसँग खुर्पा र हँसियाको समानता गरिएको छ । त्यसैले यहाँ उपमा अलङ्कारको पनि प्रयोग भएको देखिन्छ । यसरी उनले आफ्ना कविताहरू गीति लयमा सिर्जना गरेका छन् ।

समग्रमा कवि रिमलको 'माटो रम्छ' कविता सरल, सरस भाषाशैलीमा रहेको देखिन्छ । यस कृतिमा कवि रिमालले राष्ट्रियता, राजभक्ति, देशभक्ति आदिका भावनाले प्रेरित भएर रचना गर्नु भएको देखिन्छ ।

### ४.१७ 'शैलजा' कवितासङ्ग्रहको अध्ययन

### ४.१७.१ कृति परिचय

कवि भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित र राजेन्द्र बी.के.सी. द्वारा प्रकाशित **शैलजा** शीर्षकको कवितासङ्ग्रह वि. सं. २०२८ सालमा प्रकाशित भएको देखिन्छ । यो कृतिमा मूल पाठ, आवरण पृष्ठ, र भूमिका खण्ड सहित ५२ पृष्ठमा संरचित छ । प्रस्तुत कृतिमा विविध विषयवस्तुमा लेखिएका ३६ वटा कविताहरू रहेका छन् । एक पृष्ठमा एउटा कविता संरचित छ तर ती सबै समान छैनन्; कुनै केही लामा छन् भने कुनै छोटा छन् ।

'शैलजा' कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको विवरण निम्नानुसार रहेको छ :

| क. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | शैलजा | ६ | १२ | १ |
| २ | दिउन् सधैं आशीर्वाद | ७ | २० | २ |
| ३ | तिमी बाँच | ८ | १६ | ३ |
| ४ | लहरा लत्रेमा | ८ | १६ | ४ |
| ५ | बिउँभ्फ रे | ५ | १४ | ५ |
| ६ | भोलिको लागि | ५ | १४ | ६ |
| ७ | हिमाली छहारी | १ | १८ | ७ |
| ८ | उर्लेको लहरा | ६ | १८ | ८ |
| ९ | आज भन्छ | ५ | १४ | ९ |
| १० | शीला | २ | १५ | १० |
| ११ | भाई बहिनी | ४ | १२ | ११ |
| १२ | माटो प्रति | १ | २० | १२ |
| १३ | धरती भन्छे | ६ | १२ | १३ |
| १४ | तिमी एउटै | १ | १२ | १४ |
| १५ | मान्छे | ४ | १६ | १५ |
| १६ | शिशु | १ | १४ | १६ |
| १७ | समूह आत्मा | १ | १६ | १७ |
| १८ | जागृति | १ | १४ | १८ |
| १९ | सायद ढंगा टुसाउला | १ | २० | १९ |
| २० | मभित्र | २ | १४ | २० |
| २१ | गाउँ फर्क | १ | १६ | २१ |

| | | | | |
|---|---|---|---|---|
| २२ | जम्का भेट भइरहुँ | १ | १८ | २२ |
| २३ | जरुरी | ३ | १२ | २३ |
| २४ | मुटुभित्र नेपालको | ६ | १६ | २४ |
| २५ | सृष्टिको मुहान | ७ | १४ | २५ |
| २६ | तिमी नै | ९ | १८ | २६ |
| २७ | सक | ५ | २० | २७ |
| २८ | शैलजा तिमी छ्यौ | ४ | १६ | २८ |
| २९ | सच्चाईको लहर | ३ | १२ | २९ |
| ३० | यस्तो आफै हुन सके | ५ | १८ | ३० |
| ३१ | देऊ | ३ | २१ | ३१ |
| ३२ | अनि स्नेह साँची देउ | १ | १४ | ३२ |
| ३३ | संतोष | २ | १९ | ३३ |
| ३४ | सके | ४ | ८ | ३४ |
| ३५ | सहनु | ४ | ८ | ३५ |
| ३६ | चौतर्फी | ४ | १४ | ३६ |

### ४.१७.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल 'कदम' राष्ट्रवादी कवि हुन् । उनले आफ्ना अघिल्ला कृतिहरूमा जस्तै प्रस्तुत कृतिमा पनि राष्ट्रवादी र प्रकृतिप्रेमी भावना प्रस्तुत गरेका छन् । उनका कविताहरूमा देशभक्ति भाव प्रष्ट रूपमा देख्न सकिन्छ । उनको राष्ट्रप्रतिको भावना यसप्रकार रहेको छ :

कान्ति र सौन्दर्यले युक्त पार्दै
प्राप्ति मनोरथ पूर्ण गर्न सक
मेरै देशको सिमा भरभर
अखण्ड प्रकाश पार्न सक (सक, पृ. २७)

प्रस्तुत कविताांशमा 'कदम'ले देशको विकास गर्नुपर्छ भन्ने भावना व्यक्त गरेका छन् । उनले आफ्ना साथीहरूलाई आफ्नो र आफ्नो देशको विकास गर्न भनी अनुरोध गरेका छन् । उनी राष्ट्रका आराध्यदेव पशुपति अर्थात शङ्करसित पनि आफ्नै देश नेपालको उन्नतिको कामना गर्दछन्; जस्तै :

दिउन् गौरी-शंकरले
माग्छौं हामी आर्शीवाद

हाम्रै राजा रानीलाई

हाम्रै अन्न पानीलाई

एक कोटी हामी नेपाली

पवित्र भक्ति निकाली (दिउन् सधैँ आर्शीवाद, पृ. २)

उपर्युक्त कविताांशमा कवि 'कदम'ले राष्ट्रका देवता पशुपति अर्थात गौरीशङ्करले देश, नरेश र प्रजा सबैलाई रक्षा गरून भन्ने कामना गरेका छन् । 'कदम'ले आफूलाई देशभक्तिमय वातावरणमा नै डुबाएको देखिन्छ । 'कदम' देशको विकासको कामनाका साथै यहाँको प्राकृतिक मनोहर वातावरणको वर्णन गर्दछन् । नेपाली गाउँ, नेपाली भाषा, नेपाली जातिको गुणगान गाउँछन्; जस्तै :

चोखो हावा मिठो पानी पिउन गाउँ फर्क

मुटु रम्छ गाउँ रमे जिउनु हामी पर्छ

हुर्काउने यही हाम्रो प्रकृतिको काख

नदी नाला झर्ना सबै हेरी जानीराख । (गाउँ फर्क पृ. २१)

यसप्रकार हेर्दा **शैलजा** कवितासङ्ग्रह भगवद्भक्ति, देशभक्ति र मानवताको भक्तिमा आधारित विषयवस्तुमा केन्द्रित रहेको देखिन्छ । 'कदम'का कविता नेपाली संस्कृति, नेपाली धर्म, नेपाली प्रकृति, नेपाली नागरिक र नेपाल नरेशको उन्नति होस् भन्ने भाव भएका देखिन्छन् । 'कदम'ले प्रस्तुत कवितासङ्ग्रहका माध्यमले आफूलाई राष्ट्रवादी कविका रूपमा चिनाएका छन् ।

**४.१७.३ भाषाशैली**

कवि भैरवनाथ रिमाल 'कदम' सरल र सरस भाषाशैलीका माध्यमबाट मिठासपूर्ण रचनाहरू सिर्जना गरी पाठकका हृदयमा स्थान जमाउन र राष्ट्रिय स्तरमा ख्याति कमाउन सफल बनेका छन् । उनले लोक छन्दमा कविता रच्ने गर्दछन् । प्रस्तुत कृतिका रचनाहरू पनि लोक छन्दमा रचिएका छन् भने केही गद्य छन्दमा वा गद्यलयमा रचिएका छन् । उनको लोक लयमा लेखिएको कविता यस्तो रहेको छ –

दुःख र सुख समान देख्न चाहन्छिन मिलनमा

साहस शक्ति सर्वदा पोखी सम्पूर्ण जीवनमा (शैलजा, पृ. १)

त्यसैगरी 'कदम'ले गद्य लयमा पनि कविता रचेका छन्; जस्तै :

माया छ मलाई मेरै माटोको

अनि अनन्त पथका अन्जान बाटोको

अनि मलाई विश्वास छ यही माटोको

यही माटोमै चुलिएका हिमालका हिउँको (माटोप्रति, पृ. १२)

'कदम'ले विभिन्न लयमा कविता गीत सिर्जना गर्ने क्षमता राख्नुका साथै तिनमा प्राकृतिक र परम्परागत बिम्ब प्रतीक पनि प्रयोग गर्दछन् ; जस्तै :

शैलजा बढिन् यही चुलीमाथि, प्रतिदिन खेलेर

यही मेरो देशको धरतीका आँगन जूनले पोखेर (शैलजा, पृ. १)

कवि रिमालले शब्दालङ्कारको प्रयोग आफ्नो कवितामा यसरी गरेका छन् :

उर्लेको लहर प्रयासले बस्तिभर जागा गराउन

सबैलाई अधिकार छ धरतीको भार हटाउन । (उर्लेको लहर, पृ. ८)

यसमा पहिलो र देस्रो पाउको अन्तमा 'गराउन' र 'हटाउन' को 'राउन' र 'टाउन' जस्ता एकै समान वर्ण दोहोरिनाले अन्त्यानुप्रास पर्न गएको छ ।

कवि रिमालले अर्थालङ्कारको प्रयोग पनि आफ्नो कवितामा यसरी गरेका छन् :

सुनौला छन् स्वर्गका झैँ झोपडीको छाना

पाइनेछ अध्यायको ग्रामीण जीवन पाना (गाउँ फर्क, पृ. २१)

प्रस्तुत कवितांशमा गाउँका झोपडिको छाना भएका घरलाई स्वर्गसँग तुलना गरिएकोले यसमा उपमा अलङ्कार पर्न गएको छ । त्यसैगरी एक ठाउँमा पौराणिक बिम्बको प्रयोग गरी देश हितको कामना गरेका छन्; जस्तै :

वाढी विषको पिउने शंकर जस्तै पानी पिउन सके

हितको लागि अनन्तसम्म दधीचि झैँ हुन सके । (सके, पृ. ३४)

उपर्युक्त कवितांशमा शंकर र दधीचि जस्ता नाम लिई परोपकारी व्यक्तिको बिम्ब प्रयोग भएको छ । उनले 'पिउन सके' र 'हुन सके' पदावलीको प्रयोग गरी अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरेका छन् ।

समग्रमा हेर्दा प्रस्तुत कवितासङ्ग्रह ईश्वरभक्ति, देशभक्ति र मानवतावादी भक्ति भावमा केन्द्रित छ । जे-जसरी भए पनि नेपाल र नेपाली कै उन्नतिको कामना प्रत्येक कवितामा रहेको छ । सरल सुबोध भाषामा कविता रचिएका छन् ।

## ४.१८ 'जिन्दगीका धुजाहरू' गीतिकवितासङ्ग्रहको अध्ययन

### ४.१८.१ कृति परिचय

भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित र कुन्दन खनालद्वारा वि.सं. २०५१ सालमा प्रकाशित **जिन्दगीका धुजाहरू** आधुनिक गीतहरूको सङ्ग्रह हो । प्रस्तुत कृति आवरण पृष्ठ, भूमिका खण्ड र मूल पाठ गरी ७६ पृष्ठमा संरचित छ । ६८ पृष्ठमा मूल पाठ रहेको छ र त्यसमा लामा-छोटा आकार भएका १०० वटा कविता/गीतहरू रहेका छन् । मंगलदेव परियारले भूमिका खण्डमा मानवीय भोगाइ र कटु यथार्थको अभिव्यक्ति प्रस्तुत कृतिमा व्यक्त भएको छ भनी लेखेका छन् ।

प्रस्तुत **जिन्दगीका धुजाहरू** गीतिकवितासङ्ग्रहमा भएका कविता/गीतहरूको विवरण निम्न तालिकामा प्रस्तुत छन् :

| क्र. सं. | शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | मेरो निम्ति | ४ | १६ | १ |
| २ | दिए | ६ | १२ | २ |
| ३ | अतितलाई सम्झना | ८ | १६ | ३ |
| ४ | सजायौ | ६ | १२ | ४ |
| ५ | कहानी | ५ | १४ | ५ |
| ६ | दियो | ३ | १२ | ६ |
| ७ | इच्छा | ४ | १६ | ७ |
| ८ | जून झर्छ | ६ | १२ | ८ |
| ९ | साँझ | ७ | १४ | ९ |
| १० | भुलेछु | ३ | १२ | १० |
| ११ | युगल गीत | ६ | १२ | ११ |
| १२ | आफै | ५ | १० | १२ |
| १३ | खस्छ | १ | ८ | १२ |
| १४ | सक | ३ | ८ | १३ |
| १५ | किन | १ | ८ | १३ |
| १६ | शिलाभित्र | ४ | ८ | १४ |
| १७ | थाकि सक्यो | ३ | ८ | १४ |
| १८ | दुई आत्माको मन्दिर | ३ | ८ | १५ |
| १९ | बाचा फिर्ता लेऊ | ३ | ८ | १५ |
| २० | लिउँत | ३ | ८ | १६ |

| | | | | |
|---|---|---|---|---|
| २१ | आत्मीय कथा | ३ | ८ | १७ |
| २२ | सटके जस्तो | १ | ८ | १७ |
| २३ | पुगेछ | ३ | ८ | १८ |
| २४ | आँशु | ३ | ८ | १८ |
| २५ | फूलवारी | ४ | ८ | १९ |
| २६ | युगल | ३ | ८ | १९ |
| २७ | बिदाई | ३ | ८ | २० |
| २८ | सागरका लहर | ४ | ८ | २० |
| २९ | ठाउँ लिइ बस्छ | २ | ८ | २१ |
| ३० | बाटो | ३ | ८ | २१ |
| ३१ | मन र माया | ३ | ८ | २२ |
| ३२ | वातावरण | ३ | ८ | २२ |
| ३३ | युगल | ३ | ८ | २३ |
| ३४ | चाह | ३ | ८ | २३ |
| ३५ | आत्मीय कथा | ३ | ८ | २४ |
| ३६ | फूल | ३ | ८ | २५ |
| ३७ | रोज्दा | ३ | ८ | २५ |
| ३८ | नफारे | ३ | ८ | २६ |
| ३९ | माया | ३ | ८ | २६ |
| ४० | भैगो | ३ | ८ | २७ |
| ४१ | मलाई | ३ | ८ | २७ |
| ४२ | न खोज | ३ | ८ | २८ |
| ४३ | वेदना | ३ | ८ | २८ |
| ४४ | संजोग | ३ | ८ | २९ |
| ४५ | भग्य | ३ | ८ | २९ |
| ४६ | दिउँकी | ३ | ८ | ३० |
| ४७ | संझना | ३ | ८ | ३० |
| ४८ | देऊ | ३ | ८ | ३१ |
| ४९ | संसार | ३ | ८ | ३१ |
| ५० | पाए | ३ | ८ | ३२ |
| ५१ | केही छैन | ३ | ८ | ३२ |
| ५२ | हाम्रो गीत | ३ | ८ | ३३ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | याद | ३ | ८ | ३३ |
| ५४ | यस्तै छ | ३ | ८ | ३४ |
| ५५ | मन लगेर | ३ | ८ | ३४ |
| ५६ | संझना | ३ | ८ | ३५ |
| ५७ | प्रित | ३ | ८ | ३५ |
| ५८ | डाली | ४ | १६ | ३६ |
| ५९ | कतिप रैछु | ४ | ८ | ३७ |
| ६० | राखुँ | ३ | ८ | ३७ |
| ६१ | आखिर | ३ | १२ | ३८ |
| ६२ | मायाको चिनो | २ | १२ | ३९ |
| ६३ | उज्यालो | ३ | १२ | ४० |
| ६४ | मन | ३ | १२ | ४१ |
| ६५ | सौगात | ३ | १२ | ४२ |
| ६६ | आश | ४ | १६ | ४३ |
| ६७ | खाइ | ३ | १२ | ४४ |
| ६८ | आफ्नै | ६ | १२ | ४५ |
| ६९ | यात्रा | ८ | १६ | ४६ |
| ७० | मायाको चिनो | २ | १२ | ४७ |
| ७१ | दिल | ३ | १२ | ४८ |
| ७२ | छोडे | ३ | १२ | ४९ |
| ७३ | टिपे झैं | ३ | १२ | ५० |
| ७४ | सम्झना | ३ | १० | ५१ |
| ७५ | तिर | ३ | १२ | ५२ |
| ७६ | छाएन | ३ | ८ | ५३ |
| ७७ | मेरो गीत | ३ | ८ | ५३ |
| ७८ | कथा | ३ | ८ | ५४ |
| ७९ | आफ्नै भाव | ३ | ८ | ५४ |
| ८० | चाहेको कसम यो | ३ | ८ | ५५ |
| ८१ | आखा थाक्यो | ३ | ८ | ५५ |
| ८२ | भावना | ३ | ८ | ५६ |
| ८३ | कालो रात | ३ | ८ | ५६ |
| ८४ | ताक्यो | ६ | १२ | ५७ |

| | | | | |
|---|---|---|---|---|
| ८५ | होस | ६ | १२ | ५८ |
| ८६ | यस्तो हुन्छ | ६ | १२ | ५९ |
| ८७ | सार | ६ | १२ | ६० |
| ८८ | भुल | ३ | ८ | ६१ |
| ८९ | तिम्रो नजरमा | ३ | ८ | ६१ |
| ९० | माया | ३ | ८ | ६२ |
| ९१ | घुम्टोलाई | ३ | ८ | ६२ |
| ९२ | तिम्रै मात्र | ३ | ८ | ६३ |
| ९३ | आफू बस्दा | ३ | ८ | ६३ |
| ९४ | भुल देख्या | ३ | ८ | ६४ |
| ९५ | गाइदे छ | ३ | ८ | ६४ |
| ९६ | आवाज | ६ | १२ | ६५ |
| ९७ | रहेछ | ६ | १२ | ६६ |
| ९८ | देउ | ६ | १२ | ६७ |
| ९९ | यात्रामा | ३ | ८ | ६८ |
| १०० | भरा | ३ | ८ | ६८ |

### ४.१८.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल 'कदम' कविता र गीत दुवै विधामा कलम चलाउने कवि हुन् । उनले पछिल्लो चरणमा तयार पारेको कृति **जिन्दगीका धुजाहरू**मा जीवन भोगाइका कटु यथार्थ अभिव्यक्त भएको छ । प्रेम विषयक कविता/गीतहरू उक्त कवितासङ्ग्रहमा सङ्ग्रहीत छन् । प्रेमको वियोगान्त अवस्थाको चित्रण यस कृतिमा पाइन्छ । प्रेमको वियोगान्त अवस्थाको चित्रण पाइन्छ भने प्रेमको संयोगान्त अवस्थाको पनि चित्रण पाइन्छ । प्रेमको महत्त्व आजको समाजबाट हट्दै गएको छ भन्ने भाव पनि उनका कविताहरूमा पाइन्छ । उनको प्रेम विषयक चित्रण यसप्रकार व्यक्त भएको छ :

तिमी सुन सुटुक्क

मेरो आवाज जानेर

जिन्दगी त लामो छ

अल्झाई नदेउ तानेर (इच्छा, पृ. ७)

उपर्युक्त कवितांशमा प्रेमको संयोगान्त अवस्थाको चित्रण पाइन्छ । प्रेमी र प्रेमिकासँगै साथमा रहेका छन् । तिनीहरू आपसमा प्रेमका मीठा र रमाइला कुराहरू गरिरहेका छन् ।

'कदम' यस्ता प्रेमका मीठा क्षणका कुराका साथै विछोड अवस्थाको पनि चित्रण गर्दछन्; जस्तै :

कुरेर बसे दोबाटो बिच अँधेरी रातमा

रूप र रंग बिलाइ गयो पर्खंदा साँझमा (संझना, पृ. ३५)

उपर्युक्त कवितांशमा 'कदम'ले एउटा विछोडिएको प्रेमीको विरह अवस्थाको चित्रण गरेका छन् । एकान्तमा हुँदा आफ्नो मायालुको संझना आएको तर फेरि एक्कासी उनलाई नपाउँदाको दुःखद् क्षणको चित्रण छ । 'कदम'ले प्रेमको वर्णन गर्नुका साथै मृत्युबोधको कुरा पनि उठाएका छन्; जस्तै :

जे छ फूल श्रद्धा साथ

लासमा चढाइ दिनु

आँसु थमाइ जोडी हात

स्नेह जगाइ दिनु (मेरो निम्ति, पृ. १)

उपर्युक्त कवितांशमा कवि 'कदम'ले आफ्नो मृत्युको बोध गरेका छन् । आफ्नो प्रेमिकालाई यस नश्वर संसारलाई छोडी जानुपर्ने विधिको विधान रहेको कुरा याद गराउँदै धैर्य धारणा गर्नु र आफ्नो प्रेमको निम्ति श्रद्धा सुमन अर्पण गर्नु भन्ने भाव व्यक्त भएको छ । यस्ता विषयवस्तु/भावका साथै 'कदम'ले जीवनमा विभिन्न अवस्थाको चित्रण गरेका छन् । प्रेम, विरह, सङ्घर्ष ,खुसी आदि जीवनको विभिन्न क्षणको सम्झना यहाँका कविता/गीतहरूमा व्यक्त भएको छ ।

### ४.१८.३ भाषाशैली

'कदम'ले आफ्ना कविताहरूमा गेयात्मकता ल्याएका छन् । उनका गीतहरू सङ्गीतबद्ध गरिएर विभिन्न गायक/गायिकाले गाएका कुरा यसै कृतिको भूमिका खण्डमा व्यक्त भएको छ । उनका कविता/गीतहरू सरल सुबोध भाषाशैलीमा लेखिएको छ । उनले लेखेका कविता/गीत सरल छन् । नेपाली भाषामा भिजेका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग कविता/गीतहरूमा पाइन्छ । गीत लेख्दा बिम्ब, प्रतीक र अलङ्कारको योजना गठन हुन्छ । गीति छन्दमा लेखिएका कविता भएका कारणले प्रत्येक कवितामा अन्त्यानुप्रास अलङ्कारको योजना भएको छ ; जस्तै :

तिम्रो नजर इशाराको टुना जस्तो लाग्छ

बसन्तमा फूल्ने फूल मुना जस्तो लाग्छ

सिउँदो भरि सिंदुरले रंगाई दिऊँ लाग्छ

यही घडी सानो संसार सजाई दिऊ लाग्छ ।            (संसार, पृ. ३१)

उपर्युक्त गीतमा 'जस्तो लाग्छ' र 'दिउँ लाग्छ' पदावलीहरू दोहोरिएका छन् जसले गर्दा अन्त्यानुप्रास अलङ्कारको योजना बनेको देखिन्छ । यसैगरी नजरलाई टुना मुनाको उपमा दिएकाले उपमा अलङ्कारको पनि प्रयोग भएको पाइन्छ ।

समग्रमा उनको पछिल्लो चरणमा प्रकाशित कृति **जिन्दगीका धुजाहरू** उत्कृष्ट कृति हो । यसमा जीवनका सुख, दु:खका विभिन्न क्षणका अवस्थाको प्रस्तुति छ । गेयात्मक भाषा शैलीको प्रयोगले रिमाललाई अझ उचाइ प्रदान गरेका छन् । सरल बोधगम्य भाषाको प्रयोगले गर्दा 'कदम' जन-जनका मनमा बस्न पुगेका छन् ।

## ४.१९ 'भुइँको धुलो' कवितासङ्ग्रहको अध्ययन

### ४.१९.१ कृति परिचय

**भुइँको धुलो** कवितासङ्ग्रह कल्पनाका धनी कवि भैरवनाथ रिमाल 'कदम'द्वारा वि.सं. २०२९ सालमा सिर्जना गरिएको हो । यो कवितासङ्ग्रह राष्ट्रिय स्वतन्त्र साहित्यिक पत्रकार संघका अध्यक्ष प्रेममान  डंङ्गोलद्वारा वि.सं. २०२९ साल पौष १ गते प्रकाशनमा ल्याइएको हो । भूमिका खण्ड र कविता खण्ड गरी दुई खण्डमा विभाजित यो कृतिको आयाम जम्मा ३६ पृष्ठको रहेको छ । यस कवितासङ्ग्रहमा जम्मा ३६ वटा कविताहरू सङ्कलित छन् । ती कविताहरूको आकृति लघुत्तम र लघु रहेको छ । गद्य र पद्य लयमा सिर्जना गरिएका कविताहरूको आयाम ६ देखि २४ पंक्तिसम्म फैलिएको छ । **भुइँको धुलो** कवितासङ्ग्रहमा पहिले समर्पण त्यसपछि मंगल वन्दना र त्यसपछि अन्य कविताहरू राखिएका छन् ।

प्रस्तुत **भुइँको धुलो** कवितासङ्ग्रहमा सङ्कलित कविताहरूको विवरण निम्नानुसार तालिकामा देखाइन्छ :

| क्र. सं. | कविता शीर्षक | श्लोक संख्या | पंक्ति संख्या | पृष्ठ |
|---|---|---|---|---|
| १ | समर्पण | ४ | १० | १ |
| २ | मंगल बन्दना | ५ | १४ | २ |
| ३ | पहिले आफूलाई चिन | ६ | १३ | ३ |
| ४ | तिमी यस्तो होउ | ४ | १८ | ४ |
| ५ | कविता | ५ | २० | ५ |
| ६ | गीत | ३ | ९ | ६ |
| ७ | अल्भिरहेछु | ६ | १७ | ७ |
| ८ | यो दिन | ५ | १६ | ८ |

| | | | | |
|---|---|---|---|---|
| ९ | गंगा सँग | ५ | १४ | ९ |
| १० | देला | ६ | १७ | १० |
| ११ | यस्तो आफू हुन सके | १ | १९ | ११ |
| १२ | उज्यालो | ७ | १६ | १२ |
| १३ | पोखुँ जस्तो | ५ | १६ | १३ |
| १४ | ए बटुवा हो ! | ४ | १७ | १४ |
| १५ | त्यो फूल मलाई देउ | ३ | १३ | १५ |
| १६ | शून्य चाल | ३ | १३ | १६ |
| १७ | रेखा | ३ | ८ | १७ |
| १८ | संगीत सरिता | ३ | ८ | १७ |
| १९ | मेरो खप्पर | ६ | २१ | १८ |
| २० | आश हुँ | २ | १० | १९ |
| २१ | छायाँ | १ | ९ | १९ |
| २२ | सिंगर्न सक | १ | १० | २० |
| २३ | सम्झाउन | ३ | १० | २० |
| २४ | शोभा | ३ | ६ | २१ |
| २५ | हुन्छ | ३ | ९ | २१ |
| २६ | सिपालु | ५ | १५ | २२ |
| २७ | कोसेली | ३ | १६ | २३ |
| २८ | गीत | ५ | १० | २४ |
| २९ | तृप्त | १ | १५ | २५ |
| ३० | अनि | १ | १८ | २६ |
| ३१ | मेरी ऊ | ७ | २३ | २७ |
| ३२ | मीठो | ८ | २४ | २८ |
| ३३ | नबुझ्नु किन त | ४ | १६ | २९ |
| ३४ | म रक्सी पिउँदा | ६ | २६ | ३० |
| ३५ | सखी | ६ | २३ | ३१ |
| ३६ | सोच | ३ | २४ | ३२ |

### ४.१९.२ विषयवस्तु र भाव

भैरवनाथ रिमाल 'कदम'को सिर्जनशील व्यक्तित्वबाट सिर्जिएको **भुइँको धुलो** नामक कवितासङ्ग्रहले नेपाली साहित्यको भण्डारलाई बृद्धि गरेको छ। कवितासङ्ग्रहको नाम **भुइँको धुलो**ले जनाउँछ कि प्राय जस्ता कविताका शीर्षक र विषयवस्तु प्राकृतिक स्रोत, वस्तु आदिलाई बनाइएका छन् । यिनै तथ्यका आधारमा भन्न सकिन्छ की कवि 'कदम'को कवितासङ्ग्रह **भुइँको धुलो**को अर्थ सृष्टिको सानो भन्दा सानो वस्तु हो । कविताहरू र ती कविताहरूको प्रतिनिधित्व हुने गरी जुराइएको कवितासङ्ग्रहको नाम **भुइँको धुलो** सार्थक रहेको देखिन्छ । यस कवितासङ्ग्रहमा सङ्कलित रहेका कविताहरू ईश्वर भक्ति, नारी प्रेम, प्राकृतिक स्रोत साधन राष्ट्रप्रेम आदिलाई प्रमूख विषयवस्तु बनाएर सिर्जना गरिएका छन् । कविताहरूका कवि तथा गीतकार 'कदम'ले देश प्रतिका उत्कट प्रेमका अमर भावनाहरू व्यक्त गरेका छन् । ईश्वर भक्तिलाई आधार मानेर तयार पारिएको कवितांश यसप्रकार रहेको छ :

उव्जाउन गौरी शंकरले पवित्र शक्ति छिपेको

मिठासयुक्त बाणीले हृदय छ टिकेको (मंगल बन्दना पृ. २)

उपर्युक्त कवितांशमा भगवान शंकरसँग कुनै वस्तुको सिर्जना गर्न अदृश्य पवित्र शक्ति लुकेको छ । त्यसै शक्तिले मानव जातीले बाँच्ने आधार प्रदान गरेको छ र यो सृष्टि जगत टिकेको भन्ने भावना कविले व्यक्त गरेका छन् । कवि रिमालले आत्मज्ञानलाई आधार मानेर यसरी आफ्नो कवितामा व्यक्त गरेका छन् :

पहिले आफ्नो दोषको पत्ता लगाउ

अनि अर्काको गुण खोज । (पहिले आफूलाई चिन, पृ. ३)

मानिस यस्तो प्राणी हो जो अर्काको कमजोरी मात्र हमेसा खोजिरहेको हुन्छ तर कविले उपर्युक्त कवितांशमा फरक धारणा प्रस्तुत गरेका छन् । मानिसले पहिले आफूलाई चिन्न सक्नुपर्छ ; अनि मात्र अरुको मूल्याङ्कन गर्नुपर्छ भन्ने धारणा कविले राखेको देखिन्छ । कवि रिमालले प्रेम विषयवस्तुमा आधारित भएर निम्न कुराहरू आफ्ना कवितांशमा व्यक्त गरेका छन् :

मसँगको बिछोडमा संझना लागोस् भनेर होला

जम्मा दुई उपहार छोडेर गएकी छे

करवीर मसान मेरो हृदय बनेको छ

र गंगा जमुनाको छाल आँखा बनेको छ

उसले बिछोडमा छोडेका प्रेमपूर्ण कोसेलीहरू

जीवनको हर भागमा मैले संभिmरहेको छु ।     (मेरी ऊ, पृ. २७)

उपर्युक्त कवितांशमा कुनैपनि मानिसले आफ्नी प्रेमिकालाई गुमाउँदा उसबाट जन्मेका सन्तान, बानी व्यवहारले पारेको प्रभावले पटक-पटक सम्झाउँने गर्दछन् । ती सन्तान्सँगै बिताएको जीवनले प्रेमीलाई समयको पलपलमा याद दिलाउँछ र उसको हृदयमा आगो बल्छ र आँखाबाट आँसु झर्न थाल्दछन् । त्यसैले यहाँ कविले हृदय मसान र आँखालाई नदीका छालसँग दाँजेका छन् । विछोडको समयमा जो प्रेमपूर्ण कोसेलीहरू छोडेका हुन्छन् तिनले जीवनको हर भावमा सम्झाउने गर्दछन् ।

कवि रिमालले प्राकृतिक वस्तुलाई मानवीकरण गरेर आफ्ना कवितांशमा यसरी देखाएका छन् :

शंकरको शिरवाट झरेकी ए गंगा

तिम्रो सामु पुग्दा मेरो जीउ बन्छ चंगा

तिम्रै शीतलताले अझै विश्वलाई रङ्गा

तिम्रै शक्ति रुक्दा खेरी हामी बन्छौँ नङ्गा ।     (गंगा सँग, पृ. ९)

उपर्युक्त कवितांशमा कवि 'कदम'ले गंगा नदीलाई मानवीकरण गरेका छन् । गंगा नदीलाई भगवान शंकरकी पत्नी र मानिसलाई शीतलता प्रदान गर्न सक्ने नदीका रूपमा चित्रण गरेका छन् । यदि गंगा नदी बग्न छोड्यो भने मानवको अस्तित्व पनि नष्ट हुन्छ भनेर कविले गंगाको महत्व दर्शाएका छन् ।

### ४.१९.३ भाषाशैली

भैरवनाथ रिमाल 'कदम'को **भुइँको धुलो** नामक कवितासङ्ग्रहका कविताहरू सरल, सरस र मार्मिक भाषाशैलीमा सिर्जना गरिएका छन् । कविको भावना र विचार अनुसारकै कलात्मक भाषाशैलीको प्रयोगले कविताको भाषा ओजपूर्ण रहेको छ । भाषाशैली र उच्च कवित्वको संयोजनले कवितामा कविको विचारलाई स्पष्ट बुझ्न सकिन्छ । उचित भाषाशैलीका कारण निम्नकोटिको विषयवस्तुलाई लिएर सिर्जना गरिएका कविताले पनि उचित अर्थ प्रदान गर्न र पाठकको मन छुन सफल भएका छन् ।

कवि 'कदम'को **भुइँको धुलो** नामक कवितासङ्ग्रहमा कविताहरू केही लोक लय, केही गीति लयमा र केही गद्य लयमा आबद्ध रहेका छन् । कवि रिमालको गीति लयमा आबद्ध भएको कवितांश यस्तो रहेको छ :

जता हेर्‍यो सेरो फेरो नजरले देख्छु,

बिरहले गुम्सिएको खोली गीतले मेट्छु ।        (गीत, पृ. २४)

त्यसैगरी कवि 'कदम'ले गद्य लयलाई आधार मानेर तयार पारेको कवितांश यस्तो रहेको छ :

त्यो फूल तिमी मलाई देउ

त्यसमा कुनै टुना नहोस्

कविको कल्पनाले पत्थरका टुक्रालाई

फक्रेका फूल ठानेभैँ ।        (त्यो फूल मलाई देउ, पृ. १५)

अलङ्कारले कविताको शोभा बढाउने कार्य गर्दछ । भैरवनाथ रिमाल 'कदम'को **भुइँको धुलो** नामक कवितासङ्ग्रह भित्र रहेका कविताहरूमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग देखिन्छ । कवि 'कदम'को कवितांशमा प्रयोग भएको अन्त्यानुप्रास अलङ्कार यस्तो रहेको देखिन्छ :

स्वच्छ भक्ति भावले हाम्रो यही बन्दना

दिव्य आशा केन्द्रमा हाम्रो शुभकामना ।        (मंगल बन्दना, पृ. २)

यसैगरी अतिशयोक्ति अलङकारको प्रयोग कवि 'कदम'ले आफ्नो कवितांशमा यसरी गरेका छन् :

शंकाको शिरबाट झरेकी ए गंगा

तिम्रो साम् पुग्दा मेरो जीउ बन्छ चंगा ।        (गंगासँग, पृ. ९)

समग्रमा हेर्दा **भुइँको धुलो** कवितासङ्ग्रह 'कदम'को राष्ट्रिय भावनाले ओतप्रोत रहेको छ । सरल, सरस भाषाशैलीको प्रयोग गरेको पाइन्छ । कवितासङ्ग्रहमा भएका कविताहरू ईश्वरभक्ति, राष्ट्रप्रेम, मायाप्रिती जस्ता विषयवस्तुमा आधारित रहेका देखिन्छन् ।

## ४.२० **'विधिको विधान' नाटकको अध्ययन**

### ४.२०.१ **कृति परिचय**

भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित वि.सं. २०२७ सालमा कल्याण पत्रिकामा धारावाहिक रूपमा प्रकाशित भएको नाटक हो **विधिको विधान** । कल्याण पत्रिकाको एउटामा १८ पृष्ठ र अर्को अङ्कमा ११ पृष्ठ गरी २९ पृष्ठमा संरचित यस नाटकमा अङ्क व्यवस्था गरिएको छैन । तर छ वटा दृष्य भने अवश्य रहेका छन् । यस नाटकमा पर्दाको व्यवस्था पनि गरिएको छ । 'कदम'ले आफ्नो साहित्यिक यात्रामा यो एउटा मात्र नाटक लेखेर आफूलाई नाटककारमा रूपमा चिनाउने प्रयास गरेका छन् ।

नाटक शीर्षक **विधिको विधान** रहेको छ । जसको अर्थ भाग्यको खेल भन्ने हुन्छ । विधि भनेको न्याय हो । तर यहाँ विधि भन्नाले हामीहरूले भाग्य बनाउने ईश्वरप्रति सङ्केत गरिएको छ । ईश्वरले कहिले कसैमाथि अन्याय गर्दैनन् भन्ने भनाईलाई सार्थक गर्ने कथावस्तु रहेको छ ।

### ४.२०.२ कथानक

भैरवनाथ रिमाल 'कदम'द्वारा लिखित **विधिको विधान** नाटकको कथावस्तु पाँच भागमा विभाजन गरिएको छ । यसको कथानकको पाँच भाग र तीसँग सम्बन्धित घटनाक्रमको विवरण तल प्रस्तुत परिएको छ :

### ४.२०.२.१ आरम्भ भाग

प्रस्तुत नाटकको आरम्भ भागमा नाटकको प्रमुख पात्र कुलबहादुर आफ्नो घरमा आफ्नी श्रीमति पार्वतीसँगको वार्तालापबाट शुरु भएको देखिन्छ । कुलबहादुरले आफ्नी श्रीमतीलाई आफूले एकजना घनिष्ट मित्रसँग मिलेर भोछैँ टोलमा क्युरियोको ठूलो पसल खोलेको बताउँछ । साथै सो कुरा कसैलाई भन्नु हुँदैन भनेर भन्दछ । त्यति धेरै पैसा तपाइँले कहाँबाट ल्याउनु भयो भनेर उसकी श्रीमती पार्वतीले जान्न खोजेकी हुन्छे । आफूले सो कुरा एक दिन बताउने भनेर कुलबहादुर भन्दछ । साथै त्यसैवेलामा उनीहरूको छोरो दिपकको पनि प्रवेश हुन्छ । दिपक आफ्ना गुरुले नैतिकताको पाठ सिकाएको कुरा आफ्ना बुवा-आमासँग व्यक्त गर्दछ । यसरी प्रस्तुत नाटकको आरम्भ भाग दृष्य एकमा रहेको पाइन्छ ।

### ४.२०.२.२ विकास भाग

कुलबहादुर र उसकी श्रीमती पार्वती छोरो दिपकको क्याम्पसमा हुन गइरहेको सांस्कृतिक कार्यक्रम हेर्न जाने तरखरमा हुन्छन् । पार्वतीले आफ्नो श्रीमान कुलबहादुरसँग तपाइँले त्यति धेरै पसल खोल्न पुग्ने पैसा कहाँबाट ल्याउनु भएको हो भनेर भन्न जिद्दी गरेपछि कुलबहादुले आफूले कार्यलयको तारवार गर्न रु. ६० हजार झिकेको र पसल खोलेको बताउँछ । सोझो औँलाले घिउ नआउने भएकोले बाङ्गो औँला बनाएर घिउ निकालेको कुरा कुरा कुलबहादुरले आफ्नी श्रीमती पार्वतीलाई बताउँछ । सोही दिन छोरो दिपकको क्याम्पसमा गएर सांस्कृतिक कार्यक्रम हेरेर कार्यक्रमको खुब गुणगान कुलबहादुर र उसकी श्रीमती गाउन पुग्छन् । यसरी यस नाटकको विकास भाग दोस्रो र तेस्रो दृष्य रहेको देखिन्छ ।

### ४.२०.२.३ उत्कर्ष भाग

कुलबहादुरले रु. २० हजार आफ्नी श्रीमतीको नाममा राखेको कुरा श्रीमतीलाई भन्दछ । श्रीमती पार्वती खुसीले गद्गद् हुन पुग्दछे । आगामी दिन सुखमय बित्नेछ भनेर दुई

दम्पति कुरा गरिरहेको अवस्थामा कार्यलयमा पिउन प्रेममान कुलबहादुरको घरमा आउँछन् र हाकिमले दिएको पत्र कुलबहादुरको हात राखिदिन्छन् । कुलबहादुर हाकिमको चिठी पढिसकेपछि कालो अनुहार लगाउँन पुग्दछन् । कुलबहादुरको मनमा चिसो पस्छ र हत्तारिदै हाकिमको घरतर्फ प्रस्थान गर्छन् । यसरी यस नाटकको उत्कर्ष भाग दृष्य ३ मा रहेको देखिन्छ ।

### ४.२०.२.४ अपकर्ष भाग

कुलबहादुर हाकिम भुवनमानको घरमा पुग्दछ र अभिवादन गर्दछ । भुवनमानले कुलबहादुरलाई तिमीले मलाई कतिको चेकमा सही गराएको भनेर भन्दछन् । कुलबहादुरले रु. ६० हजारको चेकमा सही गराएको कुरा बताउँछ । भुवनमान कुलबहादुरसँग रिसाएर मैले तिमीलाई सोझो मान्छे भनेर विश्वास गरि खाली चेकमा सही गरैं ; तर तिमीले मेरो विश्वासलाई घात गरेर मलाई फसाउने जुक्ति रच्यौ । त्यसैले आज म तिमीलाई छाड्दिन भनी कुलबहादुरको घाँटी समाउन पुग्छन् । त्यतिकैमा भुवनमानकी श्रीमती लक्ष्मी आएर दुईजनाको झगडा छुट्याउँछिन् । कुलबहादुरलाई हामीले लगाएको गुण तिरेछौ भनेर भन्छिन् । कुलबहादुर त्यहाँबाट आफ्नो घर प्रस्थान गर्छ । यसरी यस नाटकको अपकर्ष भाग दृष्य ४ मा रहेको देखिन्छ ।

### ४.२०.२.५ अन्त्य भाग

जिल्ला अदालतमा कुलबहादुर र भुवनमानको मुद्दा न्यायधीशले हेरिरहेका हुन्छन् । कुलबहादुरले जालझेल गरेर भुवनमानलाई फसाएको कुरा जुजुभाईले अदालतमा बयान दिन पुग्दछन् । जालझेल गरेर भुवनमानलाई फसाएको कुरा स-प्रमाण प्रमाणित हुन पुग्दछ र कुलबहादुरलाई १० वर्ष जेल र ५ हजार रुपियाँ जरिमानाको सजाय सुनाइन्छ । यसरी यस नाटकको अन्त्य भाग दृष्य ६ मा उल्लेख गरिएको छ ।

### ४.२०.३ पात्र विधान

नाटकमा कथावस्तुलाई अग्रगति दिने काम पात्रले गर्दछन् । प्रस्तुत नाटकमा कुलबहादुर, मूख्य पात्रका रूपमा देखापरेका छन् भने अन्य पात्रहरूमा पार्वती, भुवनमान, दीपक, भगवती, इन्दिरा, लक्ष्मी, प्रेमलाल, वकील रामप्रसाद, वकील वीरबहादुर, जुजुभाई आदि रहेको छन् । यसमध्ये कुलबहादुर जाली, फटाहा चरित्र भएको असत् पात्रको रूपमा पर्दछ भने अन्य पात्रहरू सीधा, सरल र सोझा देखिन्छन् । भुवनमान सीधा व्यक्तिका रूपमा देखापरे पनि आवश्यकातानुसार साहसी चरित्र भएका पात्रका रूपमा देखिएका छन् । भुवनमान सत्पात्रका रूपमा देखिएका छन् । भुवनमान असत्को प्रतिकार गर्ने र सत्यको पक्ष लिने चरित्र भएका पात्र हुन् ।

### ४.२०.४ द्वन्द्व विधान

नाटकमा अनिवार्य मानिने तत्व द्वन्द्व हो । यस नाटकमा पनि द्वन्द्व व्यवस्था रहेको छ । प्रत्यक्ष द्वन्द्व भने नाटकमा एकपटक मात्र देखापरेको छ । पाँचौं दृष्यमा भुवनमानको कोठामा भुवनमानले कुलबहादुरको घाँटी च्यापेका छन् । यही मात्र एउटा प्रत्यक्ष द्वन्द्व देखापर्दछ । आन्तरिक द्वन्द्व कुलबहादुरको मानसिकता देखापर्दछ । कुलबहादुर खुसी रहेको अवस्थामा प्रेमलालले ल्याएको चिठी पढेपछि कुलबहादुरको मुखाकृति एक्कसी खुसीबाट खिन्न भएको छ । यसैगरी न्यायालयमा जानु भन्दा पुर्व पनि कुलबहादुरमा आन्तरिक द्वन्द्व को स्थिति रहेको देखिन्छ ।

### ४.२०.५ उद्देश्य

'कदम' आदर्श समाजको चाहना राख्ने लेखक हुन् । उनले **विधिको विधान** नाटक लेखी सत्य सधैं सही हुन्छ, असत्यले केही समयलाई विजेता जस्तो ठान्छ तर पछि असत्य हार्छ भन्ने कुरा व्यक्त  गर्न खोजेका छन् । उनले कुलबहादुर जस्तो असत् पात्रको हार देखाएर कसैले पनि जालझेल गर्नु हुँदैन भन्ने सन्देश दिएका छन् ।

### ४.२०.६ परिवेश

'कदम'ले आफू बसेको स्थान काठमाडौं शहरलाई नै नाटकको परिवेश दिएका छन् । परिवेशको कुरा गर्दा कुलबहादुरको घरको एउटा कोठा, भुवनमानको घरको कोठा, न्यायालय र दिपकको क्याम्पसको रङ्गमञ्चमा नाटकका सम्पूर्ण दृष्यहरू मञ्चित भएका छन् । यसप्रकार काठमाडौं उपत्यकाको परिवेश नै मुख्य रूपले नाटकमा चित्रित भएको छ । विराटनगर, विमानस्थल, विद्यालय आदिको सङ्केत पनि भएको पाइन्छ । नेपालको धनाढ्य परिवारको रहन सहनको पारिवारिक परिवेशको चित्रण गरिनुका साथै गरीब व्यक्तिको आर्थिक अवस्थाको पनि चित्रण पाइन्छ । 'कदम' परिवेश चित्रण गर्न सिपालु देखिन्छन् ।

### ४.२०.७ भषाशैली

'कदम'ले प्रस्तुत नाटकमा सरल भाषाशैलीको प्रयोग गरेका छन् । नाटक अभिनयात्मक विधा हो र यसमा संवाद आवश्यक हुन्छ । तसर्थ 'कदम'ले सरल वाक्य गठन भएका संवादको प्रयोग गरेका छन् । द्धितीय पुरुष शैलीमा संवादहरू रहेका छन् । 'कदम'ले नाटकलाई रोचक र छोटो बनाउनका लागि दृष्यहरूको वर्णन आफैं गरिदिएका छन् । दृष्यको र परिवेशको वयान नाटककार कोष्ठक भित्र स्वयंले गरेको देखिन्छ । नेपालका मध्यमवर्गीय जनमानसले बोल्ने भाषाको प्रयोग यस नाटकमा भएको छ ।

समग्रमा हेर्दा 'कदम'को **विधिको विधान** नाटक, नाटक विधामा दरिन सक्ने कृति हो । रेडियो नाटकका रूपमा देखापरेतापनि रङ्गमञ्चको पद्धति यसमा प्रयोग भएको छ । प्रस्तुत कृतिले 'कदम'लाई नाटककारका रूपमा चिनाउन सफल भएको छ ।

## ४.२१ 'भैचम्पा' खण्डकाव्य कृतिको अध्ययन

### ४.२१.१ कृति परिचय

भैरवनाथ रिमाल 'कदम'को पहिलो पुस्तकाकार कृतिको रूपमा **भैचम्पा** खण्डकाव्य प्रकाशित भएको हो । रामप्रसाद शर्मा प्रस्तुत कृतिका सम्पादक हुन् । १४ पृष्ठमा मूलपाठ रहेको कृतिमा आवरण पृष्ठ, भूमिका खण्ड सहित २४ पृष्ठहरू रहेका छन् । कृतिको आवरण पृष्ठमा माथिल्ले भागमा सुन्दर भ्याउरे गीतको सङ्कलन भनी लेखिएको छ । तर ठीक त्यसैको तलपट्टि 'काव्य' भनि लेखिएको छ । अतः यसलाई काव्य भन्नुपर्ने अवस्था देखिन्छ । कितावको प्रकाशक रामप्रसाद शर्माले प्रस्तुत पुस्तकको भूमिका खण्डमा भ्याउरे काव्य नाम दिएका छन् । यस आधारमा हेर्दा **भैंचम्पा** खण्डकाव्य विधामा पर्न जान्छ । भ्याउरे छन्दमा लेखिएका ६० वटा श्लोक पंक्तिहरू रहेको सो कृतिमा नेपाली ग्रामीण समाजको चित्रण रहेको पाइन्छ ।

### ४.२१.२ कथानक

भैरवनाथ रिमालद्वारा लिखित **भैंचम्पा** खण्डकाव्यको कथानक पाँच भागमा विकास भएको छ । यसको कथानकको पाँच भाग र तीसँग सम्बन्धित घटनाक्रमको विवरण तल प्रस्तुत गरिएको छ :

#### ४.२१.२.१ आरम्भ भाग

प्रस्तुत खण्डकाव्यको आरम्भ भागमा खण्डकाव्यको नायक लता र उसकी आमाको वार्तालापबाट शुरु भएको देखिन्छ । लताकी आमा विरामी भएर मर्न लागेको अवस्थामा आफ्नो छोरो लतालाई तिमी भर्खर १० वर्ष पुगेका छौ, अव म मर्ने भएँ तिमीले पिरचिन्ता नलिनु भनेर सम्झाएकी छिन् । तिमी भविष्यमा सुर र वीर बन्न सक्दछौ भनेर भनेकी छिन् । छोरो लता आमाले आफूलाई छोडेर गएमा आफू टुहुरो हुने भएकाले आमाको काख छोड्न नसक्ने कुरा व्यक्त गर्दछ । छोराको कुराले उसकी आमा मर्माहत हुन पुग्दछिन् । आमाले छोरालाई यस संसारमा अमर नाम चलाउन सक्नेछौ भनी आशीष दिन्छिन् । यसरी प्रस्तुत खण्डकाव्यको आरम्भ भाग प्रथम श्लोकदेखि ८ श्लोकसम्म फैलिएको देखिन्छ ।

#### ४.२१.२.२ विकास भाग

खण्डकाव्यको विकास भागमा लताकी आमाको मध्यरातमा मृत्यु हुन पुग्दछ । आमाको मृत्युले लता मर्माहत हुन पुग्दछ । गाउँलेहरूले लतालाई यो सृष्टिको नियम नै

यस्तो भएकोले तिमीले चिन्ता नगर भनेर सम्झाउँछन् । लताले आमाको काजकिरियासमेत गर्न आफूसँग धन नभएको कुरा गाउँलेहरूलाई बताउँछ । गाउँलेले यो सबै कुरा भगवानले पुऱ्याउँछन्; लासलाई काँधमा बोकेर घाटमा लिएर हिड् भन्दछन् । घाटमा लगेर आमाको लासलाई लताले दागबत्ती दिन्छ । आमाको भौतिक शरीर खरानीमा परिवर्तन हुन्छ । यसरी प्रस्तुत खण्डकाव्यको विकास भाग ९ श्लोक देखि २४ श्लोकसम्म रहेको छ ।

### ४.२१.२.३ उत्कर्ष भाग

आमाको मृत्युले गर्दा लतामा बैराग्य भाव पैदा हुन्छ । ऊ सम्पूर्ण गाउँले र आफ्ना सखीलाई आफू वन जाने कुरा व्यक्त गर्दछ । आफ्नो भाग्यमा छैटीको दिन भावीले लेखेको कुरा भोग्नको लागि जंगल जान तयार भएको कुरा बताउँछ । उसकी प्रेमिका विना आफ्नो प्रेमी जंगल जान लागेको देखेर दुःखी हुन पुग्दछे । यसरी जंगल जानु भनेको नामर्दपन हो भनेर बिना भन्छे । यदि तपाइँ वन जानुहुन्छ भने मलाई पनि लिएर जानुहोस किनकि मैले यो जीवन तपाईसँगनै विताउने अठोट गरेकी छु भनेर बिना भन्छे । बिनाको कुराले लताको मन परिवर्तन हुदैन । बिनालाई आफूसँग नजानको लागि आग्रह गर्दछ ।

यसरी उत्कर्ष भागमा २५ श्लोकदेखि ३८ श्लोकसम्म देखिन्छ ।

### ४.२१.४ अपकर्ष भाग

बिनाले आफ्नो प्रेमी लताको मन परिवर्तन नहुने देखेपछि आफूपनि सँगै जाने अठोट गर्दछिन् । जस्तो सुकै आपत-विपतमा पनि साथ दिनेछु भनेर बिना लतालाई नछोड्ने कुरा बताउँछे । बिनाको ढिपीले गर्दा लताले बिनालाई रोक्न सक्दैन र दुबै प्रेमी प्रेमिका विशाल जंगलतर्फ लाग्दछन् । खोला नदी, वन पहरा पार गरेर जंगल पुग्दा बाटामा कोइली चरीले ती दुवैलाई अगाडि नबढ्न सल्लाह दिन्छे । यदि अगाडि बढेमा जंगली जन्तुको सिकार हुनुपर्छ भनेर भन्छे । तर कोइली चरीको सल्लाह नमानिकन लता र बिना निराश भएर अगाडि बढ्दछन् ।

यसरी यो उपकर्ष भाग ३९ श्लोकदेखि ५५ भागसम्म फैलिएको छ ।

### ४.२१.२.५ अन्त्य भाग

घना जंगलमा गएर लता र बिना दिनभर सुखसाथ जीवन बिताउन पुग्छन् र राती त्यहीँ सुखसाथ बास बस्दछन् । बिहानी उज्यालो हुने बेलामा बाघले मान्छेको गन्ध पाएर उनीहरू नजिक आउँछ र दुबैजनालाई मार्दछ । त्यही अवस्थामा ईश्वर प्रकट भएर ती दुईलाई स्वर्गमा गएर आनन्दमयी जीवन बिताउने आज्ञा दिन्छन् ।

यसरी अन्त्य भाग ५६ श्लोकदेखि ६० श्लोकसम्म रहेको छ ।

### ४.२१.३ पात्रविधान

प्रस्तुत काव्यमा मुख्य पात्रका रूपमा लता, लताकी आमा र बिना रहेका छन् । त्यसैगरी गाउँलेहरू पनि सूच्य पात्रका रूपमा आएका छन् । मानवेतर प्राणी पनि काव्यमा पात्रका रूपमा देखा परेका छन् । बाघले लता र बिनालाई मार्दछ । यसप्रकार मानबीय पात्रमा लता, लताकी आमा, बिना र गाउँले देखापरेका छन भने मानवेतर पात्रमा कोइली र बाघ देखापरेका छन् ।

### ४.२१.४ बिषयवस्तु

भैंरवनाथ रिमालद्वारा लिखित 'भैचम्पा' खण्डकाब्य सामाजिक विषयवस्तुमा आधारित रहेको छ । हाम्रो समाजमा गरिव र टुहुराको अवस्था कस्तो रहेको हुन्छ भन्ने कुरालाई देखाएका छन् । अमर प्रेमलाई पनि रिमालले यस खण्डकाब्यमा विषयवस्तु बनाएको देखिन्छ ।

### ४.२१.५ उद्देश्य

यस खण्डकाब्यले अमर प्रेमलाई देखाउनु मुख्य उद्देश्य रहेको छ । चोखो प्रेमले कहिल्यै पनि भौतिक सुविधामात्र खोज्ने गर्दैन, जस्तोसुकै दुःख कष्ट पनि सहन सक्दछन् भन्ने कुरा यस खण्डकाव्यमा विषयवस्तु बनाइएको देखिन्छ ।

### ४.२१.६ परिवेश

यस खण्डकाब्यले नेपाली ग्रामीण परिवेशलाई देखाएको देखिन्छ । मानिसमा वैराग्य भाव पैदा भएपछि शान्ति लिनको लागि मानिसले एकान्त ठाउँलाई खोज्दछ । यस खण्डकाव्यमा पनि लताले आमाको मृत्युपछि जंगल रोजेको देखिन्छ । यस खण्डकाव्यमा वन जंगल, नदीनाला आदि परिवेशका रूपमा आएका छन् ।

### ४.२१.७ भाषाशैली

प्रस्तुत खण्डकाब्यको भाषा सरल नेपाली भाषा हो । झ्याउरे लोक छन्दमा यस खण्डकाब्यको रचना भएको छ । यो संवादात्मक शैलीमा लेखिएको छ । द्वितीय पुरुष उक्ति ढाँचामा काव्य निवद्ध भएको छ । लताकी आमा, लता, गाउँले, बिना र कोइलीले संवाद भनेका छन् । तिनैको संवादात्मक अभिव्यक्तिबाट काव्यको संरचना तयार भएको छ । बिम्ब, प्रतीक, छन्द, अलङ्कारको प्रयोग काव्यमा भएको पाइन्छ ; जस्तै

हे राम जस्ता ए मेरा बाधा अन्त्यको बेलामा
नभन त्यसो आखिरी वेला अड्दछ गलामा । (पृ-१)

प्रस्तुत पद्यमा 'बेलामा' र 'गलामा' अनुप्रास मिलेकाले यहाँ अन्त्यानुप्रास अलङ्कार देखिन्छ । त्यसैगरी राम जस्ता मेरा बाबा पदावलीमा उपमा अलङ्कार प्रयोग भएको छ । कोइलीले गाउनु बाघले खानु, मरण बोध हुनु,आदि बिम्बहरू प्रयोग भएका छन् ।

समग्रमा हेर्दा कदमको यो कृति पहिलो पुस्तकाकार कृति भएर पनि एक सफल कृतिको रूपमा देखापरेको छ । विषयवस्तुको चयन, पात्रको चित्रण, भाषाशैलीको प्रयोग आदि विधामा खण्डकाव्य रचिएको देखापर्दछ । यस कृतिको आफ्नो सफलताको प्रमाण भूमिका खण्डमा नै प्रस्तुत गरिसकेको छ । 'कदम' लाई एक सफल कविका रूपमा चिनाउने कृतिका रूपमा पनि यो कृति देखापरेको छ ।

समग्रमा कवि भैरवनाथ रिमाल नेपाली साहित्यका स्वच्छन्दतावादी धारालाई आधार मानेर कविता रचना गर्ने सफल कवि हुन् । उनले आफ्ना साहित्यिक कृतिहरूमा देशप्रेम, राजभक्ति, प्रेमका संयोगान्त तथा वियोगान्त अवस्था, प्रकृतिको चित्रण आदि विषयवस्तुलाई आधार मानेर कृति रचना गरेको देखिन्छ । कवि भैरवनाथ रिमालका २५ वटा प्रकाशित कृतिहरूमध्ये यहाँ २०वटा कृतिको विश्लेषण गरिएको छ । बाँकी ५ वटा कृतिहरू प्राप्त गर्न नसकिएकोले ती कृतिहरूको परिचय मात्र दिइएको छ ।

## परिच्छेद पाँच

### ५. भैरवनाथ रिमाल 'कदम'को साहित्यिक योगदान

भैरवनाथ रिमाल 'कदम' कविता,गीत, निबन्ध र नाटक विधाका लेखक हुन् । उनले गीत तथा कवितामा विशेष सफलता प्राप्त गरेका छन् भने निबन्ध तथा नाटक क्षेत्रमा पनि केही न केही योगदान दिइएको देखिन्छ । भैरवनाथ रिमाल 'कदम'ले नेपाली साहित्यमा दिइएको योगदानलाई विधागत रूपमा निम्नानुसार वर्णन गरिएको छ –

### ५.१ कविता विधामा दिइएको योगदान

भैरवनाथ रिमाल 'कदम'ले २००५/०६ सालदेखि लेख्न सुरु गरेतापनि वास्तवमा २००८ साल फागुन ७ गतेको गोरखापत्रमा उनको पहिलो *राष्ट्रिय दिवस आज* शीर्षकको कविता प्रकाशित भएपछि मात्र उनको साहित्यिक यात्राको प्रारम्भ भएको देखिन्छ । यो उनको पहिलो रचना प्रजातन्त्र दिवसको उपलक्षमा लेखिएको पाइन्छ । 'कदम'का प्रारम्भिक चरणका कविताहरू **गोरखापत्र**, **आयुर्वेदीय, प्रतिभा, पुकार, कोसेली, सुनगाभा, हालखवर, सोभियतभूमि, हिमानी, शिखर**, **भानु, महिला बोल्छिन्** र **सिपाही** आदि पत्रपत्रिकाहरूमा छापिएको देखिन्छ । भैरवनाथ रिमाल 'कदम'का निम्नलिखित कवितासङ्ग्रहहरू प्रकाशित भएको देखिन्छ :

**झझल्को** (२०२५), **ढुङ्गाको मूर्ति** (२०२६), **हिमालको झर्ना** (२०२६),**शैलजा**(२०२८),**पत्थर हृदय** (२०२८), **माटो रम्छ** (२०२८), **भूईंको धुलो** (२०२९), **शुन्य शिला** (२०३१), **मेरो देश अनि म** (२०३१), **दर्शन** (२०३१), **संकल्प** (२०३२), र **हरेक पहर अनेक लहर** (२०३५) ।

रिमालका सिर्जनामा दुई धारा बगेको पाइन्छ । यौटा राष्ट्रिय भाव धारा र अर्को आधुनिक भाव धारा । उनीबाट राष्ट्रियभाव धारा होस् वा आधुनिक भाव धारा होस् उनको दुवै किसिमको रचनामा प्रायः गीतमा हुनुपर्ने लयात्मकता र सरलता पाइन्छ । पढ्दा पनि संगीत भएर गुञ्जित हुन्छ । उनको राष्ट्रिय भाव धारामा देशभक्ति र राजभक्ति बगेको देखिन्छ भने उनका आधुनिक गीत/कविताहरूमा बैशालु मनलाई छोइदिने भावनाहरू लगायत जीवनले भोगेको व्यथा, विरह र कारुणिकता लुकेका पाइन्छन् । खुसी, छटपटी, दुःख, पीर सबथोक उनका आधुनिक गीतिकवितामा भेटिन्छन् ।

२०२५ सालमा उनको राष्ट्रिय भावनाले आतप्रोत तेस्रो कृति छापिन्छ । जसको नाम **झझल्को** (कवितासङ्ग्रह) हो । यो कृतिको प्रकाशन नाट्यसम्राट बालकृष्ण समद्वारा भएको र यस सङ्ग्रहमा उनका ४० वटा राष्ट्रिय र आधुनिक गीतिकाव्यहरू संकलित रहेको दखिन्छ । राष्ट्रिय भाव धाराका रूपमा उनको यो पहिलो गीतिकवितासङ्ग्रह हो । देशलाई बनाउने, सुधार गर्ने र उन्नति गर्ने भावनाहरू बोकेको उक्त सङ्ग्रहमा कवि रिमाल आफ्नो राष्ट्रिय भावना यसरी पोख्छन्:

रिसराग कति नहोस्, हामी साथी-साथीमा
लक्ष्य यौटै रही रहोस्, हामी देशवासीमा
नबिर्स है कहिले पनि हाम्रो शुभकामना
लाखबाट जीन्दगीमा एकताको बन्दना ।

अनि हामीमा कति तागत हुन्छ, यौटै भावनामा कति आफ्नोपन हुन्छ, हामी रोए देश रुन्छ, हामी रुके धर्ती रुम्छ जस्ता भावनाहरू कवि व्यक्त गर्छन् –

बेला हो यो प्रगतिको शिखा नाप्नु पर्ने ।
हामी रोए देश रुन्छ, हँसाइ राख्नु पर्ने ।
हामी बढे देश बढ्छ, प्रगतिको पथमा ।
हामी रुके धर्ती रुक्छ आजको युगमा ।

एकताको बिगुल फुक्ने राष्ट्रवादी कविको यस सङ्ग्रहमा केही आधुनिक कविता पनि संकलित छन; जस्तै :

ती दिन फर्के ती रात फर्के तिमी भन फर्किनौ ।
बासलाई सम्भी ती सखी फर्के तिमी भन फर्किनौ ॥

२०२६ सालमा रिमालको चौथो कृति **ढुङ्गाको मुर्ति** (राष्ट्रिय गीतिकवितासङ्ग्रह) प्रकाशित भएको देखिन्छ । यस कृतिमा पनि उनको अघिल्लो कृति **भभल्को**मा जस्तै राष्ट्रिय भावधारा बगेको छ । तर अघिल्लो कृतिमा भन्दा यस कृतिमा उनको राष्ट्रिय भावधारा अभै स्पष्टरूपमा बगेको देख्न सकिन्छ,। रिमाल सगरमाथाको उपमा दिएर लेख्छन् –

स्वदेश हाम्रो नेपाली हामी छाया छ हिमालका
विश्वमा उच्च सगरमाथा हाम्रै छ विशाल यो ।

यस्तै भावनाहरूले ओतप्रोत भएर २०२६ सालमा नै उनको पाँचौ कृति **हिमालको भर्ना** कनकदीपद्वारा प्रकाशित भएको देखिन्छ । यस कृति सम्बन्धमा आफ्नो प्रकाशकीयमा कनकदीप लेख्नुहन्छ –'उहाँका कृतिहरूमा राष्ट्रियताकै भभल्को, लोकलयको प्रतिष्ठा र आत्माको मौलिकता पाई ज्यादै नै आकर्षित भएँ ।'

२०२८ सालमा उनको सातौ कृति **माटो रम्छ** प्रकाशित भयो । यस कृतिमा पनि उनका अघिल्ला कृतिहरूमा जस्तै राष्ट्रिय भावना चलमलाएका छन् । यस सङ्ग्रहमा नाट्य सम्राट बालकृष्ण समले रिमालको बारेमा लेख्नु भएको छ –'युग सुहाउँदो साहित्य हुनाले म

उहाँको राष्ट्रवादी भावना स्वच्छ एवं सुन्दर ठान्दछु । यस पुस्तकमा पनि राष्ट्रियता छ, राजभक्ति छ । देशभक्ति आदिका उही भावनाले प्रेरित भएर उहाँले लेख्नुभएको छ ।'

भैरवनाथ रिमाल 'कदम'का राष्ट्रिय गीतिकवितामा हिमालको बढी प्रयोग भएको पाइन्छ । हुन पनि हिमाल भनेपछि नेपालको गौरवमय कुरा हो । शिव र पार्वतीको निवास हो । नदीहरूको स्रोत हो । त्यसैले पनि नेपालको राष्ट्रियताको कुरा गर्दा हिमाल आउनु स्वभाविक हो । अतः रिमालका गीतिकवितामा धेरै ठाउँमा हिमाल आएको देखिन्छ । हिमाललाई विभिन्न रूपमा प्रयोग गरेका छन् । २०२८ सालमा रिमालको आठौँ कृतिको रूपमा प्रकाशित कृति हिमालकै नाम **शैलजा** रहेको देखिन्छ । यसभन्दा अघिल्लो उनको कृतिको नाम हिमालयको झरना रहेको थियो । जस्तो **शैलजा**मा उनी हिमाललाई यसरी प्रस्तुत गर्न पुग्छन् –

विशाल हिमालको फेदमुनि

तिम्रो राष्ट्रको सेवक भई बाँच

++ ++ ++

हिमालको स्वच्छ शीतल हावा भएर

प्रभातका शीतल झर्ना झैँ

पवित्र राष्ट्रवादीको भावनाले

गुराँस झैँ फुलेर तिमी यहाँ बाँच ।

रिमाललाई हिमाल प्यारो छ, नेपाल प्यारो छ, भाषा, जातजाति, धर्म, संस्कृति र अझ मान्छेको उन्नति र विकास प्यारो छ । उनका कवितामा यस्तै भावहरू भरिभराउ देखिन्छन् ।

हिमालप्रति यस्तो पवित्र भावना र दृष्टिकोण राख्ने भैरवनाथ रिमाल 'कदम'को २०२८ सालमा नवौँ कृति **पत्थर हृदय** प्रकाशित भएको देखिन्छ । यस कृतिमा उनमा राष्ट्रिय भावना र श्रृङ्गारिक भावनाका कविताहरू सङ्ग्रहित छन् । यस कृतिमा कलाकार एवं साहित्यकार लैनसिंह वाङदेलले लेख्नुभएको छ –'एक बिहान 'कदम' सँग मेरो भेट भयो । उहाँसित जब साहित्य, कला र संस्कृतिसम्बन्धी प्रसङ्ग उठ्यो, उहाँलाई एक उदीयमान तथा प्रतिभाशाली साहित्यिक कविको रूपमा पाएँ । मलाई ज्यादै खुसी लाग्यो । त्यतिमात्र हैन उहाँले संस्कृति र कलाको क्षेत्रमा पनि धेरै पौराणिक विषयहरू लिएर खोजी गरिसक्नु भएको रहेछ । मलाई लाग्छ यस्ता प्रतिभा भएका उहाँजस्ता साहित्यिक कविले हाम्रो हराउन लागेको नेपाली कलाका क्षेत्रमा पनि अझ धेरै अनुसन्धान गर्नु हुनेछ र राष्ट्रको सांस्कृतिक क्षेत्रमा ठूलो देन हुनसक्ने छ ।'

भैरबनाथ रिमाल 'कदम' ८/१० लाइन देखि ५५ श्रृङ्खलासम्मका लामा कवितासम्म लेख्ने क्षमता भएका कवि हुन् । २०२८ मा प्रकाशित उनको दशौँ कृति **गरिजा** यस्तै लामो कृति हो । **गिरिजा**लाई पुस्तकका पृष्ठको हिसाबले पनि उनका हालसम्म प्रकाशित कृतिमा मोटो कृतिकै रूपमा लिन सकिन्छ । राष्ट्रिय भावना प्रधान यो कृतिमा उनले राष्ट्र कल्याणका कुराहरू व्यक्त गरेका छन् । जस्तो **गिरिजा** मा लेख्छन् :

गुराँसका वासनामा तर्क वितर्क कविता रच्दै

मेरो देश अनि मप्रतिको भावना बगुन् ।

झुलुन याक र यतिको देश भरी मेरो आमाको काख भरी

मेरो सगरमाथाको विश्राम लिएको विन्दुको वरिपरी

हरिया परिया लहर लत्रेका झरीला वन भरी।

आफ्नो जन्मभूमिको आँगनमा ,

म दिल खोलेर किन नखेलु, किन ननाँचु, किन नहाँसु ।

कवि रिमाल स्वतन्त्र विचरण गर्न चाहन्छन् । आफ्नै आमाको काखमा खेल्न, हाँस्न र नाच्न चाहन्छन् । यस्तै भाव गंगामा बग्दै उनी लेख्छन् :

मेरो कलम मसीमा किन नचोपु

सरस्वती माताको चरण स्पर्श गर्दै किन नलेखुँ

गौरवको हिमालमा किन आरोहण नगराउँ

म दिल खोलेर बोल्न सक्छु ।

**गिरिजा** मा कवि रिमाल आफूभित्रको स्वाभिमान पोख्छन् । लेखक भित्रको साहस र निडरता अभिब्यक्त गरेको देखिन्छ अनि जस्तै संकट आएपनि दिल खोलेर बोल्नेकुरा गर्छन् र आफ्नो देशको प्रकृतिको बयान गर्छन् ।

**गिरिजा** काब्यमा कवि रिमालको राष्ट्रिय भावनाको गंगानै बगेजस्तो लाग्छ । वि. सं. २०२९ मा उनको एघारौँ कृति **विन्दु** प्रकाशित भएको देखिन्छ । सो कृतिमा पनि उनका राष्ट्रिय भावनाका रचनाहरू संकलित रहेको देखिन्छ । यसैगरी वि. सं. २०२९ मै उनको बाह्रौँ कृति **भूइँको धुलो** ( कवितासङ्ग्रह ) प्रकाशित भएको देखिन्छ । साथै राष्ट्रिय भावना लगायत यस कृतिमा उनका आशा, निराशा, सुख, दु:ख झल्कने भावनाहरू पनि रहेको देखिन्छ ।

भैरवनाथ रिमाल 'कदम' को २०३१ मा **राष्ट्रिय सवाई काव्य** प्रकाशित भएको देखिन्छ । यो उनको चौधौं कृति हो । उनलाई मनपर्ने कृति पनि हो । यो कृति तयार पार्दा उनले नेपालको धर्म, संस्कृति, इतिहास, प्रकृति, भूगोल आदिको बडो परिश्रम साथ अध्ययन गरेको देखिन्छ ।

रिमालको **राष्ट्रिय सवाई काव्य** यस प्रकारले उनको जीवनको लागि महत्वपूर्ण त छँदै थियो नै साथै यस काव्यमा उनले नेपालको धर्म, दर्शन, मन्दिर, गुम्बा, इतिहास, संस्कृति, परम्परा, प्रकृति, भूगोल, साहित्य, जडिबुटी आदि इत्यादि सबैको सवाई बनाएर प्रस्तुत गरेका छन् । नेपालको गौरवगान गाएको देखिन्छ । यसैले पनि रिमालका कृतिहरूमध्ये यो **राष्ट्रिय सवाई काव्य**को महत्वपूर्ण स्थान रहन गएको देखिन्छ । हुन त उनका यस भन्दन अघिल्ला कृतिहरूमा पनि राष्ट्रिय गौरबका कुरा, राष्ट्रिय उन्नतिका कुरा र राष्ट्रभक्तिका भावनाहरू नआएका होइनन् । तर यस 'राष्ट्रिय सवाई काव्य'मा उनको राष्ट्रभक्तिको स्वर प्रखर भएर ब्यापक अर्थमा आएको पाइन्छ । त्यसै कारणले पनि यो कृति उनका राष्ट्रिय भावनाका कृतिहरू मध्ये उत्कृष्ट बनेको छ । जस्तो उनले पौराणिक कालको यसरी सवाई लेखेका छन् :

शिवजीले शङ्क फुक्थे धर्म भूमि हुँदा
ब्रम्हनालमा ब्रम्हजीले तीलले भुइँ हुँदा
ईस्वरकै आशनले ढाकेको छ ठाउँ
देवस्थल ढाकी भाको नेपालको नाउँ ।

रिमालले हरेक विषयका सवाईमा गुराँस नाम दिएर क्रम मिलाएर राखेका छन् । उनको गुराँस २ मा सत्य, त्रेता, द्वापर युगको , गुराँस ३ मा सत्य र कामको, यसैगरी ४ मा द्वापरकालको, ५ मा कलिकालको, ६ मा सत्यकालको, ७ मा धर्मकार्यको, ८ मा भैरबको सवाई रचेको पाइन्छ भने यस्तैगरी देवी, घाट, नारायण, भगवती, नाथ, उत्पत्ति आदि विषयमा पनि सवाई बनाएर प्रश्तुत गरेको देखिन्छ । जस्तै :

'ने' मुनीको राजपद ग्वालालाई दिए
भुक्तमान राज पहिले नेपालमा थिए
राज गर्थे महर्षिको आज्ञा मन लिदै ।

यस्तै प्रकारले किरात, लिच्छवी, शाह, मल्ल आदि राजाहरूको चर्चा र कृतिहरूका पनि सवाई वनाएर प्रस्तुत गरेका छन् । जस्तै :

हाम्रो देश सानो छैन सुन्दर देश नेपाल

छैन भन्नु पर्दैन रे यसै नफाल
डाँडा काँडा नदीनाला अमूल्य छन ताल
चारैतिर पहाड छन् पर्वत र हिमाल ।

यसरी नै रिमालको सवाईमा भूमि, पानी, जंगल, जनावर, चरा आदिको पनि बर्णन पाइन्छ । साथै इतिहासका महत्वपूर्ण ब्यक्तित्वहरू पृथ्वीनारायण शाह, भीमसेन थापा, अमरसिंह, बलभद्र जस्ता वीरहरूका पनि गुणगान गाइएको पाइन्छ ।

२०३१ मा उनको पन्धौँ कृति **शून्य शिला** प्रकाशित भएको देखिन्छ । यसमा राष्ट्रभक्तिका काम र श्रृंगार रसको पूर्ण आशा निराशाका भावहरू संग्रहित भएको देखिन्छ । रिमालको यसरी नै २०३१ मै सोह्रौं कृति **मेरो देश अनि म** प्रकाशित हुन्छ । श्रृंखलाबद्ध लामो यस काव्यमा रिमालको पूर्ववत राष्ट्रिय भावनाहरू भरेको पाइन्छ ; जस्तै :

मेरो देश अनि म राष्ट्रिय अभिब्यक्ति दिएँ
यहाँ साहित्य धाराका रसमैँ अमृत बनाउन
उच्च शिखरको महिमा गाउँदै धरतीको सुन्दर आँगनमा
कैलाशको गौरीशंकर नाटक झैँ ।
यस्तै यस्तै राष्ट्रिय भावनाहरूले भरिपूर्ण ।

यस्तै २०३१ मा नै उनको सत्रौँ कृति **दर्शन** (कविता संग्रह) प्रकाशित भएको देखिन्छ । यस कृतिमा पनि रिमालका राष्ट्रिय भावनाले ओतप्रोत भएको पाइन्छ । २०३२मा उनको अठारौँ कृति **संकल्प** पनि प्रकाशित हुन्छ । यसमा पनि राष्ट्रिय भावनाहरू अभिब्यक्त भएको देखिन्छ । २०३३ मा उनको उन्नाइसौँ कृति **ने मुनिको सपना** (कविता संग्रह) प्रकाशित भएको देखिन्छ । यसमा पनि रिमालका राष्ट्रभक्तिका गीतिकविताहरू नै संकलित भएको पाइन्छ । २०३५मा उनको बीसौँ कृति **हरेक प्रहर अनेक लहर** (राष्ट्रिय कवितासङ्ग्रह) स्वर सम्राट नारायण गोपाल द्वारा प्रकाशित भएको देखिन्छ । यो कृति एकै बर्षमा चौथो संस्करणसम्म प्रकाशित भएको देखिन्छ ।

यसरी भैरबनाथ रिमाल 'कदम'ले कविता बिधामा उल्लेखनीय योगदान गरेको देखिन्छ ।

## ५.२ गीतिक्षेत्रमा दिइएको योगदान

नेपाली गीत लेखनको प्रारम्भ गर्ने श्रेय मोतीराम भट्टलाई दिइन्छ । त्यसपछि विभिन्न चरण पार गर्दै आधुनिक नेपाली गीत लेखन मौलाउँदै अगाडि बढ्दै आएको छ र गीतकारहरूले आफ्ना रचनाहरू विभिन्न माध्यमहरूबट जनसमुदाय बीच राख्ने गर्दै आएको देखिन्छ । २००७ को जनक्रान्तिपछि देखापरेका आधुनिक गीतिक्षेत्रका गीतकारहरू मध्ये भैरबनाथ रिमाल 'कदम' पनि हुन् । उनको २००९ सालमा आफ्नो पहिले गीत रेडियो नेपालबाट प्रसारित भएको देखिन्छ । त्यसपछि आजसम्म पनि रेडियो नेपाल र विभिन्न ठाउँमा उनको गीत रेकर्ड हुने गरेको पाइन्छ । संगीत कृष्णमान र गायक चिनियाँ राणाको स्वरमा रिमालको राष्ट्रिय गीत *करोडौँ हामी नेपाली* (२०२३) नामक गीत पहिलो पटक रेडियो नेपालमा रेकर्डिङ भएको देखिन्छ । त्यसपछि आजसम्म उनका ३१४ वटा आधुनिक गीत, १२६ वटा भजन, लोकगीत ७ वटा, र राष्ट्रिय गीत १७८ वटा गरी जम्मा ६२५ वटा गीत रेडियो नेपालमा रेकर्डिङ भैसकेका छन् । राष्ट्रिय गीततर्फ त रेडियो नेपालको रेकर्डमा उनले अग्रस्थान नै हासिल गरिसकेको पाइन्छ । यसरी रिमालले नेपाली गीतिक्षेत्रमा आफ्नै छुट्टै पहिचान कायम गरेर अटुट रूपमा  योगदान पुऱ्याउँदै आएको देखिन्छ । लामो समयदेखि गीति फाँटमा कलम चलाउँदै स्थापित हुनुहुने गीतकारहरूमा भैरबनाथ रिमाल 'कदम' पनि स्थापित गीतकारको रूपमा चिरपरिचित रहेको पाइन्छ । स्थापित गीतकारहरूमा किरण खरेल, भावुक, लक्ष्मण लोहनी, म.वी.वी. शाह, लगायत हरिभक्त कटुवाल, भूपि शेरचन, कालीप्रसाद रिजाल, रामलाल तृषित, भीम विराग, कृष्णप्रसाद पराजुली, दैवज्ञराज न्यौपाने, अम्बर गुरुङ, ईश्वर बल्लभ, नीर शाह, चेतन कार्की, बिश्वम्भर प्याकुरेल, रणजीत गजमेर, कृष्णहरि बराल,कञ्चन पुडासैनी, धर्मराज थापा, प्रदीप रिमाल, चाँदनी शाह, छिन्नलता आदि स्थापित गीतकारहरूका पङ्तिमा भैरबनाथ रिमाल 'कदम' पनि उभिएको पाइन्छ । यस प्रकार भैरबनाथ रिमाल 'कदम' पनि नेपाली गीतिक्षेत्रका गीतकारहरूमा एक परम्परा भैसकेको देखिन्छन् । उनका रेडियो नेपालमा ६२५ वटा गीतहरू रेकर्ड हुनुका साथै सी.डी. ९वटा र डिस्के रेकर्ड रत्न रेकर्डिङ बाट ७ वटा निस्किसकेका छन् । त्यसैगरी नेपाल टेलिभिजनमा उनको आधुनिक **राष्ट्रिय** भजन आदि गरी २७ वटा छायाँकन भैसकेको बुझिन्छ ।

## ५.३ लेख-रचनामा योगदान

२०४५मा भैरबनाथ रिमाल 'कदम' को एकाइसौँ कृति **भक्ति र समर्पण** (लेख-रचनाहरूको संगालो) प्रकाशित भएको देखिन्छ । यो कृतिबाट के प्रमाणित हुन्छ भने उनी काव्यका साथै लेख-रचनाहरू पनि लेख्छन् । धर्म, संस्कृति, इतिहास, कला साहित्य, समालोचना, निबन्ध, नाटक आदि पनि उनी लेख्छन् । सूचना विभागबाट प्रकाशित यो कृतिमा उपर्युल्लिखित विषयहरूका गहकिला लेख-रचनाहरू सङ्कलित भएका छन् ।

यस संग्रहका सम्बन्धमा लेखक रिमाल लेख्छन् -'हाम्रो हिन्दू राज्य नेपालमा हिन्दू धर्मको मर्यादा, राज्य र राजमुकुट प्रति अगाध आस्था, परम्परा र इतिहास माथिको अपूर्ण विश्वासलाई यी लेखहरूमा उतारेर जनमानसमा ल्याउने प्रयत्न गरेको छु ।'

यस भनाइबाट के बुझिन्छ भने उनी पक्का राष्ट्र चिन्तक र देशभक्त लेखक एवं कवि हुन् । उनका रचनाहरूमा राष्ट्र र राष्ट्रियताको भावना बगेका हुन्छन् । त्यसै पनि भन्न सकिन्छ भैरबनाथ रिमाल 'कदम' को लेखन प्रबृत्ति राष्ट्रप्रति झुकेको छ, राष्ट्रप्रति सचेत गराउने खालको छ ।

### ५.४ भजन लेखनमा योगदान

भैरबनाथ रिमाल 'कदम' भजन सुन्न र लेख्न ज्यादै रमाउँछन् । उनी भन्छन्,"मलाई अरु रचना गर्दा जति आनन्द आउँछ, त्यो भन्दा दोब्बर भजन रचना गर्दा आउँछ ।" भजनमा रमाउने, ईश्वरको पूजापाठमा डुब्ने रिमाल बिहान गीता पाठ गर्छन् । ईश्वरलाई मनमनै सम्झेर वस्छन् । 'कदम' का भजनहरूमा शिवमहिमा, राममहिमा, कृष्णमहिमा आदि देवी–देवताहरूका महिमा गाइएको भेटिन्छ । जस्तो एउटा भजनमा गणेशको महिमा गाउँदै उनी लेख्छन् :

मङ्गल दायका शान्त स्वरूप

दर्शन देऊ हे नाना रूप

भक्तिसाथ स्तुति गर्छु

तिम्रै चरण सामु पर्छु ।

सरल शब्दमा सर्वसाधारणहरूले स्पष्ट बुझ्ने भाषामा उनी भगवानको गुणगान गर्छन् ।

भैरबनाथ रिमाल 'कदम' ले लगभग १५० वटा भन्दा बढी भजनहरू लेखिसकेका छन् । तारादेवी, नातिकाजी, नुपुर भट्टाचार्य, फत्तेमान राजभण्डारी, कोइलीदेवी, प्रेमध्वज प्रधान, प्रकाश श्रेष्ठ, कृष्णमान डङ्गोल, ज्ञानु राणा, द्वारिकालाल जोशी, भक्तराज आचार्य, मिरा राणा, रचना जी.सी., संगीता शाक्य, भारतीय उपाध्याय, सपना परियार, पी. एल. श्रेष्ठ जस्ता अनेक बरिष्ठ गायकहरूले 'कदम' द्वारा लिखित भजनहरू गाई रेकर्ड गरिसकेको पाइन्छ । रेडियो नेपाल र अरु रेडियोहरूमा बिहान–बिहान बजाइने गरेका उक्त गीतहरू बजिरहेका हुन्छन् । **भगवान्, ढोका खोलीदेऊ !** उनको भजन संग्रह प्रकाशित छ । जसमा ५१ वटा भजनहरू संग्रहीत छन् ।

### ५.५ नाटक लेखनमा योगदान

भैरबनाथ रिमाल 'कदम'को छैटौं कृतिको रूपमा **विधिको विधान** नामक नाटक २०२६ सालमा कल्याण मासिक पत्रिकामा प्रकाशित भएको देखिन्छ । यो नाटक रेडियो नेपालबाट पनि प्रसारित भएको देखिन्छ । यस नाटकमा रिमालले जसले जस्तो कर्म गर्छ उसले त्यस्तै फल पाउँछ भन्नेकुरा मार्मिक रूपमा देखाएका छन् । यसरी नाटक लेखनमा पनि रिमालले योगदान गरेको पाइन्छ ।

### ५.६ लोकशैलीका गीत लेखनमा योगदान

भैरबनाथ रिमाल 'कदम' ले आधुनिक राष्ट्रिय भजनका साथै लोकगीत भाकामा पनि गीतहरू लेखेका छन् । उनको **वन बगर** गीत संग्रहमा लोकगीतका मालाहरू उनिएका पाइन्छन् । जसमा स्वदेश र स्वजातिको आफ्नैपनको भावना कुँदिएको पाइन्छ । जस्तो लोकभाकामा साँहिला र साँहिलीको गीत लेख्छन् कदम :

नलाऊ जोड जाउ साँहिला पर

नलाउ जोड हुँदैन भो कर

सप्तकोसी सुनकोसी तीरमा

बग्दै जाउ सलल भीरमा ।

'कदम' को ७/८ वटा लोकगीत लयबद्ध भई रेकर्डिङ भइसकेका पाइन्छन् । वास्तवमा लोक संस्कृति र लोकगीतमा सामाजिक परम्परा र जातीय मौलिकता छिपेको हुन्छ । 'कदम' लोकगीतको जन्म बारे भन्छन्, "मानिसको सृष्टिकाल देखिनै लोकगीतको जन्म भएको हो भन्ने तथ्य आजसम्म हाम्रो गाउँ घरमा चलिआएका कतिपय सांस्कृतिक रितिथितिहरूबाट थाहा पाइन्छ ।"

यस्तै भावनालाई आत्मसात गरेर 'कदम' गीत र कविताहरूका रचना गर्छन् । लोक धुकधुकी र साहित्यलाई बचाउन, त्यसलाई परिष्कार गर्न साधना गरिरहन्छन् । त्यसैले 'कदम' भन्ने पनि गर्छन्, "देशलाई अगाडि बढाउन साहित्यको बिशिष्ट योगदान रहे तापनि यसको सफलताको लागि अरु बढी तपस्या गर्न बाँकी नै छ ।"

समग्रमा कवि भैरवनाथ रिमाल कदम नेपाली साहित्यका स्वच्छन्दतावादी धारामा आधारित भएर कविता लेख्ने कविका रूपमा चिनिन्छन् । उनले नेपाली साहित्यमा आजसम्म तीनसय चौध वटा आधुनिक गीत एक सय छब्बीस वटा भजन सात वटा लोकगीत र एक सय अठहत्तर राष्ट्रिय गीत गरी छ सय पच्चीस वटा गीत रेडियो नेपालम रेकर्ड भएको पाइन्छ । यो पनि उनले नेपाली साहित्यमा दिएको योगदान हो । यसरी परिमाणात्मक रूपमा र गुणात्मक रूपमा विषय वैबिध्यलाई आत्मसात् गरी उनले नेपाली साहित्यमा महत्वपूर्ण योगदान दिएको देखिन्छ ।

# परिच्छेद : छ

## उपसंहार

वि. सं. १९९३ माघ २ गते सोमवारका दिन ठमेल गल्कोपाखामा जन्मेका भैरवनाथ रिमाल 'कदम' गोपीनाथ रिमाल र यमुनादेवी रिमालका छोरा हुन् । भैरवनाथ रिमाल 'कदम' का बाजे कृष्णप्रसाद रिमाल संस्कृत साहित्यका विद्वान थिए भने उनका पिता गोपीनाथ रिमाल केशरमहलमा सुब्बा थिए । त्यसकारण 'कदम'को बाल्यकाल सुखमय वातावरण बितेको देखिन्छ । कदमको प्रारम्भिक अध्ययन आफ्नै बाजे कृष्णप्रसाद रिमाल र बाजेका भानिज पण्डितराज सोमनाथ सिग्द्यालबाट भएको हो । उनी औपचारिक अध्ययनका लागि दरबार स्कूलमा पढ्न गएको सूचना पाइन्छ । तर बाबु गोपीनाथ रिमालले अर्की श्रीमती भित्र्याएपछि भने 'कदम'को १०/११ वर्षको उमेरबाट औपचारिक अध्ययनको समाप्ति हुन जान्छ । त्यसपछि 'कदम' आफ्ना सानोबुवा महाकवि लक्ष्मीप्रसाद देवकोटाको संरक्षणमा पुग्छन् र त्यहीँ देवकोटासित केही शिक्षा हासिल गर्दछन् । १४ वर्षको उमेरमा वि. सं. २००७ सालमा 'कदम'को खिलकुमारीसँग धार्मिक विधिविधान अनुसार वैवाहिक सम्बन्ध गाँसिन पुग्छन । २०१० सालमा उनको दुर्घटना हुन्छ र दुर्घटनाका कारण श्रवणशक्ति क्रमशः गुमाउन पुग्छन् ।

वि. सं. २०१६ सालमा रक्षा मन्त्रालयमा जागिर पाउनुभन्दा पहिला सामान्य ट्युसन पढाएर आफ्नो आजीविका चलाएका थिए । २०१६ साल पछि 'कदम'ले रक्षा, सूचना, मुद्रण, आदि कार्यलयमा लेखापालका रूपमा जागिरे भएर बसे । यसै बीचमा वि. सं. २०६० सालमा धर्मपत्नीको मृत्यु भएकाले उनी आफूलाई एक्लो भएको महसूस गरेका छन् । हाल उनी वि. सं. २०३२ सालमा खडा गरेको चावहिलको घरमा छोरा अभिषेकको संरक्षणमा जीवन बिताइरहेका छन् ।

'कदम'ले आफ्नो घरको साहित्यिक वातावरण र महाकवि देवकोटाको सान्निध्यमा पाएको साहित्यिक वातावरणबाट साहित्य साधना गर्ने प्रेरणा प्राप्त गरेका हुन् । यसै प्रेरणाको प्रभाव र प्रतिभाका कारण उनले कविता, गीत, नाटक र निबन्ध जस्ता साहित्यिक कृतिहरू लेखेका छन् । उनको साहित्यकार व्यक्तित्वका सम्बन्धमा हेर्दा कवि, गीतकार, नाटककार र निबन्ध लेखक जस्ता व्यक्तित्वका विविध पाटा देखा परेका छन् र 'कदम' मूलतः गीतकार व्यक्तित्वका रूपमा अझ बढी सुपरिचित देखिन्छन् । साहित्येतर व्यक्तित्वमा लेखक, जागिरे व्यक्तित्व जस्ता व्यक्तित्वका विविध पाटाहरू पनि उनमा अन्तर्निहित रहेको पाइन्छ ।

भैरवनाथ रिमाल 'कदम'ले २००५/०६ सालदेखि नै लेख्न सुरुगरे तापनि वि.सं. २००८ फागुन ७ गतेको गोरखापत्रमा *राष्ट्रिय दिवस* शीर्षकको कविता प्रकाशित गराएर

औपचारिक लेखनको प्रारम्भ गरेका हुन् । उनी त्यसपछि नेपाली साहित्यका गति, कविताका क्षेत्रमा निरन्तर साधनारत रहेका छन् । उनका रुन्छु म राती एक्लो गीत किशोरी देवीको स्वर र उस्ताद गोविन्द नेपालीको सङ्गीतमा २००९ सालमा **रेडियो नेपाल**बाट प्रसारित भयो । त्यसपछि रेडियो नेपालमा उनका ६२५ वटा गीतहरू रेकर्डिङ भइसकेका देखिन्छ । उनका साहित्यिक रचनाहरू रेकर्डिङ हुनुका साथै विभिन्न पत्रिका तथा पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका देखिनछन् । यसैक्रममा उनको २५ वटा पुस्तकाकार कृति प्रकाशनमा आएका छन् । त्यसैगरी **आफ्नै कथा**, **कदमका गीतहरू**, **मेरो देश अनि म**, '**भजन माला, आफ्नै गीत** जस्ता श्रव्य क्यासेट र ९ थान सी. डी. तथा ७ थान डिस्क रेकर्ड पनि भइसकेका छन् । उनको लेखनमा जीवनवादी, प्रकृतिप्रेमी, रष्ट्रभक्ति, मानवतावादी र पूर्वीय संस्कृति तथा सभ्यताका पक्षधरता जस्ता विशेषता रहेको देखिन्छ ।

'कदम'को ५७ वर्षे लामो सहित्यिक यात्रामा १ वटा नाटक, ५ वटा काव्य र २९ वटा कवितासङ्ग्रह जस्ता कृतिहरू प्रकाशित छन् । यी कृतिहरूमा 'कदम'ले राष्ट्रभक्ति भावना, प्रकृतिप्रेमको भावना आध्यात्मिक भावना, प्रेम प्रणयको भावना र मानवतावादी भावना का साथै राजभक्तिका भावनाहरू मुखरित भएर आएका छन् । 'कदम'ले लेखेका रचनाहरूमा सामाजिक विकृतिको विरोध र आदर्श समाजको कामना नै मुख्य भावका रहेको देखिन्छ । 'कदम'का राष्ट्रिय गीतहरूमा राष्ट्रिय भावना, आधुनिक गीतमा जीवन भोगाइका भाव-अभावका प्रतिच्छापहरू प्रतिबिम्बित भएका भावना र नाटकमा आदर्शवादी भावना व्यक्त भएका छन् । उनको एकमात्र निबन्धात्मक कृति **भक्ति र समर्पण**मा आफ्ना अध्ययन साधना र जीवन भोगाइबाट सिर्जित अनुभवहरू व्यक्त भएका छन् । 'कदम'ले सधैं आफ्ना कृतिमा असल नागरिक बन्ने र देशको सेवा गर्नुपर्छ भन्ने सन्देश दिएका छन् । यसका साथै 'कदम'का कवितात्मक, गीतात्मक कृतिमा आलङ्कारिक भाषाशैली, विभिन्न अलङ्कार बिम्ब तथा प्रतीकको प्रयोगका साथै विविध लय प्रयोग गरेको देखिन्छ ।

भैरवनाथ रिमाल 'कदम'को योगदान र त्याग तपस्याको कदर गर्दै समय समयमा सम्मान र पुरस्कारहरू प्रदान गरिएको छ । रेडियो नेपालको आधुनिक गीत तर्फ २०४३ सालको सर्वश्रष्ठ पुरस्कार र **छिन्नलता गीत पुरस्कार** (२०५२) लगायत ९ वटा विशिष्ट पुरस्कारहरू प्राप्त गरेका छन् । रेडियो नेपालको सम्मानित श्रेणीको गीतकारमा २०५४मा स्थापित भई सम्मनित भएका छन् भने **त्रिशक्ति पट्ट** (पाँचौं)', **गोरखा दक्षिण बाहु** (पाँचौं), **गद्दी आरोहण पदक**, **दीर्घ सेवा पदक**, **जनसेवा पदक**, **वीरेन्द्र स्वर्ण पदक**, र **ऐश्वर्य स्वर्ण पदक** जस्ता मान तथा पदकले उनको साहित्य साधनाको क्षमतालई झल्काउँछ ।

'कदम'का समग्र कृतिहरूको विवेचना पछि के निष्कर्ष निकाल्न सकिन्छ भने 'कदम' मूलतः गीतकार र कवि हुन् । त्यसपछि मात्र समालोचक र नाटककार हुन । गुणात्मक र सङ्ख्यात्मक दृष्टिले उनका सबै साहित्यिक विधाहरू कमजोर तथा गुणस्तरहीन भने छैनन् ।

गीतहरू उत्कृष्ट नै छन् । अहिलेसम्मको अध्ययनबाट उनलाई नेपाली साहित्यमा स्थापित गर्ने र उनले नेपाली साहित्यलाई योगदान दिएका विधा कविता, गीत, समालोचना र नाटक हुन् । अतः 'कदम' सक्षम राष्ट्रिय भावनाले ओतप्रोत गीत र कवित रचना गर्ने र प्रेम प्रणयका गीत तथा कविता रचना गर्ने सिद्धहस्त गीतकार हुन् ।

**भावी अध्ययनका पक्षहरू :**

भैरवनाथ रिमाल 'कदम'का बारेमा यस शोधपत्रमा जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन भएको छ । यसमा 'कदम'का कृतिहरूको सामान्य अध्ययन भएको छ । यसभन्दा बाहेक विस्तृतरूपमा 'कदम'का कृतिका बारेमा अध्ययन हुन सक्ने देखिन्छ । अतः 'कदम'का कृतिका बारेमा भावि अध्ययनका लागि केही पक्षहरू हुन सक्नेछन् :

१ भैरवनाथ रिमाल 'कदम'का गीतकारिता

२ भैरवनाथ रिमाल 'कदम'को काव्यकारिता

३ भैरवनाथ रिमाल 'कदम'का कृतिमा राष्ट्रभक्ति

४ भैरवनाथ रिमाल 'कदम'का कृतिमा प्रकृतिप्रेम

## सन्दर्भ सामाग्री सूची


१. अधिकारी बुद्धिनाथ **रमेश गोर्खालीको जीवनी र व्यक्तित्व एवं कृतित्वको विश्लेषण र मूल्याङ्कन्,** अप्रकाशित स्नातकोत्तर, शोधपत्र, चितवन, वीरेन्द्र बहुमुखी क्यम्पस, २०५६ ।

२. घिमिरे प्रकाश **केदार सत्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवं विश्लेषण,** अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रिय विभाग कीर्तिपुर,२०६६ ।

३. भण्डारी, कैलाश **साहित्कार भैरवनाथ रिमाल 'कदम'**काठमाडौंः सुगन्धप्रकाशन,२०५६।

४. .................. **'स्रष्टाहरूको दृष्टिमा भैरवनाथ रिमाल 'कदम'** काठमाडौंः सुगन्ध प्रकाशन, २०६३ ।

५. रिमाल भैरवनाथ, **भैंचम्पा,** काठमाडौंः, (२०११) लेखक स्वयं ।

६. .................. **झझल्को,** काठमाडौंः सम प्रकाशन ज्ञानेश्वर, २०२५ ।

७. .................. **ढुङ्गाको मूर्ति,** काठमाडौंः सम प्रकाशन ज्ञानेश्वर, २०२६ ।

८. .................. **विधिको विधान**, कल्याण काठमाडौंः लेखक स्वयं ।

९. .................. **माटो रम्छ** काठमाडौंः श्रीराम ढुङ्गाना, २०२७ ।

१०. .................. **शैलजा**, काठमाडौंः राजेन्द्र वि.के.सी., २०२८ ।

११. .................. **विन्दु** काठमाडौंः मङ्गलदेव परिवार, २०२९ ।

१२. .................. **भुइँको धुलो,** काठमाडौंः प्रेमराज डंगोल, २०२९ ।

१३. .................. **लोली** काठमाडौंः भुवन थापा, २०३१ ।

१४. .................. **राष्ट्रिय सवाई काव्य**, काठमाडौंः भुवन थापा, २०३१ ।

१५. .................. **शून्य शिला**, काठमाडैंः शकुन्तला गुरुङ्ग, २०३१

१६. .................. **मेरो देश अनि म,** काठमाडौंः भुवन थापा, २०३१ ।

१७. .................. **दर्शन**, काठमाडौंः भारती उपाध्यय, २०३१ ।

१८. .................. **नेमुनिको सपना**, काठमाडौंः मङ्गलदेव परिवार, २०३३ ।

१९. .................. **हरेक प्रहर अनेक लहर,** काठमाडौंः नारायणगोपाल,२०३५ ।

२०. .................. **भक्ति र समर्पण** काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय सूचना विभाग, २०४५ ।

२१. .................. **जिन्दगीको पानाभरि,** काठमाडौंः रमेश बाबु वाग्ले, २०५२ ।

२२. .................. **जिन्दगीका धुजाहरू,** काठमाडौंः रमेश बाबु वाग्ले, २०५२ ।

२३. .................. **कहाँ छैन आँसु,** विराटनगरः वाणी प्रकाशन, २०५५ ।

२४. .................. **भगवान, ढोका खेली देऊ**, सम्पादकः **कैलाश भण्डारी** सुगन्ध मासिक, (वर्ष ३३, पूर्णाङ्क २२४,) २०६१ ।

२५. लुईटेल, डा.खगेन्द्रप्रसाद,**कविता सिद्धान्त र नेपाली कविताको इतिहास,**काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

## परिशिष्ट

### शोधनायक भैरवनाथ रिमालसँग शोधार्थीले लिएको अन्तर्वार्ताको विवरणः

शोधार्थीः तपाईंको पैत्रिक थलो कहाँ हो ?

शोधनायकः मेरो पैत्रिक थलो काठमाडौं, ठमेल गल्कोपाखा हो ।

शोधार्थीः तपाईंको पारिवारिक पृष्ठभूमि बताइदिनुहोस् न !

शोधनायकः मेरो बुवाको नाम गोपीनाथ रिमाल र आमाको नाम यमुनादेवी रिमाल हो । मेरो हजुरबुवाको नाम कृष्णप्रसाद रिमाल हो ; उहाँले नै मलाई कलम समाउन सिकाउनु भएको हो । आज उहाँहरू यस संसारमा हुनुहुन्न । मेरो बुवाले अर्की आमा ल्याएपछि म र मेरी आमा सानोबुवा (आमाकी बहिनीको श्रीमान) लक्ष्मीप्रसाद देवकोटाको घरमा शरण लिन गयौं । वि.स. २००७ सालमा मेरो विवाह खिलकुमारीसँग भयो । वि.स. २०३२ सालमा चावहिल वडा नं. ७ बुलबुलेमा आफ्नै घर बनाइयो र हालसम्म यहीं बसिरहिएको छ । मेरा अहिले चार छोरीहरू मीरा, शोभना, रेखा र अम्बिका अनि एक छोरा अभिषेकको हेरचाहमा दिन बिताइरहेको छु ।

शोधार्थीः तपाईंको बाल्यकाल र शिक्षादीक्षा कस्तो रह्यो ?

शोधनायकः मेरो बाल्यकाल मेरो बुवाले अर्की श्रीमती नल्याउन्जेल सुखका साथ बितेको थियो । म १०/११ बर्षको हुँदा मेरो बुवाले अर्की आमा ल्याएपछि मेरा दुःखका दिनहरू शुरुहुन थाले । मेरी सौतेनी आमा उमादेवीले दिएको दुःखले म ज्यादै चिन्तित र मर्माहत भएको थिएँ । त्यसैले म र मेरी आमाले बाल्यकालमा नै घर छोडेर सानोबुवा लक्ष्मीप्रसाद देवकोटाको शरणमा जानुपरेको थियो । मेरा वाजे पण्डित कृष्णप्रसाद रिमाल संस्कृत साहित्यका विद्वान भएकाले सर्वप्रथम मैले आफ्नै घरमा बाजेबाट शिक्षा पाएको थिएँ । त्यसपछि मेरा बाजेका भानिज पं. राज सोमनाथ सिग्देलबाट पनि ९/१० बर्षको उमेरसम्म शिक्षा-दीक्षा पाएँ । पछि दरवार स्कुलमा गएर पढेको थिएँ । तर पनि मेरा बाजे र पं. राज सोमनाथ सिग्देलबाट प्राप्त गरेको शिक्षा-दीक्षा नै मेरो जीवनको मुख्य शिक्षा-दीक्षा हो ।

शोधार्थीः तपाईंले विवाह कोसँग कहिले गर्नुभयो र दाम्पत्य जीवन कस्तो रह्यो ?

शोधनायकः मेरो वि.सं. २००७ सालमा खिलकुमारीसँग धार्मिक विधि विधानअनुरूप विवाह सम्पन्न भयो । मेरो दाम्पत्य जीवन सरल, सुखमय किसिमले वितेको थियो । मेरी श्रीमतीले मलाई हरेक काममा सक्दो सहयोग गर्थिन् ।

शोधार्थी: विवाह गर्दा तपाइँ कति बर्षको हुनुहुन्थ्यो ?

शोधनायक: विवाह गर्दा म १४ बर्षको थिएँ ।

शोधार्थी: तपाइँको पारिवारिक आर्थिक अवस्था कस्तो छ ?

शोधनायक: बुवाले अर्की आमा ल्यएपछि म र मेरी आमा सानोबुवा लक्ष्मीप्रसाद देवकोटाकोमा बस्न थाल्यौं । देवकोटाकै सहयोग र सद्भावले मैले ट्युसन पढाउने काम गरेर आफ्नो आजीविका चलाउन शुरु गरेको थिएँ । पछि आफ्नै खुट्टामा उभिन सक्ने भएपछि हाँडीगाउँ विशालनगरमा डेरा गरी बस्न थालें । वि.सं. २०१६ सालदेखि रक्षा मन्त्रालयमा जागिर खाएँ । ३३ बर्षसम्म जागिर खाइयो । आफूले कमाएर चाबहिल बुलबुलेमा आफ्नै घर बनाइयो । अहिले मेरो पेन्सन आम्दानीको एउटा स्रोत बनेको छ । छोरा बुहारीले आफ्नै घरमा पसल चलाएका छन् । हाल मलाई र मेरो परिवारलाई खानलाउन दुःख छैन ।

शोधार्थी: तपाइँको रुचि कस्तो छ ? अथवा तपाइँलाई मनपर्ने र मननपर्ने कुरा के-के हुन् ?

शोधनायक: मलाई समाजसेवा लगायत साहित्यमा रुचि छ । साहित्यका सवै विधा उत्तिकै मन पर्छन् । त्यसमा पनि कविता विधा चाहिँ धेरै नै मनपर्छ । लक्ष्मीप्रसाद देवकोटा, वालकृष्ण सम् र लेखनाथ पौड्यालका कविता कृतिहरू धेरै नै मनपर्छ । मलाई खेलकुदमा त्यत्ति रुचि छैन । खानेकुरामा सबैभन्दा मनपर्ने दाल, भात र चमसुर पालुङ्गो छन् । लगाउनमा बासन्ती रंगको कमिज र सुरुवाल मनपर्छ ।

शोधार्थी: तपाइँको स्वभाव कस्तो छ ?

शोधनायक: म सवैजनासँग समान व्यवहार गर्न चाहन्छु । सवैसँग मिलेर वस्ने, दुःखसुखमा साथ दिने मेरो बानी छ । म सधैं विहानै उठेर भागवत जस्ता धार्मिक ग्रन्थको पाठ गर्ने गर्दछु ।

शोधार्थी: तपाइँलाई साहित्य लेखनमा प्रेरणा कसरी मिल्यो ?

शोधनायक: मेरी आमा भजन गुनागुनाउनु हुन्थ्यो । म ध्यान दिएर सुन्थैं । यसरी साँझ बिहान आमाबाट भजन सुन्दासुन्दै नै मैले २००५/२००६ सालतिर कविता लेख्न थालेको हुँ । साथै कविशिरोमणि लेखनाथ पौड्यालसँग लैनचौरमा सँगै गाई चराउन जाँदा चिनजान भएर उहाँको प्रेरणावाट पनि मैले कविता लेख्न थालेको हुँ ।

शोधार्थी: तपाइँको व्यक्तित्वलाई चिनाउने चिनारी के के छन् ?

शोधनायक:	म एउटा कवि तथा गीतकार हुँ। त्यसपछि मलाई चिनाउने अन्य चिनारीमा अडिटर व्यक्तित्व, समाजसेवी व्यक्तित्व आदि हुन्।

शोधार्थी:	मलाई आफ्नो बारेमा यति सूचना दिएर सहयोग गर्नुभएकोमा धन्यवाद।

शोधनायक:	तपाईंलाई पनि मेरो तर्फबाट धेरै धेरै धन्यवाद।